
अंक ३

THE VOICE OF TRUTH INTERNATIONAL

# सत्यवाणी
# नेपाल



| 5 Law | 12 History | 5 Poetry | 5 Major Prophets | 12 Minor Prophets | 4 Life of Christ | 1 History | 21 Epistles | 1 Prophecy |
|---|---|---|---|---|---|---|---|---|
| Genesis | Joshua | Job | Isaiah | Hosea | Matthew | Acts | Romans | Revelation |
| Exodus | Judges | Psalms | Jeremiah | Joel | Mark | | 1 Corinthians | |
| Leviticus | Ruth | Proverbs | Lamentations | Amos | Luke | | 2 Corinthians | |
| Numbers | 1 Samuel | Ecclesiastes | Ezekiel | Obadiah | John | | Galatians | |
| Deuteronomy | 2 Samuel | Song of Solomon | Daniel | Jonah | | | Ephesians | |
| | 1 Kings | | | Micah | | | Philippians | |
| | 2 Kings | | | Nahum | | | Colossians | |
| | 1 Chronicles | | | Habakkuk | | | 1 Thessalonians | |
| | 2 Chronicles | | | Zephaniah | | | 2 Thessalonians | |
| | Ezra | | | Haggai | | | 1 Timothy | |
| | Nehemiah | | | Zechariah | | | 2 Timothy | |
| | Esther | | | Malachi | | | Titus | |
| | | | | | | | Philemon | |
| | | | | | | | Hebrews | |
| | | | | | | | James | |
| | | | | | | | 1 Peter | |
| | | | | | | | 2 Peter | |
| | | | | | | | 1 John | |
| | | | | | | | 2 John | |
| | | | | | | | 3 John | |
| | | | | | | | Jude | |

# God Builds His People

## The Story of Abraham




Genesis 11:10 - 25:18



Abraham and his wife Sarah, lived in Ur in the land of the Chaldeans. Abraham was a faithful man of God. One day God told Abraham to take all his family and belongings and leave Ur.

# शुद्ध मण्डली
## एफिसी ५:२५-२७

### परमेश्वर यस्तो चाहनुहुन्छ।




**उद्धार पाएकाहरु मण्डली हुन्छन्।**
- प्रेरित २:४७
- १ कोरिन्थी १२:१३

**उद्धार पाएकाहरु शुद्ध हुन्छन्।**
- १ पत्रुस १:२२
- १ कोरिन्थी ६:९-११

**शुद्ध रहनै पर्छ।**
- मत्ती ५:१३-१६
- १ यूहन्ना १:७

### पापले मण्डलीमा दाग लाग्छ।




**गलतलाई पुर्नस्थापना गर्छ।**
- मत्ती ६:१
- मत्ती १८:१५-१७

**कसैले जानजानी पाप गर्छ ।**
- हिब्रू १०:२६
- २ पत्रुस २:२१-२२

**अलग्गै हुनुपर्छ ।**
- २ थेसलोनिकी ३:६
- रोमी १६:१७

### परमेश्वरले यसलाई शुद्ध पार्नु हुन्छ।




**मण्डली पुन शुद्ध छन्।**
- १ कोरिन्थी ५:६
- एफिसी ५:२७

**राम्रो प्रतिष्ठा छन्**
- प्रेरित २:४६-४७
- प्रेरित ५:११,१४

**परमेश्वरको महिमा भएको छ।**
- एफिसी ५:२१
- १ तिमोथी ३:१५

# “अव किन तपाई पर्खनुहुन्छ?” प्रेरित २२:१६



**कोहीकोही आज्ञाकारीतामा विलम्व गर्नुहुन्छ किनभने**

- **तिनीहरुले बुझ्दैनन ।**
  (यूहन्ना ८:४४-४५; मत्ती २८:१९; प्रेरित ८:३०-३९)
- **तिनीहरुले आवश्यकता देख्दैनन् ।**
  (रोमी ३:२३; गलाती ३:२२) ।
- **तिनीहरु संसारिक मोजमस्तीमा छन ।**
  (यूहन्ना १२:४२-४३; मत्ती १०:३४-३९; गलाती १:१०) ।
- **तिनीहरुले पक्रिरहेको कुरामा पक्का भरोसा छैन् ।**
  (प्रकाश २:१०; मत्ती ११:२८; १ कोरिन्थी १०:१३; १ पत्रुस ५:७)
- **तिनीहरुले मूल्यलाई निकै ठुलो देख्छन्**
  (हितोपदेश २२:२३; मर्कूस ८:२६-३८; हिब्रू ११:२४-२६)
- **तिनीहरुले भोलिको बारे सोचिरहन्छन् ।**
  (हितोपदेश २७:१; २ कोरिन्थी ६:२; याकूव ४:१३-१५) ।

**पावलले ढिला गर्नु भएनन्...**

**उनले आज्ञा पालन गरेर खीष्टियन भए ।**

# The Voice of Truth International

**Staff:**

Editor : Byron Nichols
Associate Editor : Jerry Bates
: Louis Rushmore

**ENGLISH EDITION IN INDIA AND BRAILLE EDITION:**
**Managing Editors:**
Philemon Rajah & Kingsly Rajah

**TELUGU EDITION:**
**Managing Editor, Translator:**
Joshua Gootam

**TAMIL EDITION:**
**Managing Editor, Translators:**
Benny Martin, S. Rajanayagam

**HINDI EDITION:**
**Managing Editor:**
Earnest Gill

**PAITE EDITION:**
**Managing Editor:**
Thang Lien

**NEPALI EDITION:**
**Nepal Center for Biblical Study**

**SPANISH EDITION:**
**Managing Editor:**
Rafael Barrantes

**MARATHI EDITION:**
**Managing Editor:**
Amul Bansod

Printed and Published in Nepal by:

**Nepal Center for Biblical Study**
**Seraphat, Chapagaon,**
**Godawari Municipality-11,**
**Lalitpur, Nepal**
E-Mail: ncbs2010@gmail.com

Computer Lay-out/Printing
**Dachhin Lalitpur Offset Press**
Chapagaon, Lalitpur
<dloffsetpress@gmail.com>
9841505969

**Publisher:**
The Voice of Truth Nepal
P.O.Box: 25999
Kathmandu, Nepal

Please send Nepali articles for publication to Gajendra Deshar
E-mail:
**<gajendra_deshar@yahoo.com>**
**<Ncbs2010@gmail.com>**

कृपया आफ्ना लेखहरु छन भने
प्रकाशनको निम्ति माथीको
इमेल र पोष्ट बक्समा
पठाउनु हुन विनम्र
अनुरोध गर्दछौ ।

**THE VOICE OF TRUTH INTERNATIONAL** is published by churches of Christ as non-profit effort. Write to us at World Evangelism, P.O.Box 72, Winona, Mississippi, 38967, USA. Phone: 662-283-1192; Email address: Choate@worldEvangelism.org.
**THE CHURCHES OF CHRIST SALUTE YOU** (Romans 16:16)

# विभिन्न प्रकारका कामहरु

सबै मानिसहरुको जीवनमा काम धेरै महत्वपूर्ण हुन्छन् । हामी बिहान उठेदेखि राती नसुतेसम्म केही न केही काम गरेर बसिरहेका हुन्छौं । कामले हाम्रो जीवन संचालनलाई क्रियाशिल बनाइ राखेको हुन्छन । बाइबलले हामीलाई विभिन्न प्रकारका कामहरुको बारेमा जानकारी दिएका छन् ।

उद्धार मुक्तिमा बिभिन्न कुराहरु समावेश छन् भनी बाइबलले भन्दछ । कोही मानिस पापबाट बचाइनको निम्ति खीष्टको रगत, अनुग्रह, विश्वास, आशा, आज्ञापालन, बप्तिस्मा, सबै एकैसाथ रहने जस्ता कुराहरु सम्लग्न हुन्छन् । त्यस्तै गरी कर्मद्धारा हाम्रो उद्धार भयो भनी बाइबलले हामीलाई भन्दछ (याकूव २:२४) । त्यसको साथै कर्मद्धारा हाम्रो उद्धार भएको होइनन् भनी फेरी बाइबलले भन्दछ (एफिसी २:८,९) । यसको मतलव बाइबलमा धेरै प्रकारका कामहरुको बारे उल्लेख गरेका छन् । मानिसहरुले गरेका विभिन्न कार्यहरुको बारेमा नयाँ नियममा अभिलेख गरेका त्यस्ता केही चाखलाग्दो कुराहरुलाई हेरौ । उद्धार मुक्तिमा कामको भूमिकालाई हामी बुझ्न सक्छौं । आउनुहोस् पाँच प्रकारका कामहरुलाई बाइबलबाट नियालौं:

(१) **पाप-स्वभावका कामहरु:**
शारीरिक पाप स्वभावका इच्छाहरुले धेरै मानिसहरुको जीवनलाई अधिनमा पारेको छ । तिनीहरुले गरेका कामहरुले देखाउँदछ कि तिनीहरुले आफ्नो जीवनलाई अनुशासनमा राखेको छैनन् । गलाती ५:१९-२१ ले यस्ता पाप स्वभावका कामहरुको बारेमा उल्लेख गरेका छन् । पाप स्वभावका कामहरु प्रत्यक्ष छन्, जो यी नै हुन्– व्यभिचार, अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैझगडा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गटबन्दी, डाह, पियक्कडपन, मोजमज्जा र यस्तै अरु, जसका विषयमा म तिमीहरुलाई चेतावनी दिन्छ, र अघि पनि दिएकै हुँ । जस-जसले यस्ता कामहरु गर्दछन्, परमेश्वरका राज्यमका हकदार बन्नेछैनन् । अरु धेरै दुष्ट कामहरुको बारेमा सोच्नुहोस् । फिलिप्पी ३:१८,१९ ले भन्दछन् कि तिनीहरु खीष्टका क्रूसका शत्रुहरु हुन्, पेट तिनीहरुको ईश्वर हो, आफ्ना शर्ममा गौरव गर्दछन् र तिनीहरुका मन संसारिक कुरामा लागिरहन्छ । पावलले गलाती ५:२१ मा उल्लेख गरे अनुसार त्यस्ता मानिसहरु परमेश्वरको राज्यका हकदार बन्नेछैनन् । यस्ता कार्यहरुले धर्मी ठहऱ्याउँदैनन तर दोषी ठहऱ्याउँछ ।

(२) **मोशाका व्यवस्थाका कामहरु:**
मोशाको व्यवस्थालाई पालन गर्न असफल हुँदा धर्मी नठहरिएको हो भनी पावलले रोमी ३ अध्यायमा भन्दछ । व्यवस्थाले मानिसलाई खीष्टसम्म ल्याउँदछ तर खीष्ट पछि व्यवस्था रद्द गरियो । व्यवस्थामा कमी कमजोर थियो । खीष्टले व्यवस्थालाई क्रूसमा टाँगियो । व्यवस्थाका कामहरु गरेर कोही

मानिसहरुपनि धर्मी ठहरिदैनन् । अलगग गरिएका व्यवस्थाका कामहरु गरेर तिमीहरु ख्रीष्टको अनुग्रहबाट तल खसेका छौ (गलाती ५:४) । यसकारण फेरी पनि व्यवस्थाका कामहरुद्धारा धर्मी ठहरिदैनन, तर आशा विना ख्रीष्ट बाहिर हुन्छन् ।

**(३) मानिसहरुले देख्ने गरी गर्ने काम:**

फरिसीहरुले यस्ता निश्चित कामहरु गर्छन, तर मानिसहरुले देखोस् भन्ने तिनीहरुको मनसाय थियो भनी मत्ती २३:५ ले भन्दछ । यस्तो प्रकारको लाजमर्दो कामको मनसाय हुनु दु:खको कुरा हो । मानिसहरुको प्रसंसा पाउनको निम्ति कोही मानिसहरुले दान दिन्छन्, प्रार्थना गर्छन र उपवास बस्छन् भनी मत्ती ६ अध्यायले भन्दछ । परमेश्वरले मानिसहरुको हृदय जान्नुहुन्छ । तिनीहरुले गरेका कामहरु धेरै तरीकाबाट असलै भएता पनि त्यस्ता कामहरुको इनाम भनेको मानिसहरुद्धारा प्रसंसा पाउनु हो । यस्ता प्रकारका कामहरुद्धारा मानिसहरुमा घमण्ड पैदा हुन्छ । यस्ता कार्यहरुद्धारा मानिसहरुलाई धर्मी बनाउँदैनन् ।

**(४) योग्यताका कामहरु:**

कोही मानिसहरुले आफ्नै मार्गहरुद्धारा धार्मिकता कमाउन सक्दैनन् अर्थात स्वर्गसम्म पुग्न सक्दैनन् । हामीले अनुग्रहबाट विश्वासद्धारा उद्धार पाएको छौ, कुनै योग्य कामहरुद्धारा होइन् । हामीले यसमा घमण्ड गर्ने कारण छैनन् । हाम्रा आफ्नै धार्मिकताका कार्यहरुद्धारा होइन्, तर प्रभुको कृपाद्धारा उद्धार मुक्ति आउँछ (तीतस ३:५) । असल कार्यहरु गर्नै पर्छ (गलाती ६:१०) तर असल कार्यहरु आफैले उद्धार ल्याउँदैनन् । उद्धार मुक्तिको कारणले गर्दा असल कार्यहरु गर्छन्, तर केवल उद्धार मुक्तिको निम्ति मात्र असल कामहरु होइनन् । त्यस्ता कामहरुमा पापलाई पखाल्न सक्ने शक्ति हुँदैनन् ।

**(५) विश्वासको काम:**

यहाँ यस्ता कामहरु छन् जसले मानिसलाई धर्मी बनाउँछन् । विश्वास जसमा आज्ञापालनको काम समावेश छन् भने त्यो लाभदायक हुन्छन् (गलाती ५:६) । आज्ञाकारीताको विश्वासले धर्मी बनाउँछन् भनी याकूव २:२४ ले भन्दछ । नम्रताको हृदयद्धारा आउने कार्य र परमप्रभुका हरेक आज्ञाहरुमा आज्ञाकारीताले मानिसलाई धर्मी बनाउँछन् । हरेक मानिस परमप्रभुको अनुग्रह र व्यवस्थामा आधारित सर्तहरुसँग मिल्नुपर्छ । याद गरौ हामीले गर्ने सबै कामहरुद्धारा हामीले लेखा दिनु पर्छ ।

आउनुहोस्, सबै मानिसहरुले परमेश्वरमा ग्रहणयोग्य कामहरु गरौ । पाप स्वभावका कामहरु, मोशाका व्यवस्थाका कामहरु, मानिसहरुलाई प्रशन्न तुल्याउने गरी गर्ने कामहरु र आफ्नै योग्यता अनुसारको काम गरेर परमेश्वरमा कोही पनि धर्मी ठहरिदैनन् । परमेश्वरमा गरिएको विश्वास र त्यही विश्वास अनुसारको आज्ञापालनको काम गरेका छौ भने मात्र उहाँमा मानिसहरु धर्मी ठहरिन्छ । उद्धार पाउनको निम्ति सबै मानिसहरुले गर्नै पर्ने काम भनेको विश्वास अनुसारको काम हो ।

के तपाईले विश्वास अनुसारको काम गरिराख्नु भएको छ?

- सम्पादक

# विषय सुची

**विषय** **पाना नं.**


### परमेश्वर

सर्वज्ञानी परमेश्वर............ ८
येशू र स्त्री............ १०
गेतसमनी बगैचामा फर्केर जाँदा............ १२

### प्रमाणहरु

के डाइनासोरस साँच्चै अस्तित्वमा थियो?............ १३
उहाँमा जीवन थियो............ १६
कसैलाई नरकको बारेमा स्पष्टिकरणको आवश्यकता पर्छ।............ १७

### परमेश्वरको वचन

बाइबल............ १९
के तपाई बुझ्नको निम्ति बाइबल अध्ययन गर्नुहुन्छ?............ २०
यो जस्तै अर्को कुनै पुस्तक छैनन............ २१

### मुक्ति

भिन्नै सुसमाचार प्रचार गर्ने............ २४
ख्रीष्टियन हुनको निम्ति ख्रीष्टमा बप्तिस्मा लिन्छन्............ २७
परमप्रभुको दिन............ २९
तपाई कुन जुवा बोक्नु हुन्छ?............ ३०

### मण्डली

मण्डली परमेश्वरको वासस्थान............ ३१
यो पुस्ताको निम्ति प्रश्न............ ३२
मेरो परिवार को हो?............ ३३
ईश्वरीय वातावरण............ ३४

### शिक्षाद्धारा जीउने

अब्राहामको विश्वास............ ३६
स्वर्गदूतहरु............ ३९
ख्रीष्टको शरीरद्धारा व्यवस्थाको निम्ति मरेको............ ४०
प्रभुको प्रार्थना............ ४१
आश्चर्यकर्महरुलाई तुलना गर्नुहोस्............ ४४

### ख्रीष्टियानिटी कार्यमा

बृद्ध स्त्रीहरु, कृपया जवान स्त्रीहरुलाई सिकाउनु............ ४६

## आराधना


के तपाईले ध्यान दिनुभएको छ...?........................................................ ४८
तपाईले मात्र आराधना गर्नुहोस्.......................................................... ४९


## खीष्टियान परिवार


के कुरामा विवाह सम्लग्न हुन्छन्?...................................................... ५३


## पाठ्य अध्ययन


के तपाई जीउन चाहनुहुन्छ?.............................................................. ५५
भरपूर जीवन परिपूर्ण गोठालाबाट आउँछ.................................................. ५६
धनी मानिसले पातालमा के सिक्यो?....................................................... ५७


## बाइबल चरित्र


बुद्धिमान मानिसहरु............................................................................ ५८
दानिएलको महानता.......................................................................... ६०
डेमास, त्यागेर जाने व्यक्ति................................................................. ६२
यहूदा इस्करियोत- इमान्दार, विश्वासघात................................................ ६३


## रुपरेखा


म डराएको थिएँ................................................................................ ६५
पुरानो करार हाम्रो शिक्षाको निम्ति लेखिएको थियो..................................... ६७


## दैनिक खीष्टियन जीवन


खीष्टियान नारीत्वका गुणहरु.............................................................. ६८
प्रभु हामीलाई सिकाउनु होस्............................................................... ६९
यो हप्ता तपाईले गर्नु भएका १० कुराहरु जुन तपाईले स्वर्गमा गर्नुहुन्न्....... ७०
किन पहिलो शताव्दीका मण्डली छिटो बृद्धि भए?...................................... ७१
बृद्धि विकासका चार क्षेत्रहरु............................................................... ७३
भिन्नै क्रूसहरु................................................................................. ७५
एक साथ भेला हुँदा.......................................................................... ७७


## बाइबल प्रश्न


के क्रूसमा टाँगिएका डाँकूले बप्तिस्मा लिएको थियो?.................................. ७९
तपाईको मृत्युपछि के हुन्छ?............................................................... ८०
उद्धार पाउनको निम्ति पानीमा डुब्नु किन आवश्यक छन्?............................. ८२
बीस वटा महत्वपूर्ण प्रश्नहरुका बाइबलिय आत्मिक उत्तरहरु......................... ८३

पदको खोजी.................................................................................... २२
कठिन पदहरुको द्रूत टिप्पणी.............................................................. ३५
५ मिनेट बाइबल अध्ययन.................................................................... ५२




भजनसंग्रहको लेखक घोषणा गर्दछन्, *“हाम्रा परमप्रभु महान हुनुहुन्छ, सर्वशक्तिमान र सर्वज्ञानी हुनुहुन्छ”* (भजन संग्रह १४७:५) । सर्वज्ञानी परमेश्वरको कस्तो महान भनाई हो । शक्तिशाली घटनाहरु भूत, वर्तमान र भविष्यका सबै कुराहरुलाई यहोवाको ज्ञानले घेरेको हुन्छ ।

**पहिलो, इतिहास भरी के भएको थियो भन्ने कुरा परमेश्वर जान्नुहुन्छ ।** कहिलेकाहिँ ब्रहमाण्ड र मानवजातिको सृष्टिको छलफल गर्दा हामी “सृष्टिको सिद्धान्त” को विरुद्ध “कम विकाशको सिद्धान्तलाई” मिलाएर भन्ने गर्छौ । हामी के सूचित गर्छौ भने: बैज्ञानिक दृष्टिकोणबाट ब्रहमाण्ड वा मानविय परिवार कसरी अस्तित्वमा आयो भनी हामीले प्रमाणित गर्न सक्दैनौ । अनुसन्धान गर्न सक्ने पदार्थहरु र जाँच्न सक्ने वस्तुहरुलाई मात्र विज्ञानले प्रयोग गर्छन् । हामी तार्किक पूर्वक विवाद गर्न सक्छौ कि कम विकाशको विचार भन्दा विज्ञानले दिएको मितिहरु सृष्टिको विचारहरुसँग मिल्न आँउछ, तर यो बिज्ञानको प्रदर्शनको विषय होइन् । अर्को तर्फ ब्रहमाण्ड र सबै कुराहरुको शुरुवाटको ऐतिहासिक गवाही हामीसँग छन् । परमेश्वरले हामीलाई बाइबलमा भन्नुहुन्छ, *“छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुन्द्र र तिनमा भएका सबै थोक बनाउनुभयो”* (प्रस्थान २०:११) । के हुन्छ भन्ने कुराको ज्ञान उहाँमा छ किनभने उहाँ त्यहाँ हुनुहुन्छ ।

मोशालाई विरोध गर्ने जादुगरहरुको नाम पावललाई कसरी थाहा भयो (२ तिमोथी ३:८)? यो जानकारी पुरानो करारको कुनै पनि ठाँउमा पाँउदैनौ । निश्चय नै, इतिहासको परमेश्वरले तिमोथीको पत्र लेख्नको निम्ति प्रेरणा दिनुभयो ।

**दोस्रो, हाम्रो सृष्टिकर्त्ताको ईश्वरत्वको उपस्थिति जताततै छन् ।** *“परमप्रभुको नजर सर्वत्र रहन्छ, दुष्ट र असल दुबैमाथि उहाँ नजर राख्नुहुन्छ”* (हितोपदेश १५:३) । हाम्रा गलतहरुमाथि उहाँ सचेत हुनुहुन्छ (२ शमूएल ११:२७; प्रेरित ५:३), हाम्रा हृदयका पिडाहरु उहाँ जान्नुहुन्छ (२ राजा २०:५), र हाम्रा हरेक आवश्यकताहरुलाई उहाँले चिन्ता गर्नुहुन्छ (मत्ती ६:८) । यर्थाथमा *“परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा लुकेको हुँदैनन् । उहाँका*

*नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनु पर्छ"* (हिब्रू ४:१३) ।

**तेस्रो, भविष्यका घटनाहरु हुनुभन्दा अगाडि नै प्रभु ती कुराहरु जान्नुहुन्छ ।** प्राचीन इस्राएलका दिनहरुमा जब हिब्रू जातिहरुले निरन्तररुपमा मूर्तिहरुसित विलासी जीवन बिताउन थाले, केही झुटा अगमवक्ताहरुलाई चुनौती आयो, *"आफ्नो मुद्दा मामिला पेश गर, परमप्रभु भन्नुहुन्छ । आफ्नो तर्फ ल्याओ, याकूबका महाराजधिराज भन्नुहुन्छ । भैसकेका कुराहरु हामीलाई बताइदेओ, र हामी तिनको विचार गरौं, तिनको आखिरी नतिजा के हुन्छ भनी हामी जान्न सकौं...अब आउने कुराहरु हामीलाई प्रकट गर्न सक्नुहुन्छ ।"* पुरानो करारमा १००० भन्दा बढी भविष्यवाणीहरु छन् । भविष्यमा देशहरुलाई के हुनेछन् भनी ठीक तरीकाबाट परमेश्वरका वचनहरुले घोषणा गर्दछन् । देश (दानिएल ८; यशैया १३) र व्यक्ति (१ राजा १३:२; यशैया ४४:२८) को तथ्यबारे चित्रद्धारा प्रकट गर्नुभयो । मसीहको आगमनवारे ३०० भन्दा बढी भविष्यवाणीहरु होशियारीकासाथ ऐतिहासिक कमबद्ध रुपमा राखेका छन् । वास्तवमा हाम्रो परमेश्वर सक्षम हुनुहुन्छ, जसले हुन आउने कुराहरुलाई तिनीहरु पहिले नै भैसकेको जस्तो गरेर भन्न सक्नुहुन्छ (रोमी ४:१७) । परमेश्वरलाई भविष्यको बारेमा राम्रो ज्ञान छ कि उहाँले भविष्यमा हुने आउने घटनाहरुलाई त्यो पहिले नै पुरा भै सकेको जस्तो तरीकाले भन्न सक्नुहुन्छ (यशैया ९:६; ५३:४-६) ।

**चौथो, सर्वज्ञानी सृष्टिकर्त्ताले कुनै निश्चित परिस्थितिमा कुन घटना घट्छन् भन्ने कुरा जान्नु हुन्छ ।** १ शमूएल २३ अध्यायमा शाऊल र दाऊदबारे चाखलाग्दो घटनाको अभिलेख उल्लेख गरेको छ । राजा शाऊलले जवान ठिटो दाऊदप्रति डाहले भरिएर उनलाई विनाश गर्ने कोशिश गर्‍यो । दाऊद कीलाह शहरमा थियो, जुन शहरलाई उनले पलिश्तीहरुको हातबाट छुटाएको थियो । जब शाऊलले यो कुरा सुने उनले आफ्नो प्रतिद्धन्दीहरुलाई पर्खालले घेरेको शहरमै जाल थापेर मार्न सक्छौ भनी सोच्यो । दाऊदलाई यो योजनाबारे थाहा भयो । यसकारण उनले परमेश्वरसँग यो विषयमा सोधखोज गर्न लागे । यदि शाऊल शहरतर्फ बढिरहेको छ भने कीलाहका बासिन्दाहरुले उनलाई र ाजाकहाँ सुम्पिदिन्छ कि दिदैनन् भन्ने कुरा दाऊद जान्न चाहिरहेको थियो । यी दुवै प्रश्नहरुमा परमेश्वरले सकारात्मक जवाफ दिनुभयो । त्यही अनुसार दाऊदले आफ्ना फौजलाई जम्मा गरेर शहरबाट बाहिर निस्के र उजाडस्थानमा शरणार्थीहरु लाई लिएर गए ।

दाऊद कीलाहबाट उम्केको कुरा जब शाऊलले सुने, ऊ शहरमा आएनन् तर अन्तै उसलाई शिकार गर्न खोजिरहे । निश्चय नै परमेश्वर दाऊदसँग हुनुहुन्थ्यो, यसकारण शाऊलको योजनाहरुलाई कहिल्यै पनि महशुश गरेनन् । राजाको चाहनाप्रति उहाँले दाऊदलाई के भन्नुभयो भन्नेबारे यहोवाले गल्ती गर्नुभयो भनी कल्पना गर्नु पर्दैनन् । त्यसको सट्टामा सर्वज्ञानी शासकलाई दुष्ट शाऊलको झुकाव र कीलाहका मानिसहरुको अव्यवस्थित आनीबानी थाहा थियो । यसरी दाऊद त्यो ठाउँमा रहँदा के हुन्छन भनी उहाँले वास्तविक अवस्था भन्न सक्नुहुन्छ । हाम्रा सृष्टिकर्त्ताको यो पूर्ण राम्रो ज्ञानको महान टिप्पणी हो ।

-o-

# येशू र स्त्री



बाइबलमा स्त्रीहरुको नामलाई निकै कम मात्रामा उल्लेख गरेको पाइन्छ । पुरुष र स्त्रीहरुको नाम उल्लेख गरेका चरित्रहरु मध्ये लगभग ५-८% मात्र स्त्रीहरुको बारेमा प्रतिनिधित्व गरेको पाँउछौ । यसले के सुझाव दिन्छ भने सामुहिक र सार्वजनिक जीवनमा प्रायजसो स्त्रीहरु अगाडि थिएनन् । प्राचीन बाइबलको समयमा स्त्रीहरु जहिले पनि पुरुषको अधिनमा हुन्थ्यो । पुरुषकै अधिनमै भएर नैतिक र परम्पराका नियमहरुलाई निकै कठोरका साथ पालन गर्थे । यहूदीहरुले स्त्रीहरुलाई बाटो र गल्लीहरुमा अभिवादन गर्दैन्थ्यो र त्यहाँ धेरै कुराकानी पनि गदैन्थ्यो । बिहानको प्रार्थनामा यहूदीहरुले आफू अन्यजाति, दास र स्त्री नबनाउनु भएकोमा परमेश्वरप्रति आशिषित र धन्यवादी हुन्छन् । यहूदीहरुले स्त्रीहरुलाई व्यवस्था सिकाउनु अधार्मिक मान्थ्यो । स्त्रीहरुलाई कुनै महत्वको थान्दैन्थ्यो ।

नयाँ नियममा येशू ख्रीष्टको सेवाकाईमा धेरै स्त्रीहरुको संख्या पनि सम्लग्नता थियो । ख्रीष्टले स्त्रीहरुलाई निकै सम्मानका साथ व्यवहार गरेको देख्छौ । ख्रीष्टले स्त्रीहरुसंग प्रत्यक्ष सार्वजनिकरुपमा खुलमखुल्ला कुरा गर्नु भएको देख्छौ । ख्रीष्टले स्त्रीहरुसंग निकै नै सोचविचार गरी वास्ता गर्ने हिसाबले कुरा गरेको पाउँछौ । उहाँको दिनमा स्त्रीहरुप्रति येशूको स्वभाव निकै ठुलो परिवर्तन ल्याउने खालको थियो । मरियमको विश्वासनियताको कारणले गर्दा यो संसारमा येशूको आगमन भयो । मरियमले सामान्य सहयोग मात्र गरिन् र साँच्चै नै उहाँभित्र पवित्र आत्माको कार्य थियो । हन्ना र एलिजाबेथमा पवित्र आत्माले अभिप्रेरित

गर्नुभएको काम हामी देख्छौं । येशूले सामुहिक सेवाकाई शुरु गर्नुहुँदा निश्चय नै स्त्रीहरुको समुहले उहाँसँगै यात्रा गरेको थियो र अरु चेलाहरुले ती स्त्रीहरु-लाई हेरचाह गर्नुपर्ने थियो (लूका ८:१-३; मर्कूस १५:४०,४१) । सुखारको इनारमा उहाँलाई चित्रण गरौ । येशू इनारको नजिकै थकित भएर बस्नुभयो, उहाँका चेलाहरु खानेकुरा किन्न बजार गएका थिए । जव तिनीहरु बजारबाट फर्के, उनीहरु छक्क परे । तिनीहरु छक्क पर्नु ठिकै थियो । तिनीहरु आश्चर्य हुनुको तीनवटा कारणहरु थिए । येशू त्यो स्त्रीसँग बातचित गरिरहनु भएको थियो जो सामरी र वेश्या थिइन् । जव उहाँले त्यसको ठेगाना बताउनु भयो, स्त्री आफै हिचकिच्याइन् । स्त्रीको मूल्यतालाई देख्न सक्छौ ।

व्यभिचारमा पक्रेपछि स्त्रीलाई उहाँकहाँ ल्याउनुहुँदा येशू मन्दिरमा हुनुहुन्थ्यो । यो निकै चलाखी र पासोमा पार्ने कुरा थियो । उहाँले जे भन्नुभएता पनि तिनीहरुले उहाँलाई पक्रिन्थ्यो । यदि उहाँले त्यस स्त्रीलाई ढुङ्गाले हान्नु पर्छ भन्नु भएको भए उहाँलाई दोषको अभियोग लगाउथ्यो कि जीवन र मृत्युको फैसला दिने अधिकार रोमीहरुलाई थियो । पापीहरुप्रतिको दयाको भावनाले यदि उहाँले त्यस स्त्रीलाई जान देओ भन्नुभएको भए उहाँ व्यवस्थाको विरोधमा हुन्थ्यो, जहाँ व्यभिचारीलाई मृत्यु दण्ड दिनुपर्छ भनेर लेखिएको छ । उहाँले दुइवटै मध्ये कुनै पनि भन्नु भएनन् । तर उहाँले भन्नुभयो, *" तिमीहरुमा जो पापरहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस । एक - एक गरेर तिनीहरु सबै गए । येशूले त्यस स्त्रीलाई भन्नुभयो, " म पनि तिमीलाई दण्ड दिन्नँ । जाऊ, अनि फेरी पाप नगर ।"*

येशूको मृत्यु र पुनरुत्थानको समयमा उहाँलाई विश्वासयोग्य स्त्रीहरुले वास्ता गरेको हामी देख्छौं । उहाँको पुनरुत्थानको पहिलो गवाहीहरु स्त्रीहरु नै थिए । चेलाहरुका माझमा पुनरुत्थानको सन्देश ल्याउनेहरु पनि स्त्रीहरु नै थिए ।

जव प्रेरितको पुस्तक र पत्रहरुमा आउँदा स्त्रीहरुको स्वतन्त्रता देख्छौं जुन चाहिँ त्यो समयका स्वभावहरुमा निकै भिन्नताको चिन्ह थियो । बप्तिस्माद्धारा मण्डलीमा प्रवेश गरेपछि त्यहाँ पुरुष र स्त्रीहरु दुवैले प्रभुको वचन अरुलाई फिजाउन पाउँछ । खीष्टमा न पुरुष न ता स्त्री थियो । रोमी १६:१-२ मा एकजना स्त्रीलाई फिवी भनियो जसलाई पावलले *" हाम्री बहिनी "* भनेको छ । मण्डलीमा पावलले उनको निकै प्रशंसा गरेको छ । कोही स्त्रीहरुलाई पावलले आफ्नो पत्रहरुमा *" संगी- सहकर्मी"* भनेका छन् । महान प्रचारक अपोल्लोस जसलाई प्रिस्किला र अकिलास उनको पती दुवैले परमेश्वरका मार्गहरुको अर्थ झन् प्रष्टसँग बुझाइदिए (प्रेरित १८:२६) । फिलिप जसका अविवाहित चार छोरीहरुले अगमवाणी गर्थे (प्रेरित २१:९) । येशू र उहाँको मण्डलीको निम्ति स्त्रीहरु सबैभन्दा महान आशिष भएको छ । परमेश्वरको उपस्थितिमा स्त्रीहरुको आत्मालाई पुरुषहरुको समान र सही अवस्थामा उचालिएको छ ।

-o-

# गेतसमनी बगैंचामा फर्केर जाँदा



*"हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा म बाट हटोस्..."* (मत्ती २६:३९)।


त्यो कचौरामा के थियो? धोका, झुटो अभियोगहरु, त्याग, गिल्ला, निर्दय, पिटाई, काँडाको मुकुट, उहाँको मृत्युको निम्ति भिडको चिच्याहट, अपमान, अन्याय, क्रूसमा किल्ला ठोकेर पिडाको मृत्यु थियो।

यसले कुनै अच्चमित बनाउँदैनन र यी घण्टाहरुमा उहाँ किन भयभित हुनुभयो भनी हामीले निश्चय नै बुझ्न सक्छौं। यो प्रार्थनामा आज्ञाकारिता र नम्रताको स्तरलाई स्थापना गरेको थियो। *"तपाईको इच्छा पुरा होस्"*।

*"उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफुले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो, र सिद्ध तुल्याएर उहाँको आज्ञापालन गर्नेहरु सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो। मल्कीसेदेकको दर्जा अनुसार प्रधान पूजाहारीको पदमा परमेश्वरद्धारा उहाँ नियुक्त हुनुभयो"* (हिब्रू ५:८,९)।

येशूले प्रार्थना गर्नुभयो, *"हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्।"* तर पापको निम्ति अरु कुनै मोल नै थिएन्। अनन्त न्यायलाई विचार गर्नुपर्दथ्यो, दण्ड तिर्नु पर्दथ्यो। त्यो मार्ग तयार गर्नको निम्ति ख्रीष्ट आउनुभयो। उहाँले सबै मोल तिर्नुभयो। दुःखलाग्दो कुरा लाखौ मानिसहरुले परमेश्वरको अनुग्रहप्रति जवाफ दिन असफल भएका छन्। तिनीहरुले आफ्ना पापको ऋण इन्साफमा तिर्नेछन्। येशूले अन्तिम थोपाको रुपमा तीतो कचौराबाट पिउनुभयो। दिउँसो तीन बजेतिर उहाँ ठुलो स्वरले कराउनुभयो, *"अब सिद्धियो।"* यहाँ हामीले आज्ञाकारीको बारे सिक्छौं। *"मेरो इच्छा होइन, तर तपाईको इच्छा पुरा होस्"* भनेर के हामी प्रार्थना गरिरहेका छौं? -o-

# के डाइनासोरस साँच्चै अस्तित्वमा थियो?



डाइनासोरसको अस्तित्वको असङख्य प्रमाणहरु उत्खननले दिएका छन् । यो साँच्चै अस्तित्वमा थियो । प्रशस्त उत्खनन्को अंशहरुले पृथ्वीमा डाइनासोरसहरु पहिला एकपल्ट जिएको थियो भन्ने थप प्रमाण दिन्छन् । ऐतिहासिक अभिलेखले पनि गवाही दिन्छ कि जसलाई हामी *"डाइनासोरस"* भन्छौ पहिला तिनीहरु अस्तित्वमा थियो । बाइबल पनि एउटा ऐतिहासिक अभिलेख हो जसले डाइनासोरसहरु एकपल्ट पृथ्वीमा बसोबास गरेको थियो भनी प्रमाण दिन्छ ।

*"डाइनासोरस "* भन्ने शब्द सन् १८४१ तिर अंग्रेजी शब्दकोशमा राखियो जसको अर्थ *"डर लाग्दो छेपारो"* भन्ने बुझिन्छ । त्यसैकारण अंग्रेजी बाइबल अनुवादको किङ्ग जेम्स संस्करणमा "डाइनासोरस" शब्द नभेट्टाउँदा अच्चमित हुँदै नौं । किङ्ग जेम्स संस्करण सन् १६११ म गरिएको थियो । त्यो अनुवाद *"डाइनासोरस "* शब्द राख्नुभन्दा अगाडिको थियो । तै पनि बाइबलले डाइनासोरस जस्तै प्राणीहरुलाई आफ्नै पानामा वर्णन गरेका छन् ।

अय्युब ४०:१५-२४ ले *"बहेमोथ "* को परिचय दिन्छ । हामी सिक्छौ: (१) यो पशु मानिससँगै पृथ्वीमा सृष्टि भएको थियो (२) त्यसले गाईबस्तुहरुले झै घाँस खान्छ । पद १६ ले भन्दछ "त्यसको कम्मर कस्तो बलियो हुन्छ, त्यसको पेटको

मांसपेशीमा कस्ता शक्ति हुन्छ। पद १७ मा यो प्राणीको पुच्छरलाई देवदारुको रुखसँग तुलना गरेको छ । अहिलेको जल गैडा वा हात्ती जस्ता सबैभन्दा ठुलो स्थलगत प्राणीहरुको पुच्छर भन्दा पनि निकै भिन्नको थियो । बहेमोथको हडीहरु काँसका नलीहरु र फलामका डण्डीहरुजस्तै थियो । पद १९ ले भन्दछन कि बहेमोथ परमेश्वरको कार्यहरुमा सबैभन्दा मुख्य छ । यो यस्तो प्रकारको सृष्टि थियो जसलाई परमेश्वरले मात्र नष्ट पार्न सक्नुहुन्छ। पद २० ले थप भन्दछन कि बहेमोथको जमिनमा बासस्थान छन् (पहाड, डाँडा) । यो प्राणी नदी ओर्लेर आएता पनि, समुन्द्रमा भल बढेर आएता पनि डराउँदैन् (पद २३) । पद २३ मा बहेमोथको वासस्थान यर्दन नदी आसपास भन्दछन्। *"बहेमोथ"* को निम्ति हिब्रू शब्दको त्यस्तै रुपलाई १९० पल्ट पुरानो करारमा उल्लेख गरेको छ र यसलाई *"पशु"* वा *"गाईबस्तु"* को शब्दहरुमा अनुवाद गरियो । कोही-कोही जसलाई उत्तम तरीकाले डाइनासोरस भनेर अहिले पनि भन्न सक्छौ ।

डाइनासोरस जस्तै समुन्द्री प्राणी (पद १,२,७,३१,३२) मा *"लिव्यातन"* भनिएको छ (अयुव ४१:१-३४) । लिव्यातन घरपालुवा वा तालिम दिएको हुन सक्दैनन् (पद ४) र पाल्नको निमित्त असुहाउँदो हुन्थ्यो (पद ५) । प्राचीन संसारका हातहतियारहरुले त्यसलाई अधिनमा राख्न सक्दैनन् (पद २६,२८) । लिव्यातन डरविनाको प्राणी थियो (पद ३३) । प्राकृतिक रुपमा प्रमाण पाए अनुसार यो प्राणीले मानिसलाई पछ्याउँदैनन् । तर मानिस यसको नजिक पुग्यो भने यसले आक्रमण गर्छ (पद १०) । लिव्यातनले पानीलाई कराहीको पानीजस्तै उमाल्छ र महानदीको सेतो केश जस्तै बनाउँछ (पद ३१,३२) ।

तैपनि लिव्यातन जमिनमा, किनारमा पनि आउँछन (पद ३०) । त्यो भयानक प्राणी हो (पद १२) जसको शरीरका प्राकृतिक कत्ला र हतियार जस्तै हुन्छन् (१३-१७) । त्यो खडा हुँदा वीर मानिसहरु पनि डराउँछन् (पद २५) । त्यसको विनाशक शक्तिहरुले फलामलाई परालजस्तै र काँसालाई कुहेको काठ झै ठान्छन् (पद २७) । परमेश्वरले बनाउनु भएको सबै भन्दा ठुलो प्राणी बहेमोथ थियो (अयुब ४०:१९) । लिब्यातन पृथ्वीमा सबैभन्दा डरलाग्दो प्राणी थियो (अयुब ४१:९-१०; ३३-३४) । लिब्यातन बारे बाइबलमा परमेश्वरको वर्णनलाई हेरेर मानिसहरुको कल्पनालाई रीस उठाउने बनाउँछ किनभने आज त्यस्तो तरीकाले जीइएको देखिदैनन् । त्यसको घिच्रोमा बल भरिएको हुन्छ (पद २२) । लिब्यातनका दाँतहरु बज्ने घण्टीहरु भन्दा कम छैनन् (पद १४) । त्यसका पेटहरु उल्लेखनीय छातीपाता जस्तै थिए, जुन दुबै रक्षाको निम्ति र अरुलाई हानीको निम्ति प्रयोग हुन्थ्यो, त्यो हिडँदा हिलोलाई दाउने दाँदेझै यताउता घोल्छ (पद ३०) । यो पशुको आँखा सूर्योदयजस्तै चम्कन्छ (पद १८) । सबैभन्दा अच्चमलाग्दो लिब्यातनको वर्णन आगोको सास फेर्थ्यो (पद १८-२१) । नाकको प्वालबाट धुँवा निस्कन्थ्यो (पद २०), त्यसको मुखले सास फेर्दा आगोको ज्वाला चम्कन्थ्यो (पद २१) । सोही प्रसंगमा धेरै प्राचीन सभ्यताको ऐतिहासिक वंशावली अभिलेखमा छेपारो जस्तो प्राणीहरुले सास फेर्दा आगो निकालेको देखिन्थ्यो ।

अर्को हिब्रू शब्द "तानिन" (एकवचन) वा "तानिम" (बहुबचन) ले डाइनासोरस जस्तै समुन्द्री प्राणीको व्याख्या गर्छन् (भजन संग्रह १४८:७) । यो पुरानो करारमा २८ पल्ट प्रयोग भएका छन् र यसलाई कहिलेकाहीँ

"समुन्द्री राक्षस" (विलाप ४:३; उत्पति १:२१; भजन संग्रह ७४:१३; १४८:७), "समुन्द्री प्राणीहरु" (उत्पति १:२१; भजन संग्रह १४८:७) वा "कुरुप पशु" (यर्मिया ५१:३४; इजकिएल २९:३; ३२:२; यशैया २७:१; ५१:९) वा "अजिङ्गर" (व्यवस्था ३२:३३; नहेम्याह २:१३; अयुव ३०:२९; भजन संग्रह ४४:१९;७३:१३) भनेर पनि अनुवाद गरिन्छ।

बाइबल भन्दा अलग्गै मानव इतिहासले जसलाई हामी अहिले डाइनासोरस भन्ने गर्छौ त्यसको अस्तित्वको बारेमा जानकारी दिन्छ। केही उदाहरणहरु तल दिएका छन्:

- ग्रीकहरुको फुलदानीमा लगभग इ.पू.५५० को समयमा मानिस र डाइनासोरको चित्र देखिन्थ्यो, यसले मानव र डाइनासोरसको सह-अस्तित्व भएको देखाउँछ।
- इ.पू.४५० तिर प्राचीन इतिहासकारक हेरोडोटसले उड्ने सर्पको वारेमा लेखेको थियो।
- सन् १८९६ तिर शामूएल हबार्ड भन्ने व्यक्तिले प्राचीन भारतको भित्ते चित्रहरुमा जनावरहरुको साथमा डाइनासोरस पनि उल्लेख गरेको थियो।
- सयौ वर्ष अघि मानिसहरुले चिहानभित्रको ढुङ्गा संकलन गर्न थाले जुन ढुङ्गाहरुमा विभिन्न प्रकारका डाइनासोरसहरुको चित्रण गरेको थियो। कुनै डाइनासोरसका प्रकारहरु हालसालै उत्खननको अंशमा फेला परेका छन्। यी चिहानका ढुङ्गाहरुको समयावधि इ.स. (५००-१५००) सम्म छन्।
- सन् १९९४ तिर वाल्डर जुलर्सडले मेक्सिकोमा प्राचीन डाइनासोरसका आकृतिहरु फेला पारे। हातले बनाएका सयौ डाइनासोरसका आकृतिहरु जमिनमुनि भेट्टाए, कुनै कुनै ५ फिट लम्बाइ सम्मको थियो।
- सन् १९८३ तिर मानिसहरुको खुट्टाको छाप र डाइनासोरसको तीनवटा औलाको खुट्टाको छाप टर्कम्यान गणतन्त्रको चट्टानमा फेला पारे।

डाइनासोरसहरु छैठो दिनमा सृष्टि गरिएका प्राणी थियो (प्रस्थान २०:११)। तिनीहरु लुप्त हुनुभन्दा अगाडीको समयसम्म निश्चय नै मानव जातिसँगै अस्तित्वमा थियो। इतिहास, बैज्ञानिक, आविष्कारहरु र बाइबलिय अभिलेखले पक्का गर्दछन् कि मानिस र डाइनोसरको बृद्धि एकै समयमा भएको थियो। त्यति मात्र होइनन् माथिका केही सन्दर्भहरुमा चित्रहरु, कुँडिएका कुराहरु, माटोका फुलदानीहरुमा डाइनोसरका चित्रहरु पाँउछौ, जुन कुराहरु सयौ र हजारौ वर्ष अगाडीमात्र पत्ता लगाएको थियो। नास्तिक क्रम विकाशवादहरुले ऐतिहासिक र बैज्ञानिक प्रमाणहरुका ज्ञानहरुलाई इन्कार गर्छन। तर अहिले तपाईलाई डाइनोसरको सत्यताबारे थाहा छन्।

विज्ञानलाई धेरै कुराहरुका बारेमा थाहा छन् र वर्णन गर्छन। तर जीवनको शुरुवाटको बारेमा वर्णन गर्न गाह्रो हुन्छ। यो एउटा बिन्दुमा तिनीहरु असम्भव भएको पाउँछन्। विज्ञानको नियमले बताए अनुसार तिनीहरु कति टाढा जान सक्छ, यतिसम्म कि डाइनासोरसको हाडहरु र उत्खनन् गरेको प्रमाणहरुसम्म पनि पुग्छन्।

-o-

# उहाँमा जीवन थियो

चाल्स डार्विनले इङ्गल्याडको मण्डलीबाट आफ्नो सेवाकाई शुरु गऱ्यो । तर पछि उनले आफ्नो मनलाई परिवर्तन गऱ्यो । यदि सबैकुरा ईश्वरबाट शुरुवाट नभएको भए के हुन्थ्यो भन्ने सिद्धान्तको खोजी गर्न थाले । जसको निम्ति उनले अवलोकन गरेका कुराहरुलाई नजिकैबाट नियाल्न थाले त्यसपछि उनले "प्राणीवर्गहरुको शुरुवाट" भन्ने पुस्तक लेख्यो । तै पनि उनले वस्तुहरुको शुरुवाट कसरी भयो भनेर वर्णन गर्न सकेनन् । सयौ वर्षमा पुस्ताहरु आफै परिवर्तन हुन्छन भन्ने सिद्धान्तहरुलाई धेरै बैज्ञानिकहरुले पूर्णरुपमा असम्भव छन भनी इन्कार गऱ्यो । उत्पति भन्ने शब्द उनको टाउकोमा जहिले पनि झुण्डिरहेको हुन्थ्यो । उत्पतिको अर्थ "शुरुवाट" हो । डार्विनले प्रकाशन गरेको "प्राणीहरुको शुरुवाट" नामक पुस्तक छापेको पहिलो दिनमा सबै पुस्तकहरु बिक्रि भयो । अझै पनि उनको पुस्तक र बैज्ञानिकहरुले जीवनको शुरुवाटको वारेमा राम्रोसंग व्याख्या गर्न सक्दैनन् ।

प्रेरित यूहन्नाले आफ्नो सुसमाचारमा लेख्दछ, *"आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो । सबै थोक उहाँद्धारा बनिए र बनिएको कुनै थोक पनि उहाँविना बनिएन् । उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरुको ज्योति थियो"* (यूहन्ना १:१४) । हामीसँग यहाँ जवाफ छन् । मानिस लगायत सबै जीवित प्राणीहरुको जैविक शुरुवाट, जीवनको शुरुवाट यहाँ छ (उत्पति १:१-३१) । सबै जीवित प्राणीहरु एउटै पुस्तावाट आएको हो भनी चाल्स डार्विनले व्याख्या गर्न खोज्यो तर सबै भन्दा पहिलो पुस्ताको शुरुवाट कहाँबाट भयो र पहिलो व्यक्ति कहाँबाट आयो भन्ने कुरा चाहिँ डार्विनले व्याख्या गर्न कोशिस गरेनन् । तर बाइबललाई यस्तो भन्न कुनै कठिनाई छैनन्, *"उहाँमा जीवन थियो ।"* परमेश्वरको वचन, प्रभु येशू ख्रीष्टद्धारा जीवनको शुरुवाट भयो (यूहन्ना १:१-४; प्रकाश १९:१३) । हिब्रू लेखकले हामीलाई बताउँदछ कि परमेश्वरले यो संसारलाई सृष्टि गर्नुभयो । परमेश्वर र ख्रीष्टले नजिकै सहकार्य गर्नुभएको कुरा येशूले गवाही दिनुहुन्छ, *"म र मेरो पिता एकै हौं* (यूहन्ना १०:३०) ।

पवित्र आत्माद्धारा परमेश्वर र ख्रीष्ट हामीमा वास गर्नुहुन्छ (यूहन्ना १४:२३) । मेरो विचारमा यो अनुच्छेद निकै अच्चमको छ, *"स्वंयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफुसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो"* (२ कोरिन्थी ५:१९) । येशू क्रूसको नजिकै जानुहुँदा उहाँले प्रार्थना गनुभयो, *"म यिनीहरुको निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरुका सन्देशद्धारा ममाथि विश्वास गर्नेहरुका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरु सबै एक होऊन् । हे पिता, जसरी तपाई ममा हुनुहुन्छ, र म तपाईमा, त्यसरी तिनीहरु पनि हामीमा होऊन, र तपाईले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्"* (यूहन्ना १७:२०,२१) ।

बैज्ञानिकहरु कति टाढासम्म जान सक्छन्? परमेश्वर जति टाढा जानुभएको छ बैज्ञानिकहरु पनि त्यति सम्म मात्र जान सक्छन् । चाल्स डार्विन जो आफु कहिल्यै पनि नास्तिक थिएनन् र उनले भन्यो, "ब्रहमाण्डको अगुवा र सृष्टिकर्त्ता हुनुहुन्छ कि भन्ने प्रश्नमा अहिलेसम्म जीवित भएका महान आत्माहरुले सकारात्मक जवाफ दिएका छन् ।" थीमस जेफ्रोन भन्ने व्यक्तिले यस्तो भन्यो, "सबै कुराहरुलाई निर्देशित गर्ने महान व्यक्ति, सर्वश्रेष्ठ आत्मा हुनुहुन्छ जसले संसारको भाग्यलाई हेर्नुहुन्छ ।" मुख्य कुरा यो छ कि बैज्ञानिकहरुले बाइबलको प्रस्तुतिलाई बैज्ञानिक तरीकाले सोच्दैनन् । शायद क्रम विकासलाई स्वीकार गर्नुको मूख्य कारण यही छ कि सृष्टिकर्त्ता परमेश्वर होइनन् तर व्यवस्था दिने परमेश्वर हुनुहुन्छ जसको व्यवस्थाहरुले तिनीहरुको भौतिक भोकलाई प्रतिकार गर्छन, जसले उनीहरुलाई स्वीकार्न गाह्रो हुन्छन् । -०-

# कसैलाई नरकको बारेमा स्पष्टिकरणको आवश्यकता पर्छ ।



धार्मिक संसारमा मानिसहरुको निम्ति नरकको यर्थाथलाई स्पष्ट रुपमा इन्कार गर्ने र शंका गर्ने कुरालाई हरेक दिन सामान्य लिइरहेका छन् । त्यस्ता व्यक्तिहरु धार्मिक अगुवाहरु पनि पर्दछन् । नरक छ भनेर स्वीकार गर्ने मानिसहरु पाउन सकिन्छ तर तिनीहरुले यो अनन्तको हुनेछ भनी विश्वास गर्दैनन् । यसको विश्वासबारे बाइबलले हामीलाई के सक्छौ, यसलाई हेर्ने कोशिस गरौ । आलोचनात्मा रुपमा महत्वपूर्ण भएका यी विषयहरुबारे परमेश्वरको वचनले वास्तवमा के भन्दछन् भनी हामी सबैले जान्नुपर्छ ।

## नरक छैन...त्रिसित गराउने शिक्षा

दण्डको स्थान, त्यहाँ कहिल्यै पनि नरक हुनेछैनन् भन्ने विचारलाई सहायता दिने प्रमाणहरु यदि हामीले भेट्टाउँछौ भने त्यो निश्चय नै निकै आकषर्ण हुन्थ्यो, होइन र? तै पनि हामी त्यो विषयमा छिट्टै अगाडी लम्कनु भन्दा अघि यो विषयमा हामीलाई धर्मशास्त्रमा कस्तो कुरा उल्लेख गरेको छ भन्ने कुरालाई हामीले दोहऱ्याउनु पर्छ । यो मौकालाई सहज र उत्सुकतासाथ लिनु निकै महत्वपूर्ण छ ।

बाइबलले पक्कासँग *" नरक "* साथै *" पातालको"* बारेमा पनि भन्दछ । दुभाग्यवश धेरैले सोच्ने गर्दछन् कि यी दुई शब्दहरु *" नरक "* र *" पाताल "* ले एउटै स्थानलाई प्रतिनिधित्व गर्छन् । न्याय हुनुभन्दा अघि मृत्युभएका आत्माहरुको निम्ति अस्थायी रुपमा राखिएको स्थानलाई *" पाताल "* को रुपमा नयाँ नियमले पहिचान गरेको छ । यो नरकभन्दा फरक स्थान, फरक नाम, फरक उद्देश्य र फरक समय अवधिको स्थान हो ।

## स्वर्ग र नरक दुवैको समय अवधि

हराएका मानिस, अविश्वासी र विश्वास योग्य नभएकाहरुको सजाय संक्षेपमा हुन्छन भनी विश्वास गर्ने मानिसहरु पनि छन् । तिनीहरुले विश्वास गर्नुको कारण यो छ कि दण्ड चाहिँ एक प्रकारको पूर्ण विनाशको रुपमा हुनेछ । धर्मशास्त्रले यसबारे स्पष्टरुपले भनेको छ, यो प्रत्यक्षरुपमा त्यसको विरुद्धमा छ ।

"अनन्त" र "अनन्तता" भन्ने शब्दहरु बारम्बार पदमा प्रयोग गरिएका छन् । त्यसले नरक कति लामो समय सम्मको हुन्छ भनी देखाउँछ । दुइटै शब्दहरुको अर्थ अन्त्य नहुने, सदाकालको निम्ति भन्ने अर्थ लाग्छ । येशूले मत्ती २५:४१ मा केही मात्रामा इन्साफको दृश्य यस्तो हुनेछन भनी वर्णन गर्नुभयो । उहाँले विश्वासयोग्य नभएकाहरुलाई भन्नुभयो, *" श्रापित मानिस हो! म बाट दूर होओ, र*

*दियाबलस र त्यसका दूतहरुका लागि तयार गरिएको अनन्तको आगोमा जाओ ।"* यूहन्नाले प्रकाशको पुस्तक १४:११ मा लेखिए अनुसार नरकमा कस्तो दण्ड र पिडा हुनेछन् भनी वर्णन गर्दछन्, *" तिनीहरुका यातनाका धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ......।"*

त्यहि पदमा स्वर्ग र नरकको समय अवधि बारेमा छलफल गर्दा येशूले यो बिषयमा केही उपदेश दिनुहुन्छ । यो हामीले मत्ती २५:४६ मा जहाँ उहाँले विश्वासयोग्य नभएकाहरुलाई घोषणा गर्नुभयो, *" तव यिनीहरु अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरु अनन्त जीवनमा प्रवेश गर्नेछन् ।"* अनन्तता र सदाको निम्ति भन्ने शब्दको एउटै अर्थ लाग्छ । त्यसकारण स्पष्टरुपमा धर्मीहरुले पाउने इनाम र दुष्टहरुले पाउने दण्डको समय एकै नाशको हुनेछ ।

## यो पाठ कसलाई आवश्यक छ?

(१) तिनीहरु सबैलाई जसले परमेश्वरलाई चिनेका छैनन् र सुसमाचारलाई पालना गरेका छैनन् ।

२ थेसलोनिकी १:७-९ ले भन्दछ, *" र तिनी कष्ट पाएकाहरुलाई हामीहरुसँग आराम दिनुहुन्छ । यो तव हुन्छ, जव प्रभु येशू आफ्ना शक्तिशाली स्वर्गदूतहरुसँग बल्दो आगोमा स्वर्गबाट प्रकट हुनुहुनेछ । परमेश्वरलाई नचिन्नेहरुलाई र हाम्रा प्रभु येशूको सुसमाचार नमान्नेहरुलाई उहाँले दण्ड दिनुहुन्छ । तिनीहरुले अनन्त विनाशको दण्ड तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन् ।"*

(२) तिनीहरु सबैलाई जसले परमेश्वरलाई चिनेका छन् र सुसमाचारलाई पालन गरेका छन् । किन यी पाठहरुको आवश्यकता पर्छन्?

१ कोरिन्थी १०:१२- *" यसकारण जसले खडा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ ।"*

मत्ती १०:२२- *" तर जो अन्त्यसम्म स्थिर रहन्छ, त्यसैको उद्धार हुनेछ ।"*

प्रकाश २:१०- *" ...तिमीहरुलाई दशै दिन कष्ट हुनेछ । तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु ।"*

## आउनुहोस, अव निष्कर्षमा जाऔं ।


सबै मृतकहरुको पुनरुत्थान नभएसम्मको निम्ति पर्खिरहेका मृतक आत्माहरु राखेका अस्थायी स्थानलाई बाइबलमा *" पाताल "* भनियो ।

परमेश्वरलाई इन्कार गर्ने र परमेश्वरबाट पतन भएकाहरुलाई कहिल्यै अन्त्य नहुने, सदाकालको, अनन्तको सजायको अर्को स्थानलाई बाइबलमा "नरक" भनियो ।

अझै अर्को एउटा स्थान छ जसलाई बाइबलले *" स्वर्ग"* भन्दछ र त्यहि स्थान हो जहाँ सबै मानिसहरु जान चाहन्छन् तर थोरै मानिसहरु मात्र त्यहाँ प्रवेश गर्नेछन् भनी येशू भन्नुहुन्छ किनभने धेरै मानिसहरुले सुसमाचारलाई पालन गर्न इन्कार गर्छन र आफैले आफैलाई परमेश्वरको इच्छामा समर्पित गर्दैनन् ।

हामी प्रत्येकले हाम्रो मनलाई निमार्ण गर्नु आवश्यक छन् । हामी हाम्रो अनन्तता कहाँ विताउन चाहन्छौ– स्वर्ग वा नरक । हाम्रो रोजाई स्वर्ग हो भन्ने कुरालाई कल्पना गरौ, त्यसो हो भने हाम्रो आवश्यकताको तयारीमा हामीले मेहनत गर्नुपर्छ । अनि मात्र हाम्रो इच्छा पुरा हुन्छन् । -o-

# बाइबल



स्वीकार गरेको मिति क्रम अनुसार उत्पतिको पहिलो अध्यायदेखि प्रकाशको अन्तिम अध्यायसम्मको समय यर्थाथमा ४,१०० वर्षको छ । पहिलो लेखक मोशा देखि अन्तिम लेखक यूहन्नासम्मको लेखन अवधि १,६०० वर्षको छ । यो सोध्नु राम्रो हो: यी लेख्ने मानिसहरु को थिए, के तिनीहरु कलेजका प्राध्यापकहरु थिए? होइन्, के तिनीहरु शास्त्री परिवारबाट आएका थिए? होइन, तिनीहरु को थिए?

तिनीहरु मध्ये धेरैका पितापूर्खाहरुले मिश्रको भूमिमा लामो समय कैदी जीवन बिताएका थिए । तिनीहरुका पिताहरुले मिश्रको सूर्यको चर्को घाम अगाडि झुकेर काम गरेका थिए, कोर्राको चोट खाएर कठोर कष्ठ र परिश्रम गरेका थिए । तिनीहरुको परम्परा अनुसार लसुन र प्याजहरु खाएर बाँच्दथ्यो । काम गर्ने मानिसहरुको औषत जीवन तीन महिनामात्र हुन्थ्यो । स्त्री र बालबच्चाहरुलाई गणना नगरीकन तिनीहरुको संख्या छ लाख पुरुष मानिसहरु थिए, जो लाल समुन्द्रमा हिडेर पार गरी उजाड स्थानमा लामो ४० वर्षको भयानक समयमा स्वर्गको मन्ना खाएर बाँचे । अन्तमा करीव सात हजार वर्ग माइलको सानो देश कनानमा तिनीहरु हिडेर पुगे । तिनीहरु त्यो अलग्गै देशमा बाँच्दै, यताउता जाँदै तिनीहरुले आफ्नो कथा लेखे ।

तिनीहरुको काखमा विगतका कुराहरुलाई सिक्ने कुनै महान पुस्तकालयहरु थिएनन् । तिनीहरुको विचमा खवरको निम्ति दैनिकी अखबार पत्रिकाहरु पनि थिएनन् । तिनीहरुको छिट्टै सन्देशको निम्ति टेलिफोन, टेलिग्राफ, केवलहरु थिएनन् । तिनीहरु अज्ञानी र नपढेका मानिसहरुको संग्रह थियो जसको पृष्टभूमि अहिलेको हाम्रो सयमका मानिसहरुको निम्ति लाजमर्दो थियो । तिनीहरुको विचमा कुनै षडयन्त्र वा प्रतिद्वन्दको भावना थिएनन् । तिनीहरु सबैले सामान्य लक्ष्य- मानिस, उसको शुरुवाट, उसको कर्तव्य र उसको भाग्यवारे लेखेका थिए । तिनीहरु करीव ४० जना थिए, जसले ६६ वटा पुस्तकहरु ४,१०० वर्षको इतिहासलाई समेटेर लेखका थिए । तिनीहरु सबैको लेखमा एउटै पनि ऐतिहासिक भिन्नता र नैतिक शिक्षामा एउटै पनि फरक थिएनन् ।

कुनै दुईजना मानिसहरुले एउटै विषयमा उस्तै लेखहरु लेख्न सक्दैनन । तिनीहरुको भनाइमा भिन्नता आउँछन् । कुनै मानिसले वषौ वर्ष लगाएर आफ्नो इच्छाको लेख लेख्न सक्दैनन, उसले आफ्नो मन परिवर्तन गर्नेछन् । २५ वर्ष वा ३० वर्षपछि आफूले लेखेका लेखका गल्तीहरु फेरी सच्याउँछन् । यसरी आफ्ना लेखहरु पुन डोऱ्याउँछन् । बाइबलका लेखकहरुमा यस्तो कुनै पनि कुराहरुले स्थान लिएनन् । तपाईले कसरी यस्तो लेखाजोखा गर्नुहुन्छ? यहाँ एउटै वर्णन छन् र पवित्र आत्माले चलाउनुभए अनुसार पवित्र जनहरुले बोले । -0-

# के तपाई बुझ्नको निम्ति बाइबल अध्ययन गर्नुहुन्छ?

कहिलेकाहीँ हामी टिपेर केही कुराहरु पढ्छौ जान्दाजान्दै त्यसको नतिजामा हामी बेमेल हुन्छौ । हामी प्रायजसो त्यस्तै गर्छौं । बाइबल परमेश्वरको वचन हो जसले हामीलाई स्वर्गको घरसम्म जान मार्गदर्शन दिन्छ (लूका १६:२९,३१) । यसकारण तपाइको निम्ति यसलाई सही तरीकाले बुझ्नु कति महत्वपूर्ण छ? सफलताको निम्ति तल दिएका "ताल्चाहरु" लाई विचार गर्नुहोस् । नयाँ नियमले हामीलाई यी कुराहरु सिकाउँदछः-

(१) **प्रत्यक्ष आज्ञाहरुः-** मत्ती २८:१९,२० मा येशूका आज्ञाहरु नयाँ नियममा प्रेरणाप्राप्त लेखकहरुले लेखेका थिए (यूहन्ना १६:१३; २ तिमोथी ३:१६) । ती आज्ञाहरु तिनीहरुलाई दिए ता पनि अहिले हामीले पनि ती आज्ञा पालन गरी प्रयोग गर्न सक्छौ । उहाँले सामान्य र विशिष्ट आज्ञाहरु दुवै दिनुहुन्छ । ती मध्ये यी प्रत्यक्ष आज्ञाहरु भएता पनि प्रयोग गर्न सकिन्छ । यी दुईवटा आज्ञाहरुले हामीलाई बाँधिएको हुन्छ ।

(२) **सिद्धान्तः-** यूहन्ना ४:६ ले सिकाउँदछ कि सबै ख्रीष्टियानहरु एकले अर्कालाई प्रेम गर्नुपर्छ । यो यस्तो कुरा हो कि प्रत्येक परमेश्वरका मानिसहरुले व्यक्तिगत रुपमा ती व्यवहारमा प्रयोग गर्नै पर्छ । नयाँ नियममा सिद्धान्तहरु प्रयोग भएका छन्, जसमा जहिले पनि कार्य सहभागी भएको हुन्छ ।

(३) **उदाहरणहरुः-** नयाँ नियममा धेरै उदाहरणहरु वास्तवमा परमेश्वरले आज्ञा गर्नु भएका कामहरु नै हुन् तर उल्लेख नगरेका पनि हुन सक्छन् । प्रेरित २०:७ ले हामीलाई सिकाउँछ कि प्रत्येक हप्ताको पहिलो दिन प्रभु भोज लिएको येशू चाहनुहुन्छ । उहाँले विधिको बारेमा आज्ञा गर्नुभयो (लूका २२:१९,२०) । तर कहिले गर्ने भन्ने कुरा मण्डलीलाई मार्गदर्शन दिन प्रेरणाप्राप्त भएका प्रेरितहरुलाई छोडनुभयो । तै पनि नयाँ नियमको अरु स्थानमा सिकाएको सिद्धान्तहरु वा आज्ञाहरुसित सहकार्य गरेर मात्र उदाहरणहरु प्रसङ्गिक हुन्छन् । यसमा अरु धेरै कुराहरु पनि भन्न सकिन्छ ।

(४) **चुपचापः-** हो, धर्मशास्त्रको चुपचापवारे हामीलाई सिकाउँछ । यसलाई प्रायजसो "बहिष्कारको सिद्धान्त" भनियो । जव परमेश्वरले हामीलाई सकारात्मक आज्ञा दिनु हुन्छ, उहाँले चाहनु भएका कुराहरु बताउनु भएको हुन्छ । यसकारण उहाँको चुपचापमा मानिसद्धारा थप र नयाँ पद्धतिहरु हटाइको हुन्छ । कुनै उहाँका विशेष आज्ञाहरुमा सहकार्य नगरोस भन्ने उहाँले चाहना गर्नुभएको छ भने हामी त्यसको निम्ति परमेश्वरले लामो सूची बनाउनु पर्थ्यो, यदि त्यस्तो हुने हो भने बाइबल एउटा निकै नै ठुलो पुस्तक हुन्थ्यो । यसबारेको राम्रो उदाहरण नोआको छ । के ले जहाज बनाउनु भनेर आज्ञा दिनुभयो (उत्पति ६:१४)? सल्लो काठबाट जहाज बनाएको भए के उनले परमेश्वरको आज्ञालाई पालना गरेको हुन्थ्यो? आज हामीलाई भनेको छ कि उनले हाँसो लाग्दो कुरालाई कोशिश गरेनन् । परमेश्वरले विशिष्टरुपमा दोषी नठह्याउनु भएका कुराहरुलाई मानिसले धर्ममा जे पनि गर्न सक्छन भनी सम्प्रदाय जगतले गलत शुक्ष्म तरीकाले भन्दछन् । हामीसँग संसारमा अनगिन्ती यस्ता धार्मिक समुहहरु छन् र धेरै यही मार्गमा छन् ।

के तपाईले यी "ताल्चाहरु" प्रयोग गर्दैहुनुहुन्छ जसलाई परमेश्वरले उहाँको आफ्नै वचनमा राख्नु भएको छ? अथवा के तपाईलाई इथियोपियाको अभिलेख मनपर्छ (प्रेरित ८:३१) र थोरै सहायताको आवश्यकता छ? के तपाई बुझ्नको निम्ति पढदै हुनुहुन्छ? तपाईको अनन्तको भाग्य यसबाट निर्भर हुन्छ । -०-

# यो जस्तै अर्को कुनै पुस्तक छैनन

बाइबलको अप्राकृतिक चरित्रलाई सबैभन्दा उत्कृष्ट तरीकाले चारवटा भनाइहरुद्धारा वर्णन गरिएको देखिन्छ। प्रकाश, प्रेरणा, भरपर्दो र अधिकार।

**प्रकाशले** बाइबलको शुरुवाटलाई दर्शाउँछ। परमेश्वरको विचारबाट आएको मानिसहरुको निम्ति सन्देश हो। पत्रुस घोषणा गर्दछ, *" पवित्र धर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइनन्। किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएनन्, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन्"* (१ पत्रुस १:२०,२१)। "चलेको" शब्दको शाब्दिक अर्थ "सरेर ल्याएको" भन्ने बुझिन्छ। यो शब्दलाई जहाजको पाललाई हावाले उडाएर टाढा लै जाने बुझिन्छ। मानिसहरुले आफ्नै सन्देशहरु लेखेनन्, तर तिनीहरुले परमेश्वरबाट सन्देश प्राप्त गरे। धर्मशास्त्रलाई इन्कार गर्नु भनेको परमेश्वरले मानिसलाई दिनुभएको सम्वादलाई इन्कार गर्नु हो। *" परमेश्वर बोल्नुभयो"*, *" परमप्रभु भन्नुहुन्छ "* र *" प्रभुले भन्नुभयो"* भन्ने शब्दहरु बाइबलमा १,३०० पल्ट भन्दा पनि बढी प्रयोग गरेको पाउँछौं। यो पुस्तकको शुरुवाट ईश्वरीय प्रकाशबाट भएको थियो।


**प्रेरणा** शब्दको अर्थ परमेश्वरले आफ्ना इच्छाहरु प्रकट गर्नु भयो भन्ने लाग्छ। मूल शब्द ग्रीक *" थियोप्नोएटस"* बाट निकालेको हो, जसको अर्थ परमेश्वरले सास फेर्नुभयो भन्ने शाब्दिक अर्थ लाग्छ। "परमेश्वरले सास फेर्नुभएको पुस्तक बाइबल हो" (२ तिमोथी ३:१६)। अर्को तरीकाबाट भन्नुपर्दा परमेश्वरले आफ्ना सन्देशहरु– सबै वचनहरु (शब्दहरु) (१ कोरिन्थी २:१०-१३) - ती मानिसहरुलाई दिनुभयो जसले विश्वासयोग्यको साथ उहाँका अर्तीहरुलाई अभिलेख गरे। यी मानिसहरुले घोषणा गरे, जसरी दाऊले भन्यो, *" परमप्रभुका आत्मा मद्धारा बोल्नुभयो र उहाँको वचन मेरो मुखमा थियो"* (२ शमूएल २३:२)। यो दावाले फितलो विचारको सिद्धान्त जसलाई कहिलेकाहिँ "विचारको प्रेरणा" भन्ने गरिन्छ त्यसको विरुद्धमा विवाद गर्छन, तर बाइबलको पूर्ण प्रेरणालाई सहायता गर्छन्।

**भरपर्दो** शब्दले बाइबलको शुद्धता र विश्वासनियतालाई जनाउँछ। यसले कुनै नता इतिहासमा भुगोलमा, बिज्ञानमा र शिक्षामा गल्तीलाई थामिराखेको हुँदैनन्। सर्वज्ञानी सर्वशक्तिमान परमेश्वरले आफ्नो प्रकाशमा कुनै गल्ती गर्नुहन्न्। बाइबल विश्वासयोग्य तरीकाले अनुवाद गरी परिचालन गरेको भरपर्दो पुस्तक हो। बाइबलको विश्वानियता माथि अहिलेका रुढिवाढी खीष्टियानहरुले प्रश्नको केन्द्रविन्दु बनाउँदा धेरै नै तनाव हुन्छन्।

**अधिकार** बाइबलमा पाउँछौ। अधिकार परमेश्वरको वचन नै हो। यो परमेश्वरको आफ्नै विचारबाट आएको हो। उहाँले आफ्ना इच्छाहरु प्रकट गर्नुभयो, कोही मानिसहरुले यसलाई पर राख्ने अधिकार छैनन्। स्वर्ग र पृथ्वी सबै ठाउँमा उहाँको अधिकार र शक्ति छन् भनी येशूले दावी गर्नुभयो (मत्ती २८:१८)। -०-




# रोमी १४:१-१३



(१) के मासु खाने बारे खीष्टियानहरुले एकले अर्कालाई इन्साफ गर्नुहुन्छ? (पद ३)
(२) विश्वासमा कमजोर हुने मानिसलाई ग्रहण गर्ने भन्नाले के अर्थ लाग्छ? (पद १)
(३) यो सन्दर्भमा विश्वासमा कमजोर भएकाहरु को हुन्? (पद १-३)
(४) मानिसको व्यवहारप्रति इन्साफ गर्ने अधिकार को सँग छ? (पद ४)
(५) एउटा दिनलाई अर्को दिनभन्दा बढी महत्व मान्नु के गलत हो? (पद ५)
(६) के मानिससँग आफैलाई प्रशन्न तुल्याएर जीउने अधिकार छ? (पद ७)
(७) विश्वासीहरु कसको अधिनमा हुनुपर्छ? (पद ८)
(८) खीष्ट मर्नुभयो र फेरी बौरी उठनुभयो भनी पावलले किन भन्दछ? (पद ९)
(९) कसरी कमजोर खीष्टियानहरुले बलियो खीष्टियानहरुलाई इन्साफ गर्छन? (पद १०)
(१०) कसरी बलियो खीष्टियानहरुले कमजोर खीष्टियानहरुलाई घृणा गर्छन्? (पद १०)
(११) कसलाई न्यायको दिनमा हामी प्रत्येकले लेखा दिन्छौं? (पद १२)
(१२) पुरानो करारको कुन पद यहाँ पद ११ मा उद्धघृत गरेको छ?
(१३) यदि मानिसहरु एक दिन परमेश्वरको अघि झुक्नेछ र आफ्नो विश्वासलाई उहाँको सामुन्ने स्वीकार गर्दछन् भने के सबै मानिसहरुको उद्धार हुँदैनन?
(१४) एकले अर्कालाई इन्साफ गर्नुभन्दा खीष्टियानहरुले एकले अर्कालाई के गर्नुपर्छ? (पद १२,१३)

(यसको जवाफ पछाडि पानामा हेर्नु होला)

विश्वासमा कमजोर हुने मानिसलाई ग्रहण गर, तर उसको मतसम्वन्धी कुरामा वाद-विवाद गर्नलाई होइन् । कसैले सबै थोक खानु हुन्छ भनी विश्वास गर्छ, तर विश्वासमा कमजोर हुनेले चाहिँ सागसब्जी मात्र खान्छ । खानेले नखाने मानिसलाई तुच्छ नठानोस् र नखानेले खानेलाई दोष नलगाओस् । किनभने परमेश्वरले त्यसलाई ग्रहण गर्नुभएको छ । अर्काको चाकरलाई इन्साफ गर्ने तिमी को हौ? यो त आफ्नै मालिकको सामु खडा हुन्छ वा पतित हुन्छ । त्यो खडा गराइनेछ, किनभने त्यसका मालिकले त्यसलाई खडा गराउन सक्छ ।

कुनै मानिसले एउटा दिनलाई अर्को दिनभन्दा बढी महत्वको मान्छ, अर्को मानिसले सबै दिनलाई समान ठान्छ । हरेक मानिस आफ्नै मनमा पूर्ण रुपले निश्चित हुनुपर्छ । जुन व्यक्तिले खान्छ, त्यसले परमेश्वरलाई धन्यवाद दिन्छ । जुन व्यक्तिले खाँदैन्, त्यसले परमेश्वरको आदरको निम्ति खाँदैन र परमेश्वरलाई धन्यवाद दिन्छ । हामी कोही पनि आफ्नो निम्ति बाँच्दैनौ र कोही पनि आफ्नो निम्ति मर्दैनौ । यदि हामी बाँच्छौ भने प्रभुकै निम्ति बाँच्छौ र मर्छौ भने प्रभुको निम्ति मर्छौ । चाहे हामी बाँचौ, चाहे मरौ, हामी प्रभुकै हौ । यसैको निम्ति ख्रीष्ट मर्नुभयो र फेरी जीवित हुनुभयो; कि उहाँ मरेकाहरु र जीवितहरु दुवैका प्रभु होऊन । तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खडा हुनेछौं । किनकि लेखिएको छ, प्रभु भन्नुहुन्छ, जस्तो म छु, प्रत्येक घुँडा मेरो सामने टेकिनेछ, र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ । यसैले हामी हरेकले परमेश्वलाई आफ्नो लेखा दिनेछौ । यसैकारण हामी एउटाले अर्कालाई अब उसो इन्साफ नगरौ । बरु आफ्नो भाइको बाटोमा ठेस लाग्ने कुरो अथवा बाधा पार्ने कुरो कहिल्यै नराख्ने अठोट गरौं ।

नोटः- यो सर्न्दभमा ख्रीष्टियानहरुले एकले अर्कालाई आफ्ना विचारहरुको क्षेत्रमा कस्तो व्यवहार गर्ने भन्ने विषयलाई लेख्दछ । यदि कसैले केही कुरा गलत हो भनी विश्वास गर्छन भने उ त्यस कुरामा सहभागी भएकोले त्यो त्यसको निम्ति गलत हुन्छ, त्यही कुरामा अरु व्यक्ति सहभागी हुँदा तिनीहरुको निम्ति सही हुन सक्छन् । यहाँ पावलले मासु खाने वा दिनहरु मान्ने विषयलाई उदाहरणको रुपमा लिएका छन् । यी दुवै आफ्ना विचारका कुराहरु हुन र ख्रीष्टियानहरुले एक अर्कालाई इन्साफ गर्नुहुँदैनन् । कमजोरले बलियाहरुको इन्साफ गर्नुहुँदैन्, बलियाहरुले कमजोरीहरुलाई यस्तो तरीकाले हौसला दिनुहुँदैन कि उसले विश्वास गरेका कुराहरु गलत छन् । परमेश्वर हाम्रो न्यायकर्त्ता हुनुहुन्छ र परमेश्वरले नै हामी सबैको न्याय गर्नुहुन्छ भन्ने कुरा हामीले महशुस गर्ने पर्छ ।

केही कुराहरु जहिले पनि पापमय हुन्छन, तर यदि कुनै व्यक्तिले गलत तरीकाले विश्वास गरेका छन भने ती कुराहरु तिनीहरुको निम्ति मात्र पापमय हुन्छन् । सबै ख्रीष्टियानहरुको कर्तव्य एकले अर्कालाई निमार्ण गर्नु अथवा हौसला दिनु हो र अरु ख्रीष्टियानहरुलाई ठेस लाग्ने कुरा कहिल्यै पनि नगरौ । हामीले गरेका यस्ता सही कुराहरु पनि हुन सक्छन् जसलाई हामीले अरुको हितको निम्ति आफैलाई ती कुराहरु इन्कार गर्छौ । अरुहरुले गलत विश्वास गरेको कुराहरुलाई त्यस्ता कुराहरुमा हौसला नदिन हामी होशियार हुनुपर्छ । -०-

# भिन्नै सुसमाचार प्रचार गर्ने



सुसमाचार के हो भन्ने कुरा पावललाई थाहा थियो किनभने उनले त्यो सुसमाचार प्रचार गरेको थियो । यो ख्रीष्टको मृत्यु, गडाई, र पुनरुत्थानको असल सन्देश थियो (१ कोरिन्थी १५:१-४), उद्धार पाउनको निम्ति कसैले पालना गर्नुपर्ने आज्ञा हो (मर्कूस १६:१६; प्रेरित २:३८) । प्रभुमा विश्वास गरेर, पापप्रति पश्चात्ताप गरेर, ख्रीष्टलाई परमेश्वरको प्रभु भनी स्वीकार गरेर र पानीको बप्तिस्मामा गाडेर कोही सुसमाचारमा आज्ञाकारी मात्र हुने होइन् (२ पत्रुस ४: १७), तर उनको आज्ञाकारीताद्धारा प्रभुको मृत्यु, गडाई र पुनरुत्थानको पनि चित्रण गर्दछ (रोमी ६:३-६) । यो आज्ञाकारी विश्वासीहरुको मुक्तिको निम्ति ल्याउने कस्तो अच्चमको योजना हो ।

पावलले गलातीको मण्डलीहरुलाई लेख्दा यसो भन्दछन्, *“मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरुलाई बोलाउनुहुनेलाई यति चाँडै त्यागेर तिमीहरु भिन्न सुसमाचारतिर लागिरहेछौ । वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोही- केही छन्, जसले ख्रीष्टको सुसमाचार लाई भ्रष्ट पार्न खोज्दछन् । हामीले प्रचार गरेको सुसमाचारको विपरित हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गरे यो भने पनि त्यो व्यक्ति श्रापित होस् । हामीले अघिदेखि नै भनेजस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरुले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरित अरु कसैले तिमीहरुलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस”* (गलाती १:६-९) ।

पावलले भन्नुभएको कुरा तपाईले सुन्नुभयो र बुझ्नु भयो? गलातीका ख्रीष्टियानहरुले एउटै ख्रीष्टको सुसमाचारलाई सुन्यौ भनी उनी भन्दछन् । तिनीहरुले सत्यलाई छिट्टै नै त्यागेर अर्को सुसमाचारलाई स्वीकार गरेको सुन्दा उनलाई अचम्म लाग्यो । त्यो “अर्कौ सुसमाचार” मा बाङ्गोटिङ्गो सन्देश हुनुपर्छ, गलत सुसमाचार हुनुपर्छ, जसले तिनीहरुको आत्मालाई बचाउनुको सट्टा दोष दिन्छन् । पावल आफैले वा स्वर्गबाट आएका दूतहरुले नै पहिला प्रचार गरेर स्वीकार गरेका सुसमाचार भन्दा बेग्लै सुसमाचार प्रचार गर्छन भने ती झुटा शिक्षकहरु श्रापित होस् भनी पावलले निकै कडा चेतावनी दिएका छन् । पावलले भनेको कुरालाई अझै मजबुत बनाउदै उनी भन्दछन्, *“हामीले अघिदेखि नै भनेजस्तै म फेरी पनि भन्दछु, यदि हामीले प्रचार गरेका सुसमाचारको*

*विपरित कसैले तिमीहरुलाई प्रचार गर्दछ भने त्यो मानिस श्रापित होस् ।"*

मेरा मित्रहरु, यी चेतावनीहरु यो भन्दा बढी कति स्पष्ट हुन सक्छन्? एउटै सुमाचारलाई प्रचार गर्नुपर्ने आवश्यकतालाई कति जोड दिएको छ? परमेश्वरको सत्य सुसमाचारलाई परिवर्तन गर्न खोज्ने शिक्षकहरुको निम्ति वास्तवमा परमेश्वरको श्राप भन्दा ठुलो सजाय के हुन सक्छ? यदि उनले अर्कै सुसमाचार प्रचार गर्ने हिम्मत गऱ्यौ भने, पावल आफै, ख्रीष्टका प्रेरितहरु र स्वर्गबाट आएका दूतहरु पनि यो डरलाग्दो श्रापको सजायबाट उम्कन सक्दैनन् । निश्चय नै, सुसमाचारको सन्देशबाहक हुनको निम्ति परमेश्वरले स्वर्गदूतहरुलाई खटाउनु भएनन्- त्यो जिम्मेवारी उहाँले मानिसहरुलाई दिनुभयो । यदि पहिले नै प्रचार गरेको सुसमाचारभन्दा अलग्गै अर्कै सुसमाचार प्रचार गर्ने स्वर्गदूतहरुले साहस गर्लान, जो स्वर्गीय प्राणीहरु, उच्च पारिएका छन् तिनीहरुलाई छोडिने छैनन् भन्नको निम्ति पावलले स्वर्गदूतहरुको उदाहरण दिएको हो । यी सबैले हामीलाई बताउँछ कि प्रभुको शिक्षालाई महत्वदिने र त्यसमै लागिरहनु पर्छ भन्ने कुरालाई जोड दिएको छ । त्यसलाई कुनै पनि हालतमा परिवर्तन गर्ने वा बङ्ग्याउने कुरा गरेको छैनन् । कसैको आत्मालाई सत्यताले बचाउँछ, तर गलतले दोष दिनेछ । प्रभुको मार्गले कसैलाई स्वर्गसम्म डोहऱ्याउँछ, तर मानिसहरुका मार्गहरुले अनन्त विनाशतर्फ डोहऱ्याउँछ ।

धर्मशास्त्रको चेतावनीले हामीलाई वास्तवमा होशियार गर्छन् कि पावलको समयमा पनि झुटा शिक्षकहरु र झुटा सुसमाचार प्रचार गर्ने मानिसहरु थिए । उस्तै समस्याहरु आज पनि छँदै छन् । वास्तविक तथ्यहरु संकलन गर्ने हो भने उद्धार मुक्तिको निम्ति मानिसहरुले तपाईलाई दर्जनौ मार्गहरु बताउनेछन्, जसको अर्थ तिनीहरुले दर्जनौ अलगै सुसमाचारहरु सिकाइरहेका छन् । एउटा प्रख्यात शिक्षा जसले "विश्वासद्धारा मात्र" उद्धार पाइन्छ भनेर सिकाउँछन्, तरै पनि याकूव २:१७ र २४ मा घोषणा गर्दछ, *" विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो...तिमीहरु देख्तछौ कि कामद्धारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्धारा मात्र होइन् ।"*

अर्को प्रख्यात "झुटा सुसमाचार" "एकचोटीको उद्धार सधैको उद्धार" भन्ने हो । धर्मशास्त्रले ठिक त्यसको विपरित कुराहरु सिकाउँदछन्: *" तिमीहरु जो व्यवस्थाद्धारा धर्मी ठहरिन चाहन्छौ, तिनीहरु ख्रीष्टबाट अलग्ग भएका छौ । तिमीहरु अनुग्रहबाट तल खसेका छौ"* (गलाती ५:४) । *" अघिअघि जव तिमीहरुले परमेश्वरलाई चिनेका थिएनौ, तिमीहरु तिनका दास थियौ, जो स्वभावले नै देवहरु होइनन्, तर अव त तिमीहरुले परमेश्वरलाई चिनेका छौ, र पनि फेरि कसरी तिमीहरु ती निर्बल र शुरु शुरुका तुच्छ सिद्धान्तहरुतिर फर्कन्छौ र फेरि तिनका दास बन्न चाहन्छौ । मलाई त यस्तो लाग्छ, कि तिमीहरुका निम्ति गरिरहेको मेरो परिश्रम व्यर्थ भयो"* (गलाती ४:८,९,११) । सुसमाचार, मानिसले प्रभुको बारेमा जान्नुपर्ने कुराहरु, उद्धार कसरी पाउने भन्ने कुरा, र स्वर्ग जाने कुराहरु, गलत कुराहरुलाई स्वीकार गर्दा कस्तो परिणाम हुन्छन् भन्ने सबै कुराहरु उहाँले आफ्नो वचनमा स्पष्टसँग लेखिएका छन् । ता पनि मानिसहरु अन्धा जस्तै भएर परमेश्वरको इच्छालाई भन्दा मानिसहरुको सिकाइलाई पछ्याउन रुचाउँछन्,

यो दुःख लाग्दो कुरा हो । धार्मिक जगतमा मात्र यो सही कुरा होइन्, तर कोही कोही हाम्रै आफ्नै दाजुभाईहरु शत्रुहरुसँग मिल्न गएका छन् । तिनीहरुको गलत शिक्षाहरुलाई स्वीकार्दै विभिन्न सुसमाचारहरुलाई सत्य भनेर घोषणा गरिहेका छन् । भिन्नै प्रकारको सुसमाचार प्रचार गरेर परमेश्वरको सामुन्ने तिनीहरु श्रापित भएका छन् ।

मानिसहरुको शिक्षालाई पछ्याउन कसरी कोही-कोही मानिसहरुलाई सजिलो महशुस हुन्छ? यहाँ सजिलो व्याख्या छन्: धेरै मानिसहरुले बाइबल अध्ययन गर्दैनन् । परमेश्वरले तिनीहरुलाई कस्तो हुने र के गर्ने भन्ने कुरालाई बुझेका छैनन् । धेरै मानिसहरु आफैमा यस्तो भरोसा लिएर बस्छन् कि मलाई जे कुरा थाहा छैन त्यसले मलाई चोट पुऱ्याउँदैनन् । यदि उहाँले भन्नुभएका कुराहरु मानिसहरुलाई थाहा छैनन भने, ती कुराहरु पालन नगर्दा परमेश्वरले दोष दिनुहुन्न भन्ने कुरालाई तिनीहरुले विश्वास गर्छन् । धर्मशास्त्रले अज्ञानतालाई त्यसरी सान्त्वना दिँदैनन् । होशे ४:६ ले स्पष्टसँग चेतावनी दिन्छन्, *"मेरा प्रजा ज्ञानको कमीले गर्दा नष्ट भएका छन् । तिमीहरुले ज्ञानलाई इन्कार गरेका हुनाले, म पनि तिमीहरुलाई मेरा पूजाहारी हुनदेखि इन्कार गर्नेछु । तिमीहरुले आफ्ना परमेश्वरको व्यवस्थालाई बेवास्ता गरेका हुनाले, म पनि तिमीहरुका छोराछोरीको बेवास्ता गर्नेछु ।"*

जसले मानिसहरुको शिक्षालाई सिकाउँछ तिनीहरुलाई परमप्रभु आफैले दोष दिनुहुन्छ: *"तिनीहरु व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरुका शिक्षा मानिसहरुले सिकाएका विधि मात्र हुन "* (मत्ती १५:९) । "प्रभु-प्रभु *भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्ने छ "* (मत्ती ७:२१-२३) । फेरि, उहाँ भन्नुहुन्छ कि बहुसंख्यक मानिसहरु फराकिलो बाटोमा छन्, तर साँघुरो बाटोमा थोरै मात्र छन्, ज्ञानले जीवनमा पुऱ्याउँछ: *" साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुऱ्याउँने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरु धेरै हुन्छन् । किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो हुन्छ र बाटो कठिन हुन्छ, जसले चाहिँ जीवनमा पुऱ्याउँछ, त्यो भेट्टाउने थोरै नै हुन्छन्" (मत्ती ७:१३,१४) ।*

हाम्रो माझमा विभाजन सृजना गर्नेहरुलाई इन्कार गर्नुपर्छ भनी पावल भन्दछ: *" भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ति गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फुट र बाधा-बिघ्न सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस । किनभने त्यस्ताहरुले ख्रीष्ट हाम्रा प्रभुको निम्ति होइन, तर आफ्नै पेटको निम्ति सेवा गर्दछन् र तिनीहरुको मीठो-मीठो बोली र कुराले सीधासाधाहरुका हृदयलाई धोखा दिन्छन्"* (रोमी १६:१७,१८) । जसले ख्रीष्टको सिद्धान्तलाई अंगाल्दैनन् तिनीहरुमा परमेश्वर हुनुहुन्न भनी यूहन्नाले २ यूहन्ना ९ मा लेख्दछ । कृपया यी चेतावनीहरुलाई बेवास्ता नगर्नुहोस् र भिन्नै सुसमाचारलाई प्रचार गर्ने वा विश्वास गर्ने कुरालाई आँट नगर्नुहोस् । -०-

# ख्रीष्टियान हुनको निम्ति ख्रीष्टमा बप्तिस्मा लिन्छन् ।



"विश्वास गर्नुहोस् र बप्तिस्मा लिनुहोस्" भन्ने शिर्षक बोकेको पुस्तकमा लेखकले आफ्ना पाठकहरुलाई बप्तिस्माले ख्रीष्टमा परिवर्तन हुन्छन् र बप्तिस्मा भनेको भित्री मुक्तिको बाहिरी चिन्हमात्र हो भनेर व्यर्थरुपमा देखाउन खोजेको थियो । एउटा ठाउँमा लेखकले प्रेरित २:३८ पदलाई यसरी व्याख्या गर्दछः *" पाप क्षमाको निम्ति र पवित्र आत्माको वरदान पाउनको निम्ति तिनीहरुले पश्चात्ताप गर्नै पर्छ ।"* गलत प्रमाणित गर्न खोज्नु कस्तो लाजमर्दो हो । तपाईको बाइबलमा प्रेरित २ अध्यायलाई कसरी लेखेको छ? बाइबलले स्पष्टसँग बताउँदछः *" पत्रुसले तिनीहरुलाई भने, ' पश्चात्ताप गर, र तिमीहरुका पाप क्षमाको निमित येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ"* (प्रेरित २:३८) । बाइबलले सिकाउँदछ कि पाप क्षमाको निम्ति पश्चाताप र बप्तिस्मा दुवै हुनुपर्छ- पश्चात्ताप मात्र होइनन् । लेखकले आफ्नो पुस्तकको अर्को स्थानमा यसो लेख्दछ, *" ख्रीष्टियान बन्नको निम्ति कुनै मानिसले बप्तिस्मा लिदैनन, तर ऊ ख्रीष्टियान भएको देखाउन चाहनुहुन्छ ।"* बाइबलको पुस्तक गलाती ३:२७ ले भन्दछ, *" किनकि तिनीहरुमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरु सबैले ख्रीष्टलाई धारण गरेका छौ ।"* के कोही व्यक्ति ख्रीष्टलाई धारण नगरिकन वा ख्रीष्टमा नभइकन ख्रीष्टियान हुन सक्छन्? कसरी कोही मानिस ख्रीष्टमा हुन्छन? बाइबलले हामीलाई सिकाउँदछ कि ख्रीष्टमा बप्तिस्मा लिएर उहाँको रगतद्धारा हाम्रो पापको छुटकारा वा पापको क्षमा हुन्छ (कलस्सी १:१४) ।

प्रेरित पत्रुसले आफ्नो पहिलो पत्रमा बप्तिस्मालाई मुक्तिसँग जोडिएको छ र उदाहरणको निम्ति नोआको जहाज र जलप्रलयलाई लिइयो । उनले १ पत्रुस

३:२०,२१ पदमा यसरी लेख्यो, *" ती आत्माहरुले प्राचीनकालमा आज्ञापालन गरेनन्, जब नोआको समयमा जहाज बनाउँदा परमेश्वरले धैर्य धारण गरी पर्खिनुभएको थियो । त्यस जहाजमा थोरै, अर्थात आठ जना मात्र पानीद्धारा बचाइए । यही पानी बप्तिस्माको एउटा रुप हो, जसले तिमीहरुलाई बचाउँछ । यो शरीरको मैला हटाएजस्तो होइन्, तर शुद्ध विवेकको निम्ति परमेश्वर तर्फको एउटा प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू खीष्टको पुनरुत्थानद्धारा तिमीहरुलाई बचाउँदछ ।"* यो स्पष्ट अडकल गर्न सकिने कुरा हो कि जलप्रलयको पानीले नोआलाई नष्ट भएका अनाज्ञाकारीताको पुस्ताबाट अलग गरियो । त्यसरी नै पानीको बप्तिस्माले आज बचाइएका मानिसहरुलाई नष्ट हुने अनाज्ञाकारी मानिसहरुविच अलग गराउँछ । बप्तिस्मा लिनुभन्दा अगाडी कोही मानिस खीष्ट बाहिर हुन्छ; बप्तिस्मा लिइसकेपछि उ खीष्टमा हुन्छन् । प्रेरित पावलले रोमीहरुलाई लेख्दछ, *" के तिमीहरु जान्दैनौ हामी सबै, जतिले खीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? यसकारण बप्तिस्माद्धारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्धारा खीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिडौं"* (रोमी ६:३,४) । नयाँ जीवन अर्थात खीष्टमा नयाँ जीवन बप्तिस्मा अघि नभईकन बप्तिस्मा पछि शुरु हुन्छ । बप्तिस्मा अगाडी उ आफ्नै पापको दोषी हुन्छ, जब उसको बप्तिस्मा हुन्छ, उसका पापहरु धोई पखालिन्छ (प्रेरित २२:१६) । बप्तिस्माको क्रियाद्धारा परमेश्वरका आज्ञाकारी भएर उसले प्रभुको नाउँलाई पुर्कादछ । पाप क्षमाको निम्ति र विवेकलाई शुद्ध बनाउनको निम्ति कोही बप्तिस्मामा समर्पण हुन्छन् ।

आउनुहोस्, प्रेरितको पुस्तक आठ अध्यायबाट खीष्टमा परिवर्तन भएको दुईवटा घटनाहरुलाई अध्ययन गरौ । जब प्रचारक फिलिप सामरियाको शहरमा गए, उनले त्यहाँ *" परमेश्वरको राज्य र येशू खीष्टको नाउँको सुसमाचार "* प्रचार गरे । अर्को हरफले भन्दछ कि *" तव पुरुष र स्त्रीहरु दुवैले बप्तिस्मा लिए "* (प्रेरित ८:१२) यदि परमेश्वरको राज्य र येशू खीष्टको नाउँको सुसमाचार घोषणा गर्ने कुरामा बप्तिस्मा समावेश भएको छैनन् भने, सामरियाका मानिसहरुले बप्तिस्मा लिने कुरा थाहा नहुन सक्छन् । खीष्टको प्रचार र बप्तिस्मालाई अलग गर्न सक्दैनन् ।

त्यही अध्यायमा फिलिपले नपुसंकलाई *" येशूको प्रचार "* गरेको कथा हामी पढ्न पाउँछौ, त्यतिवेला तिनीहरु नपुंसकको रथमा बसेर यात्रा गरिरहेका थिए । अभिलेख गरेको कुराले भन्दछ, *" अनि उनीहरु बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाँउनेर आइपुगे । ती नपुंसकले भने, ' हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि के ले रोक्न सक्छ? फिलिपले भने, ' यदि सारा हृ दयले नै विश्वास गर्नुहुन्छ भने तपाइले बप्तिस्मा लिन सक्नुहुन्छ । तिनले जवाफ दिए, ' येशू खीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु । तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए "* (प्रेरित ८:३६-३८) । फिलिपले नपुसंकलाई येशूको बारेमा प्रचार गऱ्यो । नपुसंकले त्यति नै खेर त्यहाँ बप्तिस्मा लिन चाहे । यसले के देखाउँछ? त्यसले यो स्पष्ट देखाउँछ कि बप्तिस्माको बारेमा प्रचार गरिएको छैनन् भने वास्तविक रुपमा खीष्टलाई प्रचार गरिरहेको हुँदैन् । यदि मैले खीष्टलाई प्रचार गरिरहेको छु भने मैले बप्तिस्मालाई पनि प्रचार गर्नै पर्छ । बप्तिस्माको बारेमा प्रचार गर्नु खीष्टको सुसमाचारलाई प्रचार गर्नु हो (मर्कूस १६:१५,१६) । -o-



# परमप्रभुको दिन


प्रेरित पत्रुस लेख्दछ, *"तर प्रभुको दिन त चोर जस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठुलो आवाजसाथ बितिजानेछ, तत्वहरु आगोको रापले पग्लिने छन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन् । यी सबै कुराहरु यसरी पग्लन्छन भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरु कस्ता किसिमका मानिस हुनुपर्छ? तिमीहरु परमेश्वरको दिन प्रतिज्ञा गर्दछौ, त्यस दिनलाई नजीक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरु जलेर भस्म हुनेछन्, र तत्वहरु आगोको रापमा पग्लनेछन् । तर उहाँको प्रतिज्ञा बमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौ, जसमा धार्मिकताले बास गर्छ । यसकारण प्रिय हो, तिमीहरु यी कुराको प्रतिक्षा गर्नेहरु भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरु दाग वा खोट नभएकताहरु र शान्तिमा बस्नेहरु हुन प्रयत्न गर"* (२ पत्रुस ३:१०-१४) ।

यो संसारको विनाश हुनेछ भनी पत्रुसले समयको अन्त्यको बारेमा वर्णन गर्‍यो । हाम्रो जीवनको उद्देश्य त्यो दिनको निम्ति तयार हुने हो, जुन दिन रातमा चोर जस्तै गरी आउनेछन । प्रत्येक मानिसहरुको निम्ति हरेक परिस्थितिमा यो संसारको जीवन छोटो हुन्छ । नयाँ स्वर्ग र पृथ्वीको निम्ति तयार गर्ने कुरालाई हामीले सबैभन्दा ठुलो प्राथमिकता दिनुपर्छ । किनभने हामी त्यहाँ सदाकालको निम्ति बास गर्नेछौ ।

पत्रुसले यी वचनहरु लगभग २००० वर्ष अघि लेखेको थियो । कसैले यो शिक्षालाई गिल्ला गर्नेछन् र चेतावनीहरुलाई वेवास्ता गर्नेछन् (२ पत्रुस ३:३,४) । पत्रुस भन्दछन् कि परमेश्वरले आफ्नो प्रतिज्ञाको बारेमा ढीला गर्नुहुन्न (२ पत्रुस ३:९) । उहाँले भन्नु भए अनुसार उहाँले गर्नुहुनेछ । हामी यो समयमा बाँचिरेहका छौ जहाँ संसार समस्या र अनिश्चितताले भरिएको छ । धेरै मानिसहरु लडाई, भोक, रोग र अपराधले कष्ट भोगिरहेका छन् । ख्रीष्ट र उहाँका राज्यद्धारा यस्ता कठोर परिस्थितिहरुलाई हटाउन सक्छौ (मत्ती ११:२८-३०) । हाम्रो संसारिक अस्तित्वको निम्ति धेरै मानिसहरु प्रत्येक दिनको आवश्यकता र जतिलताको शिकारमा परेका छन् । ख्रीष्टमा मात्र राहत छन् । यदि हामी ख्रीष्टमा विश्वासयोग्य भएका छौ भने यो जीवनमा र स्वर्गमा अनन्त जीवनको बिश्राम हुनेछन् भनी हामीले प्रतिज्ञा पाएका छौ । पत्रुसले सुझाव दिए जस्तै हामी *"नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं"* (२ पत्रुस ३:१३) । यो संसारको विनाशपछि त्यो हुनेछ । जो तयारी भएका छन् तिनीहरुको निम्ति परमप्रभुको त्यो दिन महान दिन हुनेछन् । यसकारण पत्रुसले २ पत्रुस ३:१८ मा लेख्दछ, *"तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ र उहाँलाई अहिले र सदासर्वदा महिमा होस् आमिन ।"* जो आत्मिकरुपमा बृद्धि भैरहेको छ, अन्त्य आँउदा तिनीहरु स्वर्गको निम्ति तयार हुनेछ ।

-o-

# तपाई कुन जुवा बोक्नु हुन्छ?



*" हे सबै थाकेका र बोझले दबिएका हो, म कहाँ आओ, म तिमीहरु लाई बिश्राम दिनेछु । मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरुले आफ्ना आत्मामा बिश्राम पाउने छौ । किनकि मेरो जुवा सजिलो छ र मेरो भारी हलुको छ "* (मत्ती ११:२८-३०) । हामी पापको भारीले थकाउने कुराहरुबाट कष्ट भोग्नुपर्दैनन् । येशूले आराम दिनुहुन्छ ।

तर, बिश्रामको निमित्त निमन्त्रणा दिदैं विचमा जुवाले के गरिरहेका छन्? जुवामा दुईजोडी पशुहरुको बोझ हुन्छन् । तिनीहरुको घाँटीमा जुवा बाँधेको हुन्छ, त्यसकारण तिनीहरु दुवैले खेत जोत्न सक्छन् । जुवाले प्रायजसो अधिनता र वन्धनको संकेट दिन्छ । जुवाले वास्तविक रुपमा विश्रामको सुझाव दिदैनन् ।

हामी येशूकहाँ आउनु अघि पापको जुवामा बाँधिएका थियौ । यो सत्य हो । आफ्ना मानिसहरुको पक्षमा यर्मिया कराउँछन्, *" मेरा पापहरु एक जुवामा बाँधिएका छन् । उहाँकै हातद्धारा ती बाँधिए, ती मेरो काँधमा राखिएका छन्, परमप्रभुले मेरो बल घटाउनुभएको छ "* (विलाप १:१४) । सबैजना कि त पापको दासत्वमा छन् जसले मृत्युमा दोहऱ्याँउछ वा आज्ञाकारिताको दासत्वमा छन् जसले धार्मिकतामा दोहऱ्याँउछ (रोमी ६:१६) । जव तपाई पापको जुवा बोक्नुहुन्छ, त्यो जुवा फलाम जस्तै हो, पापले त्यो बोझलाई हलुका पार्न आफुतर्फ खिचिरहेको हुँदैनन् । खीष्ट विनाको कठिन जीवन खराबको बोझ मात्र हो ।

जीवनको अन्तिम हलचलप्रति कार्य गरिरहँदा छनौट जुवाको बोझ भैरहने होइन, तर कुन जुवालाई अँगाल्ने । हामी पापको जुवा बोकेर बसिरहन सक्छौ जुन मृत्युको बोझ हो वा हामी खीष्टमा जोडिन सक्छौ । उहाँको जुवा सजिलो र उहाँका भारी हलुको छ ।

कामको निम्ति उहाँको शक्तिमा खिच्ने र काम नसकिएसम्म उहाँको विनम्र र कोमल संगतमा आनन्द गर्ने- हामी उहाँको त्यो जुवामा विश्राम गर्न सक्छौ ।

-o-

# मण्डली परमेश्वरको वासस्थान



मण्डलीले उद्धार गर्दैनन्- मण्डली उद्धार भएकाहरुको समुह हो । मण्डली आत्मिकरुपमा जीवित भएका व्यक्तिहरु हुन् । यसलाई विभिन्न तरीकाले वर्णन गरिएको छ । नयाँ नियममा यसका उदाहरणहरु छन् । एफिसीको पुस्तक २ अध्याय जतिकै चुनौतीका कुराहरु अरु ठाउँहरुमा पाउँदैनौ । परमेश्वरको वासस्थानको रुपमा मण्डलीलाई वर्णन गरेको छ । पावलको भनाइ अनुसार प्रत्येक ख्रीष्टियानहरुलाई ख्रीष्ट जस्तै बनाउनको निमित्त परमेश्वर काममा लागिरहनुभएको छ (२ कोरिन्थी ३:१८) । आफ्नो वासस्थानमा ख्रीष्टियानहरुलाई मिलाएर राख्नको निम्ति पनि परमेश्वर कार्यमा हुनुहुन्छ । मण्डली पवित्र मन्दिर हुनुपर्छ ।

यसको प्रतिक्रियामा निम्न प्रश्नहरु उपयुक्त हुन्छनः कसरी संघर्ष गरिरहेका, अपूर्ण, अयोग्य, क्षमता नभएका ख्रीष्टियानहरु परमेश्वरको निम्ति वासस्थान हुन सक्छ? तर उपयुक्त प्रश्न यो हुन्छः के अपूर्ण, अयोग्य, क्षमता नभएका, श्रापित, संघर्षमा जुटिरहेका ख्रीष्टियानहरुसित परमेश्वर आफ्नो निम्ति वासस्थान बनाउनु हुन्छ? भाग्यवश, परमेश्वरले यो कसरी गर्नुहुन्छ भन्ने हामीले दायित्व बोक्नु पर्दैनन् । तै पनि, तल दिएका कुराहरुलाई हामीले सकारात्मक रुपमा स्वीकार गर्ने मौका मिलेका छौंः

*"यसरी अब तिमीहरु बिदेशी र प्रवासी होइनौ, तर सन्तहरुसँग तिमीहरु सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरु भएका छौ । त्यो घराना प्रेरितहरु र अगमवक्ताहरुको जगमाथि बसालेर निमार्ण भएको छ, ख्रीष्ट येशू आफैंचाहिँ मूख्य-कुने ढुङ्गो हुनुहुन्छ । उहाँमा पुरै घर ठीकसँग एकै साथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ । अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरु पनि उहाँमा एकसाथ निमार्ण हुँदै जान्छौ"* (एफिसी २:१९-२२) ।

परमेश्वर मण्डलीमा काम गर्दै हुनुहुन्छ । परिवारलाई सुरक्षित राख्न मात्र नभएर त्यो भन्दा पनि निकै परको काम उहाँ गर्दै हुनुहुन्छ । सम्पूर्ण शरीर एकसाथ प्रभुमा पवित्र मन्दिर बढ्दैजान ठिकठिक मिलेको हुन्छ । परमेश्वर काम गर्दै हुनुहुन्छ, शरीरका सदस्यहरुलाई ठिकसँग एकसाथ मिलाएर राख्ने काम गरिराख्नु भएको छ । परमेश्वर कारीगरको मालिक हुनुहुन्छ । उहाँ निमार्ण गर्ने कामको जिम्मावाला हुनुहुन्छ । उहाँले ढुङ्गाहरुलाई सही रीतिले राख्नुहुन्छ । बनाउने कामको संरचनालाई अवरोध गर्ने कुराहरुलाई उहाँले हटाउदै हुनुहुन्छ । परमेश्वरले ढुङ्गाहरुलाई मिलाउँदै हुनुहुन्छ । उहाँ नै हुनुहुन्छ जसले आफ्नो मन्दिरको खाँवाहरुलाई मिलाएर राख्नुहुन्छ । यो निकै भव्य र सनसनाहतको सत्य हो । यो अच्चमलाग्दो छ र नम्र पूर्वक विचार गर्नुपर्छ ।

-o-

# यो पुस्ताको निम्ति प्रश्न

*"हे यस पुस्ताका मानिस हो, परमप्रभुको वचनमा विचार गर...आफ्ना चाल बदलिदै तँ किन यसरी यताउता हिँडिबस्छेस्"* (यर्मिया २:३१, ३६)?

विनाश हुन लागेको राष्ट्रको निम्ति यर्मियाद्धारा परमेश्वरको आखिरी वचनहरु दिएको थियो । यहूदाका भाग्य तय भएको थियो । तिनीहरुलाई पश्चाताप गर्न बोलाइएका थिएनन् । तिनीहरुलाई दोष र दण्डआज्ञा लगाएको थियो । तिनीहरुले संसारको स्तर, राष्ट्रहरु र ईश्वरहरुसित परमेश्वरलाई साटफेर गरेका थिए ।

यहूदाका मानिसहरुले परिवर्तन चाहिरहेका थिए । तिनीहरुका परमेश्वर, उहाँको वचन, तिनीहरुको धार्मिक सम्पदा उनीहरुको निम्ति वहिष्कार गरेर नसुहाउने भैसक्थ्यो । त्यसैले उनीहरु परिवर्तन भए । तिनीहरुको वरपर भएका मानिसहरुसँग मिल्ने हिसावले तिनीहरु परिवर्तन भए । परमेश्वरको वचनद्धारा तिनीहरुलाई पवित्र जाति भनेता पनि तिनीहरुले त्यस्तै गरे ।

यरुशलेम विस्तारै अनेकताको शहर भए । सबै ईश्वरहरुको त्यहाँ आराधना गर्थे । सबै विश्वासहरुलाई स्वीकार गरेका थिए । आशावादी निकै चरम विन्दुमा थियो र नकारात्मक स्वभावलाई सहदैन्थ्यो । भविष्यवक्ताले यहूदाको भविष्यको वारे निकै आशापूर्वक र आनन्दले भविष्यवाणी गरेको थियो । यी सबै भएता पनि बेबिलोनका राजा नबुकदनेसरको सिपाहीहरुले तिनीहरुलाई जित्ने तयार परमेश्वरले गरिरहनु भएको थियो, जुन कुरा इ.पू. ६०६ मा पुरा भयो ।

अहिलेको मण्डली र त्यतिबेलाको यहूदाका मानिसहरुविचको समस्याको तुलनालाई म यहाँ देख्दछु । परमेश्वर, उहाँको मण्डली, र हाम्रो धार्मिक सम्पदा हाम्रो निम्ति नसुहाउँदो भएका छन् । त्यसैले तिनीहरु परिवर्तन भए । तिनीहरुका वरपर बसेका मानिसहरुसँग मिल्नको निम्ति तिनीहरु परिवर्तन भए । परमेश्वरको वचनद्धारा तिनीहरुलाई पवित्र जाति हुन आज्ञा गरेता पनि तिनीहरुले त्यसै गरे ।

कोही झुण्डहरु विस्तारै अनेकताका मण्डलीहरु भए । हरेकले सबै प्रकारका विश्वासलाई स्वीकार गर्न थाले । आशावादी निकै उच्चतम र कुनै पनि नकारात्मक स्वभावलाई सहदैन्थ्यो । प्रचारकले तिनीहरुको भविष्यबारे निकै आशापूर्ण र आनन्दको सन्देश घोषणा गरे । तै पनि मलाई अच्चम लाग्दछ कि परमेश्वरले के कुरा साँची राख्नु हुन्छ ।

जुन मण्डलीहरुले संसारसँग मिल्नको निम्ति दवाब दिएर परिवर्तन हुन चाहिरहेका छन् । वास्तवमा तिनीहरुले परमेश्वरको सेवा गरिरहेका हुँदैनन् । तिनीहरुले परमेश्वरलाई अपमान गर्छन् । यदि तिनीहरुले लगातार त्यस्तै गर्दछन् भने प्रभुले तिनीहरुको विनाश तयार गर्नु हुनेछ ।

प्रश्न आफै उभिन्छ, *"आफ्ना चाल बदलिदै तँ किन यसरी यताउता हिँडिबस्छेस्?"* -o-

# मेरो परिवार को हो?

प्राय जसो मानिसहरुलाई यो प्रश्नको जवाफ निश्चय नै थाहा हुनुपर्छ । जव उहाँका आमा र भाइहरुले उहाँसँग बातचित गर्न चाहिरहेका थिए भनेर उहाँलाई तिनीहरुले जानकारी दिए तव निश्चय नै येशूको सहकर्मीहरु प्रति उहाँको स्वभाव यस्तै थियो । येशूले अच्चमित तरीकाले सोध्नुभयो, *" मेरो आमा को हो, मेरो भाइहरु को हुन्?"* सुन्ने स्रोताहरुलाई प्रश्नले विना शंका अलमल्ल पाऱ्यो । येशूले आफ्नो प्रश्नको जवाफ आफैले दिनुभयो, *" अनि उहाँले आफ्नो हातले चेलाहरुलाई देखाउँदै भन्नुभयो, 'हेर मेरी आमा र मेरा भाइहरु । किनभने जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्दछ, त्यही नै मेरो भाइ र मेरी बहिनी र मेरी आमा हुन्"* (मत्ती १२:४९,५०) । येशूको जवाफबाट हामी परमेश्वरको परिवार हुनुको महत्व र बृहत दृष्टिकोणलाई हेर्ने पाठहरु सिक्न सक्छौ ।

पहिलो, हामी सिक्छौ कि **परमेश्वरसँग आफ्ना इच्छाहरु छन् र त्यो थाहा पाउन सकिन्छ ।** परमेश्वर उहाँसँगको मानिसहरुको सम्वन्धवारे मानिसको विचारमा सन्तुष्ट हुने एउटा प्रमुख कारण जान्न सकिदैनन् भनी मानिस भन्छन् । यदि यो कुरा सत्य हो भने येशूका वचनहरु हौसला र आशाको सट्टामा निराशा हुन पुग्छन् । यदि परमेश्वरका इच्छाहरु जान्न सकिदैनन भने त्यो व्यक्ति परमेश्वरको परिवारको हिस्साको रुपमा गन्न सकिदैनन् ।

दोस्रो, **परमेश्वरको इच्छा पुरा हुनै पर्छ ।** परमेश्वरको इच्छा जान्नको निम्ति कोही आउँछन् भने त्यो निश्चय नै सबैभन्दा ठुलो उपलब्धी हुन्छ । जव कसैले उहाँको इच्छालाई पुरा गर्छन भने त्यो अझै महान हुन्छन् । यो निश्चय नै मानिसहरुको निम्ति ठुलो चुनौटी हो जसलाई प्रायजसो धर्मशास्त्रमा सम्बोधन गरेको छ । येशूले डाँडाको उपदेशलाई बृद्धिमानी र मूर्ख मानिसले घर बनाएको दृष्टान्तद्धारा अन्त्य गर्नु भएको छ, जसमा उहाँको वचन सुन्ने मात्र नभएर पालन गर्नु अति आवश्यक छ भन्नुहुन्छ (मत्ती ७:२४-२७) । त्यस्तै गरी, याकूवले वचन सुन्ने मात्र नभएर पालन गर्ने हुनुपर्छ भन्दछन् (याकूव १:२२-२७) । येशू भन्नुहुन्छ, *" यदि तिमीहरुले यो कुरा जान्यौ र ती गऱ्यौ भने, तिमीहरु धन्य हुनेछौ"* (यूहन्ना १३:१०) ।

तेस्रो, **हामीले हाम्रा इच्छाहरु परमेश्वरमा राख्नुपर्छ ।** जो धार्मिक क्रियाकलापहरुमा सहभागी भएर परमेश्वरको इच्छाहरु पुरा गर्न वास्तवमा चुकिरहेका हुन्छौ तिनीहरुको निम्ति धर्मशास्त्रको चेतावनी महत्वपूर्ण हुन्छन् (मत्ती ७:२१-२३; मर्कूस ७:८,९,१३) । शायद परमेश्वरको इच्छालाई पुरा गर्न अवलोकन हुने अर्थयुक्त कुरा आफ्नै इच्छा हो । परमेश्वरको इच्छा पुरा गर्नको निम्ति येशूले आफ्नै इच्छाहरु, कष्टका ज्वालाहरु माथि विजय प्राप्त गर्नुभयो । गेतसमनीको बगैचामा उहाँले गर्नु भएको प्रार्थना अझै पनि स्पष्टरुपमा गुन्जिरहन्छन्, *" मेरो इच्छा होइन् तर तपाईको इच्छा पुरा होस्"* (लूका २२:४२) ।

यदि हाम्रो संसारिक परिवारमा परमेश्वरले संरचान गर्नु भए अनुसार आशिष दिनुभएको छ भने साँच्चिनै हामी आशिषित हुन्छौ । तर यदि हामी परमेश्वरको परिवारमा साँच्चिनै छौ भनी दावी गर्न सक्षम भयो भने हाम्रो आशिषलाई कुनै कुरासँग पनि तुलना गर्नुपदैनन् । -०-

# ईश्वरीय वातावरण



के माछा पानीमा जस्तै पानी बाहिर राम्रोसँग जीउन सक्छ? के मानिस पानी बाहिर जिए जस्तै पानी भित्र राम्रोसँग जिउन सक्छ? माछा पानीभित्र जीउनको निम्ति सृष्टि गरिएको प्राणी हो । मछा पानीविना बाँच्न सक्दैनन् । तर मानिस पानी बाहिर जीउनको निम्ति सृष्टि गरिएको प्राणी हो । मानिस पानीभित्र जीउन सक्दैनन् । सबै कुरा परमेश्वरले तिनीहरुको जीवनको अवस्था अनुसार गर्नु सृजनु भएको थियो । त्यही वातावरणको निम्ति सृष्टि गर्नुभएको हो ।

मानिसहरुको आत्मिक जीवन उकास्नको निम्ति परमेश्वरले मण्डली स्थापना गर्नुभयो । यसले आत्मिकताको निम्ति आवश्यक पर्ने तत्वहरुलाई अँगाल्छन् । जसरी माछा पानी बाहिर जीउन सक्दैनन्, त्यसरी नै मण्डली बाहिर कोही मानिस ख्रीष्टियान जीवन जीउन सक्दैनन् ।

मुक्तिसँग मण्डलीको कुनै सम्वन्ध छैनन भन्ने शिक्षा ख्रीष्टियान जगतमा अँगीकार गरेको छ, जुन एउटा विश्वास गर्न नसक्ने शिक्षाको प्रादुभाव परेको हो । बहुसँख्यक मानिसहरुले विश्वास गर्छन कि मानिसहरु मण्डली भित्रको साथै मण्डली बाहिर पनि उद्धार पाउन सक्छन् ।

मुक्तिदाताले आफ्नै रगतद्धारा मण्डलीलाई किन्नुभयो (प्रेरित २०:२८) । मण्डली ख्रीष्टको शरीर हो (एफिसी १:२२,२३; कलस्सी १:१८) । ख्रीष्ट मण्डलीको शिर र शरीरको मुक्तिदाता हुनुहुन्छ (एफिसी ५:२३) । ख्रीष्टको रगतको आत्मिकी लाभ नै उहाँको शरीर, अर्थात मण्डलीलाई उहाँले किन्नुभएको थियो । मण्डली शब्द ग्रीक भाषा एक्लेसियाबाट अनुवाद गरिएको थियो जसको अर्थ *" बोलाइएकाहरु "* भन्ने लाग्छ । सुसमाचारको बोलावटलाई जवाफ दिएका मानिसहरुबाट नै मण्डली बनेको हुन्छ (२ थेसलोनिकी २:१४), जसले यसको अवस्थालाई पुरा गर्छन (मर्कूस १६:१५,१६; प्रेरित २:३८-४१), संसारबाट फर्केर आउँछन् र रगतद्धारा धोइएर मण्डलीको सदस्यताको रुपमा निमार्ण हुन्छन (प्रेरित २:४७; कलस्सी १:१२-१४; २:११-१३) । के परमेश्वरको सत्यतासँग समानता छ भनेर हामी भन्न सक्छौ कि मानिसले ख्रीष्टको रगतविना उद्धार पाउन सक्छ? यदि मानिसहरुले मण्डली (शरीर) बाहिर उद्धार पाउँछ भने मानिसहरुले ख्रष्टिको रगतविना नै उद्धार पायो, जुन उहाँले रगतद्धारा किन्नुभयो (प्रेरित २०:२८) ।

परमेश्वरले हाम्रो निम्ति सृष्टि गर्नुभएको आत्मिकी जीवनको सत्य वातावरणलाई प्रतिस्थापन नगर्ने कुरालाई हामीले स्वीकार गर्नै पर्छ । येशूले भन्नुभयो, *" म मेरो मण्डली स्थापित गर्ने छु"* (मत्ती १६:१८) । बाइबलमा हामीले अध्ययन गर्न पाउने मण्डली नै सत्य मण्डली हो । यो सम्प्रदाय होइन्, नता सम्प्रदायसँग कुनै सम्वन्ध नै राख्छ । यो ईश्वरीय संगठन हो । परमेश्वरको शक्ति र बुद्धिद्धारा मानिसहरुको आत्मिक कल्याणको निम्ति मण्डली स्थापना भयो । जव मानिसहरुले ख्रीष्टको सुसमाचारलाई पालन गर्छन, त्यतिवेला मानिसहरु यो ईश्वरीय वातावरणमा थपिन्छ ।

-०-

# कठिन पदहरुको द्रूत टिप्पणी

## यूहन्ना १७:२०-२३

**२० म यिनीहरुको निम्ति मात्र प्रार्थना गर्दिन, तर यिनीहरुका सन्देशद्धारा म माथि विश्वास गर्नेहरुका निम्ति पनि प्रार्थना गर्छु,**

**२१ कि तिनीहरु सबै एक होऊन् । हे पिता, जसरी तपाई ममा हुनुहुन्छ र म तपाईमा, त्यसरी तिनीहरु पनि हामीमा होऊन र तपाईले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस् ।**

**२२ जुन महिमा तपाईले मलाई दिनुभएको छ, मैले तिनीहरुलाई दिएको छु, ताकि हामी एक भएझै तिनीहरु पनि एक होऊन् । २३, म तिनीहरुमा अनि तपाई ममा र तिनीहरु पूर्ण रुपले एक होऊन, र तपाईले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभए जस्तो तपाईले तिनीहरुलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस् ।**

खीष्टमा भएका विश्वासीहरुको पूर्ण एकताले परमेश्वरले खीष्टलाइ संसारमा पठाउनु भएको हो भन्ने कुराले अविश्वासीहरुलाई पत्यार गराउँछ । उहाँलाई प्रभु भनेर दावा गर्नेहरुको निम्ति यो भयानक खण्ड हो जसले गर्दा धेरै आत्माहरुले फर्केर उहाँलाई पछ्याइरेका छन् ।

उहाँलाई धोखा दिनुभन्दा र क्रुसमा टाँगिनुभन्दा अगाडि प्रभुले बोल्नुभएको यी केही आखिरी शब्दहरु हुन् । यी कुराहरु उहाँको निम्ति निकै महत्वपूर्ण थियो भन्ने कुरा हामीले विश्वास गर्नै पर्छ ।

उहाँ आफ्ना पितासँग बोल्दै हुनुहुन्छ । उहाँले के माग्नुभयो? उहाँले एकता, एकत्व माग्नुभयो । यो प्रार्थनाबाट हामीले महत्वपूर्ण सत्यताहरु सिक्न सक्छौं ।

परमेश्वर एकै जना व्यक्ति हुनुहुन्छ, कहिलेकाहिँ आफैलाई येशूको भूमिकामा, कहिलेकाहिँ पवित्र आत्मा, कहिलेकाहिँ आफैलाई चित्रण गर्नुहुन्छ भनी विश्वास गर्नेहरु पनि छन् ।

जसरी पिता र उहाँ एक हुनुहुन्छ, त्यसरी नै उहाँलाई पछ्याउनेहरु पनि एक होस् भनी यो अनुच्छेदमा उहाँले प्रार्थना गर्नुहुन्छ । "एक"– हृदय र उद्देश्यमा एकता भएको - एकतामा एक, एक वचनमा होइन् । हिब्रू भाषामा "एलोहिम" परमेश्वरलाई प्रयोग भएको शब्द हो, जुन बहुवचनमा प्रयोग हुन्छ । परमेश्वरको अर्थ एकता भएको तर एकवचन प्रयोग नभएको लाग्छ ।

# अब्राहामको विश्वास



हाम्रो धार्मिक जगतमा हामी विश्वासबारे धेरै सुन्छौ । धेरै मानिसहरुले विश्वास गर्छन कि विश्वासद्धारामात्र उद्धार भएको छ, र हामीसँग विश्वास छन् भनेर धेरैले भन्दछन् । यदि उसको उद्धार हुन चाहन्छन् भने त्यो व्यक्तिमा हुनै पर्ने विश्वासको बारेमा पावलले रोमीको पुस्तक ४ अध्यायमा छलफल गर्छन । तर उनले यो विश्वासलाई शैक्षिक तरीकाले परिभाषित गरेको छैनन् । त्यसको सट्टामा उनले सामान्यतया अब्राहामको उदाहरण दिन्छन् । रोमी ४:१२ मा पावल लेख्छन् कि अब्राहाम खतना गरिएका र बेखतना दुवैका पिता हुन् । यदि तिनीहरु (यहूदी र अन्यजाति) *"जसको खतना मात्र भएको होइन् तर जसले विश्वासको त्यही नमूनालाई पछ्याउँछन, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थियो ।"* अब्राहाम हाम्रो उदाहरण हो भन्ने कुरा हामीले हेरेको पावल चाहन्छन् । यदि हामीमा पनि अब्राहाममा भएको जस्तो विश्वास छ भने हामी विश्वासद्धारा बचाइन सक्छौ । हामीले पनि उसले जस्तै गर्नै पर्छ भनेको होइन् तर हामीमा त्यस्तै प्रकारको विश्वास हुनुपर्छ भन्न खोजेको हो । अब्राहाममा कस्तो प्रकारको विश्वास थियो?

सर्वप्रथम, हामी हेर्छौ कि **अब्राहामको विश्वास परमेश्वरमा थियो** । याद गर्नुहोस् रोमी ४:१७ मा उनले परमेश्वरबारे के विश्वास गरेको थियो । उनले विश्वास गऱ्यो कि परमेश्वरले *"मरेकाहरुलाई पनि जीवन दिनुहुन्छ र अस्तित्वमा नभएका थोकहरुलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ ।"* अब्राहामको विश्वास आफैमा वा संसारका सम्भावनाहरुमा थिएनन् । उनले परमेश्वरमा विश्वास गऱ्यो कि उहाँले मरेकाहरुलाई जीवन दिनुहुन्छ, धेरै मात्रामा उनको र साराको भौतिक शरीर सन्तान जन्माउनको निमित्त निकै वृद्ध भैसकेपछि इसहाकको अप्राकृतिक रुपबाट जन्मको प्रतिनिधित्व गरेका छन् । तै पनि अब्राहामले त्यस्तो भएको कहिल्यै पनि देखेनन् र हामीलाई थाहा भएसम्म त्यस्तो आश्चर्यकर्महरु कहिल्यै देखेनन् । यद्यपी ठुलो राष्ट्रको पिता हुनेछन् भन्ने कुरामा अब्राहामले विश्वास गरे । उनले सामान्य तरीकाले विश्वास गरे किनभने त्यस्तो हुनेछन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो । यदि परमेश्वरले केही कुरा हुनेछन भनी भन्नुभयो भने विना प्रश्न त्यो अवश्य हुनेछ । उनको विश्वास पूर्ण थिएनन् । तर यो विश्वास पूर्ण र सिद्ध परमेश्वरमा थियो ।

तपाईको विश्वास के मा छ? मैले पहिला नै भने अनुसार, धेरैले भन्नेछन् कि तिमीहरुसँग विश्वास छन् तर के मा विश्वास? तिनीहरुले कुनै ठाउँहरुमा विश्वास गर्छन; यस्तो प्रकारको विश्वासको बारेमा आधुनिक पुस्तकहरुले सहायता गर्छन । कुनै स्थानहरुमा आफैले आफैलाई विश्वास गर्छन, जसमा तिनीहरुले केही गरेका

छन् वा गरेका छैनन् । तिनीहरु असल मानिसहरु हुन् । तिनीहरुले असल जीवन बिताएका छन् । त्यसैले तिनीहरुको उद्धार हुन्छन भन्ने कुरामा तिनीहरु भरोसा गर्छन् । अरु ठाउँहरुमा हेर्दा तिनीहरुको विश्वास धर्ममा छन् । तिनीहरुले जुनसुकै धर्मलाई पनि इमान्दार साथ पछ्याएको कारणले तिनीहरुलाई त्यो पर्याप्त छ भनी सोच्छन् । अरु स्थानमा हेर्दा तिनीहरुको विश्वास योजनाहरुमा हुन्छन् । किनभने तिनीहरुले यस्तो निश्चित कार्यहरु गरेका छन् जस्तैः बप्तिस्मा लिएका छन्, आइतबार मण्डलीमा आराधना गर्न गरेका छन् । त्यसैले तिनीहरु निश्चिय नै स्वर्ग जान्छन् भन्ने कुरामा विश्वास गर्छन् । हाम्रो विश्वास परमेश्वरमै हुनैपर्छ, जुन विश्वासमा येशू, उहाँको पुत्रको पुनरुत्थान समावेश छन् (रोमी ४:२४-२४) ।

दोस्रो, **अब्राहामको विश्वास परमेश्वरको शक्तिमा भएको पाउँछौ** । हामी रोमी ४:१८,१९ मा पढ्न पाउँछौ, *"तेरा सन्तान पनि यस्तै असंख्य हुनेछन्"* भनेर परमेश्वरले भन्नुभए अनुसार, आशा पटक्कै नहुँदा पनि अब्राहामले आशा राखी विश्वास गरे, र यसरी उनी धेरै जातिहरुका पिता बने । प्रायः सय वर्ष पुगिसकेको अब्राहाम मरेतुल्य भइसकेको आफ्नो शरीर तथा साराको कोख बाँझो भएको बुझेर पनि उनको विश्वास कमजोर भएनन् । त्यो आशा विपरित भएतापनि अब्राहाममा आशा थियो । यो सुन्दा खेरी एक अर्कामा बाँझिएको जस्तो लाग्छ, होइन र? कसरी उनमा आशा हुन्थ्यो । त्यही समयमा यस्तो आशा थिएनन्? अब्राहामले इच्छुक भएर सन्तानको आशा गरेको थियो, तर शारीरिक रुपमा यो असम्भव भन्ने कुरा उनलाई थाहा थियो । तै पनि उनको सन्तान हुनेछ भनी परमेश्वरले भन्नुभयो । यसरी उनले पूर्ण भरोसाका साथ छोराको आशा गरेको थियो । उनको आशाको आधार के थियो? अरु कुनैमा होइन् तर विश्वास परमेश्वरको शक्तिमा थियो ।

कसैकसैको निम्ति यो अतार्किक र अविवेकी हुन्छन् । ख्रीष्टियानहरुले वास्तविकताको सामना गर्न इन्कार गरिरहेका छन् वा यर्थाथसम्म पुग्न नसकेको तिनीहरुले अभियोग लगाउँछन् । अरुले यसलाई अन्धो अशावादी भन्दछन् वा कसैले अध्यारोमा अन्धा मानिस उफ्रनु जस्तो हो भन्दछन् । तै पनि अब्राहामले वास्तविक तथ्यहरुको सामना गर्न इन्कार गरेको थिएन् न ता उसलाई वास्तविकताले नछोएको हो । उनलाई थाहा थियो कि सन्तान जन्माउनको निम्ति उनको उमेर वृद्ध भइसकेको थियो । उनको र साराको शरीरको कमजोरीहरु अब्राहामलाई थाहा थियो, तर उनलाई परमेश्वरको महानता र शक्ति पनि थाहा थियो । शारीरिक रुपमा उनीबाट सन्तान हुँदैनन् भन्ने कुरा उनलाई थाहा थियो । तै पनि उनले परमेश्वरमा विश्वास गरे, उहाँमा कुनै असम्भव छैनन् (लूका १:३७) ।

के तपाईमा यस्तो प्रकारको विश्वास छ? कसैले बाइबलमा उल्लेख गरेका आश्चर्यकर्महरुलाई वा येशूको पुनरुत्थानलाई विश्वास गर्न इन्कार गर्छन् किनभने तिनीहरुले यो असम्भव भएको देख्छन; ता पनि तिनीहरु दृढताका साथ आफु सही भएको दावी गर्छन् । तिनीहरुको विश्वास अब्राहामको जस्तै छैनन् । हामीले जीवनमा समस्याहरुलाई वेवास्ता गर्नुहुँदैनन्, नता तिनीहरुबाट त्रासित हुने र हार खाने हो । हाम्रा परमेश्वर ती सबै कुराहरुभन्दा महान हुनुहुन्छ । धेरैले ख्रीष्टलाई स्वीकार गर्न र बप्तिस्मा लिन इन्कार गर्छन् किनभने तिनीहरुले सही कारण बताउन सक्दैनन् । मानविय कारणको विरुद्धमा गएर पनि अब्राहामले विश्वास गरे ।

अन्तमा, **परमेश्वरको प्रतिज्ञामाथि अब्राहामको विश्वास थियो भन्ने कुरा हामी**

**देख्छौ ।** *" परमेश्वरको प्रतिज्ञाबारे कुनै शंकाले उनलाई डगमगाउन सकेन्, तर आफ्नो विश्वासमा दह्रिलो भएर उनले परमेश्वरलाई महिमा दिए "* (रोमी ४:२०) । डगमगाउनु भन्नाले हिचकिच्याउनु वा शंका गर्नु हो । उहाँले जे प्रतिज्ञा गर्नुभयो परमेश्वरले त्यो पुरा गर्नु हुन्छ भन्ने कुरा अब्राहामलाई थाहा थियो । यो धेरै कठिन हुनुपर्छ किनभने इसहाकको जन्मको प्रतिज्ञा गरेको समयदेखि यो २५ वर्षको लामो समय अवधि थियो ।

अब्राहामको आफ्नो छोरा नभएता पनि वर्षहरु वितेर गएपनि निरन्तर विश्वास गरिरहे । अब्राहामले आफ्नो आँखा परमेश्वरलाई हेर्नबाट कहिल्यै पनि झिकेनन् । उनमा प्रश्नहरु र कहिलेकाहिँ शंकाहरु उठयो होला, तर उनले परमप्रभुलाई कहिल्यै सेवा गर्न छोडेनन् । उसले सोचेको र उसलाई मन परेको जस्तो तरीकाले काम नभएता पनि उनले परमेश्वरलाई महिमा दियो । उ अरु जस्तो बैगुनी थिएनन् जसले परमेश्वरलाई चिनेको भन्दछन् तर उहाँलाई परमेश्वरको रुपमा सम्मान गर्दैनन् (रोमी १:२१) ।

परमेश्वरको प्रतिज्ञामा के तपाई विश्वास गर्नुहुन्छ? उहाँले हामीलाई वास्ता गर्नुहुन्छ भनी उहाँले प्रतिज्ञा गर्नुभएको छ (मत्ती ६:३३) । नियाल्दाखेरी धेरै मानिसहरुले परमेश्वरलाई भन्दा भौतिक कुराहरु वा तिनीहरुको बैक खाताहरुमा धेरै भरोसा गर्दछन् । कसैले आफ्नो विश्वास नै त्यागिदिन्छ किनभने तिनीहरुले प्रार्थना गरे अनुसारको कुरा र तिनीहरुले चाहेका कुराहरु तिनीहरुले आशिषको रुपमा पाएनन् । अर्को तर्फ कसैले आफ्नो विश्वास त्यागेका हुन्छन् किनभने कसैले आफ्नो त्यो पाउने योग्य नभएता पनि केही कष्टहरु पाएका हुन्छन वा केही गुमाएका हुन्छन । अब्राहामको विश्वास यस्तो कुनै पनि कुराहरुमा आधारित थिएनन् ।

अब्राहामले जे चाहेको थियो त्यसमा विश्वास नभइकन परमेश्वरले जे भन्नुभएको थियो त्यसमा उनको विश्वास थियो, यो कुरालाई हामीले याद गर्नै पर्छ । हाम्रो विश्वास परमेश्वर र बाइबलमा केन्द्रित हुनुपर्छ । धेरै मानिसहरुको विश्वास परमेश्वरले भन्नु भएकोमा भन्दा पनि तिनीहरुले के चाहन्छन वा के सोच्छन भन्ने कुरामा आधारित हुन्छन् । एउटा साधारणतया *" परमप्रभु भन्नुहुन्छ "* भन्ने कुरा धेरैलाई पर्याप्त छैनन् । मैले देखेको सर्भेक्षण अनुसार बहुसंख्यक अमेरिकन जवान र वृद्धहरु दुवै विश्वास गर्छन कि नैतिक सत्यता परिस्थितिमा भर पर्छन् । यो अब्राहामको विश्वास जस्तै होइनन् ।

यसबाट हामीले के सिक्न सक्छौ? हो, हामीहरु सबै विश्वासद्धारा बचाइन्छौ जसरी अब्राहाम विश्वासद्धारा बचाइयो । तापनि हाम्रो विश्वास अब्राहामको जस्तो विश्वास हुनुपर्छः परमेश्वरको प्रतिज्ञा र शक्तिमा दृढ विश्वास परमेश्वरले आज्ञा गर्नुभए अनुसार पुरा गर्ने विश्वास, प्रतिज्ञा गर्नुभएको आशिषहरु प्राप्त नभएता पनि वर्षौदेखि त्यो विश्वासलाई रक्षा गर्ने अरु कुनै कुरामा भन्दा परमेश्वरमा भरोसा गर्ने विश्वास हो । अब्राहामको विश्वासलाई रित्तो शब्दहरुमा प्रकट गरेको छैनन् । आफूले विश्वास गरेको कुरामा उनले आफ्नो जीवन दिए र परमेश्वरले जे भन्नुभएको थियो त्यसमा आफैलाई समर्पित गरे । यदि तपाईले अब्राहामको विश्वासको पाइलालाई पछयाउँदै हुनुहुन्छ भने तपाईले पनि त्यही गर्नु हुनेछ । तपाईले आफ्नो विश्वासलाई पश्चात्ताप, स्वीकार र बप्तिस्मामा खीष्टसँगै एक हुने कुरालाई प्रकट गर्नुहुन्छ (रोमी ६:३-६) । *" मृत्यु सम्मै विश्वासयोग्य होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु"* (प्रकाश २:१०) । -०-

# स्वर्गदूतहरु



स्वर्गदूतहरु परमेश्वरद्धारा सृष्टिगर्नु भएका आत्मिकी प्राणीहरु हुन् (भजन संग्रह १४८:१,५), तिनीहरु मानिसहरु भन्दा उच्च स्थानमा छन् (हिबू २:७) र नता तिनीहरु उत्पादन हुन्छन् न मर्छन् (लूका २०:३५,३६)। धर्मशास्त्रमा तिनीहरुलाई २७३ पल्ट उल्लेख गरेका छन्। प्रायजसो तिनीहरुलाई विनाश वा आशिषको प्रतिनिधित्वको रुपमा काम गराउँछन् (उत्पति १९:१३,१६)। त्यसैले परमेश्वरको आफ्ना मानिसहरुलाई तत्काल वास्ता गर्ने क्रममा तिनीहरुलाई सहभागी गराउँथ्यो (२ राजा १८:१९)। यो हाम्रो दृढ विश्वास हो कि तिनीहरुले यस्तो क्षमतामा आज पनि काम गर्न सक्छन्।

**आधुनिक दिनका सदुकीहरु**

दुर्भाग्यवश, हामीहरुमध्ये धेरैजना अहिलेका सदुकीहरु भएका छौ कि हामी स्वर्गदूतहरुमा विश्वास गर्दैनौ (प्रेरित २३:८)। धेरैले सोचेका छन् कि आश्चर्य कर्महरुको अन्त्य भएका छन्, आजको समयमा स्वर्गदूतहरुको कुनै काम नै छैनन्। यो विचार हिब्रू १:१३,१४ पदसँग निश्चय नै भिन्न भएको जस्तो देखिन्छ। जसले भन्दछन् कि स्वर्गदूतहरु मुक्ति पाउनेहरुका खातिर सेवा गर्नलाई पठाइएका सेवा गर्ने आत्माहरु हुन्।

हामीहरु आश्चर्यकर्मको युगमा बाँचिरहेका छैनौ, यसको अर्थ यो होइन कि परमेश्वरले आफ्नो सृष्टिमा अझै नियन्त्रण गरिराख्नु भएको छैनन्। मत्ती ५:४५ मा परमेश्वरको सामान्य विधिलाई बाइबलले सिकाउँदछ। मत्ती ६:३३ मा परमेश्वरका सन्तानहरुलाई परमेश्वरमा भरोसा गर्न सिकाउँछ किनभने आफ्ना सन्तानहरुलाई उहाँले विशिष्ट कुराहरु उपलब्ध गराउनु हुन्छ। रोमी ८:२८-३१ ले हामीलाई सिकाउँदछ कि, *"परमेश्वरलाई प्रेम गर्नेहरुको निमित्त हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ।"* परमेश्वरले वास्ता गर्नुहुन्छ भनी के यसले सुझाव दिदैनन्?

हिब्रू १:३८ र कलस्सी १:१७ दुवै पदले पूर्णरुपमा स्पष्ट पार्छ कि परमेश्वरको सृष्टि कुनै अवसरको निम्ति छोडिएको होइन्। परमेश्वरले अझै नियत्रन्त्रण गर्नुहुन्छ। मानिसहरुको राज्यमा उहाँ अझै राज गर्नुहुन्छ। यसलाई रोमी १३; प्रेरित १७:२६ र दानियल ४:१७,३२ अनुच्छेदहरुले प्रमाणित गर्दछन्। स्वर्गदूतहरु हाम्रो सेवाको निम्ति परमेश्वरले खटाउनुभएको छ भन्ने जान्न पाउँदा साँच्चिनै हौसला प्राप्त भयो, *"किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुको विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका* दुष्टचाइँका *आत्मिक सेनाहरुको विरुद्ध हो"* (एफिसी ६:१२)। हामीले परमेश्वरमा गरेका प्रार्थनाहरु वेकारका अभ्यासहरु होइनन्। वास्तवमा विश्वासद्धारा चढाइएका अनुरोध हुन कि परमेश्वरले सहायता गर्नसक्नु हुन्छ। हामीलाई मद्दत गर्नुहुन्छ। यी विषयहरुमा स्वर्गदूतहरु उहाँका माध्यमहरु हुन्।

**प्रभु हाम्रो आँखा खोलिदिनुहोस्।**

पावलले प्रार्थना गऱ्यो कि ख्रीष्टियानहरुले समझशक्तिको अर्न्तदृष्टिको ज्योति पाएर तिनीहरुले, *"हामी विश्वास गर्नेहरुका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरु जान्न सक"* भन्दछ (एफिसी १:१८,१९)। यदि विश्वासद्धारा हाम्रा आँखा खोल्यौ भने हामी देख्छौ कि *"हामीसँग भएकाहरु उनीहरुसँग भएकाहरुभन्दा धेरै छन्"* (२ राजा ६:१६)।

सन्तहरुमाझ स्वर्गदूतहरुले कसरी सेवाकाई गर्छन भनी हामीले वर्णन गर्न खोजेका छैनौ, तथ्यमा जे छ हामीले त्यही कुरा थाहा पाउँछौ। -०-

# ख्रीष्टको शरीर-व्यवस्थाको निम्ति मरेको



जव येशू क्रूसमा मर्नुभयो तव मोशाका व्यवस्थाहरुका अर्तीहरु, जीवन, काम र आराधनाको निम्ति जुन अधिकार थियो त्यो हटाइयो । उहाँले व्यवस्था र त्यसका उद्देश्यहरुलाई पुरा गर्नुभयो (रोमी ८:२-४) । मोशाका व्यवस्थाका अर्तीहरु र आज्ञाहरु पुरा भयो र येशूको क्रूसमा किल्लाले ठोकियो (२ कोरिन्थी ३:७-१४; कलस्सी २:१४; एफिसी २:१४-१८) । आजको ख्रीष्टियानहरुको निम्ति *"अघिअघि लेखिएका कुराहरु हाम्रो शिक्षाको निम्ति लेखिएका थिए..."* (रोमी १५:४) । तिनीहरु सिद्धान्तको रुपमा स्थापित उदारणहरु हुन् जसवाट त्यहाँ अभिलेख गरिएका मानिसहरुको गल्तीहरु देख्छौ र सिक्छौ । त्यसको साथसाथै परमेश्वरको प्रतिज्ञाको दृढ भरोसा र विश्वास देख्छौ ।

अहिले हामीहरु ढुङ्गमा कुँदिएका आज्ञाहरुको अधिनमा छैनौ । हामीहरु अहिले अक्षरहरुको सेवामा छैनौ जसले हामीलाई मार्छ । हामी परमेश्वरको अनुग्रहको अधिनमा छौ । अहिले हामी स्वतन्त्रताको व्यवस्था (याकूब १:२५), ख्रीष्ट येशूमा भएको जीवनको आत्माको अधिनमा छौ । तर अनुग्रह सत्यताको व्यवस्थामा, शक्तिसित पूर्ण व्यवस्था, जसले त्यसको नजिक आउनेलाई पूर्ण बनाउँछन् । उहाँका आज्ञाहरुलाई प्रेमसित पालना गर्दै हामी ख्रीष्टको व्यवस्थाको अधिनमा छौ (यूहन्ना १४:१५; लूका ६:४६) । हामीले परमेश्वरलाई चिनेका छौ र उहाँका आज्ञाहरु पालन गरेका छैनौ भने हामी झुट बोलिरहेका छौ भनी यूहन्ना भन्दछन् (१ यूहन्ना २:४) ।

पावलले यहाँ ध्यान केन्द्रित गर्दछन् कि जसले अहिले व्यवस्थाका आशिंक नियमहरु (धुप बलि, पशु बलि, खतना, शबाथ दिन पालन, आराधनामा बाद्य संगीतको प्रयोग, दश आज्ञाहरु इत्यादि) लाई पालना गर्ने कोशिस गऱ्यो भने वास्तवमा "अनुग्रहबाट तल खसेको" र येशूको मृत्युलाई कुनै प्रभावकारी बनाइरहेका हुँदैनौ (गलाती ५:१-४) । पत्रुस भन्दछन् कि यी व्यवस्थाहरु जुवा थिए, *"नता हाम्रा पिता पुर्खाले न हामीले बोक्न सक्छौं"* (प्रेरित १५:१०) । हिब्रूको पुस्तक १०:२९-३१ मा गम्भीर भएर भन्दछन् कि परमेश्वरका पुत्रलाई खुट्टामुनि कुल्चने आफुलाई पवित्र तुल्याउने करारको रगतलाई अपवित्र बनाउने र अनुग्रहका आत्मालाई अपमान बनाइरहेका हुन्छौ ।

येशूको मृत्युद्धारा यहूदीहरु व्यवस्थाबाट स्वतन्त्र भए । त्यसपछि, ख्रीष्टको रगतद्धारा एउटै शरीरमा परमेश्वरसित यहूदीहरु र अन्यजातिहरुको मिलाप भयो (एफिसी २:१-१९) । किन त्यसो भए मोशाको व्यवस्थालाई पछ्याउने इच्छा गर्नुहुन्छ (गलाती ३:१)? -०-

# प्रभुको प्रार्थना



खीष्टमा विश्वास गर्ने प्राय धेरै मानिसहरुले *" प्रभुको प्रार्थना "* को वारेमा बोल्दछन् । तिनीहरुले यो आफ्नो आराधनामा वाचन गर्दछन् । तिनीहरुले भजनद्धारा बोल्दछन । जसले यस्तो तरीकाबाट प्रयोग गर्दैनन्, तिनीहरुलाई आलोचनात्मक प्रश्न पनि गऱ्यो ।

मत्तीको पुस्तक ६ अध्यायमा त्यो प्रार्थनालाई "प्रभुको प्रार्थना" भनेर औल्याएको छ । त्यहाँ येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो, *" तर तिमीहरुरु चाहिँ यस किसिमले प्रार्थना गरः " हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस् । तपाइको राज्य आओस् । तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । हाम्रा अपराध क्षमा गर्नुहोस, जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं । हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् । किनभने राज्य, पराक्रम, र महिमा सदासर्वदा तपाईकै हुन्, आमिन "* (मत्ती ६:९-१३) ।

यो प्रार्थनाको हाम्रो छलफलमा फरक हुनुपर्छ भन्नको निम्ति मात्र फरक हुने हाम्रो चाहना होइनन् । अरु मानिसहरुलाई खैलाबैला गर्ने र नकारात्मक हुने हाम्रो इच्छा होइनन् । तै पनि हामीले ठिकसँग केन्द्रित गर्नुपर्छ कि यो "प्रभुको प्रार्थना" होइनन् । यो उहाँको प्रार्थना होस् भनी कहिल्यै पनि चाहनुभएन् । धर्मशास्त्रले यसलाई "प्रभुको प्रार्थना" को रुपमा संज्ञा दिएको छैनन् । यसकारण यी पदहरुको उद्देश्य के हो र यसलाई आजको खीष्टियानहरुले कसरी प्रयोग गर्नुपर्छ?

यो समुहमा खीष्टले चेलाहरुलाई आराधनावारे सिकाउँदै हुनुहुन्थ्यो । पहिलो, उहाँले तिनीहरुको भेटीमा पाखण्डीपूर्ण स्वभावलाई दोष दिदै हुनुहुन्थ्यो । मानिसहरुले देखोस भन्ने उद्देश्यले मात्र धेरैले आफ्नो दान दिएका थिए । सबै मानिसहरुको ध्यान आकर्षण गर्नको निम्ति तिनीहरुले उपहार दिनुभन्दा अगाडी कसैकसैले आवाजको निम्ति तुरही बजाउथ्यो । येशूले सिकाउनु भयो कि तिनीहरुले आफ्नो दान गुप्तमा देओस् र पिताले तिनीहरुको दान जान्नु हुँदै तिनीहरुलाई खुल्लमखुल्ला इनाम

दिनुहुनेछ ।

मानिसहरुले देखोस र सुनोस भनेर सार्वजनिक स्थानहरुमा लामो र दोहऱ्याएर प्रार्थना गर्दथे । येशूले तिनीहरुमा दोष भेट्टाउनुहुन्छ । त्यसको सट्टामा येशूले तिनीहरुलाई भन्नुभयो कि तिनीहरु कोठा भित्र पस, ढोका बन्द गरेर पितालाई प्रार्थना गर । तिनीहरुलाई आवश्यक परेका कुराहरु परमेश्वर अघि नै जान्नुहुन्छ ।

यी सबै कुरा भनिसक्नु भएपछि प्रभुले आफ्ना चेलाहरुलाई कसरी प्रार्थना गर्ने हो भनी सिकाउन थाल्नु भयो । यो उहाँको प्रार्थना थिएन्, जस्तो हामी ठान्छौ, तर यो उदाहरणको प्रार्थना थियो । यदि तपाई साँच्चिै नै प्रार्थनालाई *“ प्रभुको प्रार्थना ”* भन्न चाहनुहुन्छ भने यूहन्नाको पुस्तक १७ अध्यायमा जानुहोस् जहाँ येशूले आफ्ना निम्ति आँसुद्धारा आफ्ना चेलाहरुको पक्षमा पितासँग गर्नुभयो ताकि तिनीहरु सबै एक होऊन; ताकि संसारले उहाँमाथि विश्वास गरुन् ।

मत्ती ६ अध्याय “प्रभुको प्रार्थना” मात्र थिएनन् । तर यो हाम्रो प्रार्थना होस् भनेर येशूले कहिल्यै पनि चाहनुभएन् । जव तपाई उहाँको प्रार्थनाका शब्दहरुमा जानुहुन्छ, तपाई देख्नुहुन्छ कि त्यो त्यति वेलाको लागि उपयुक्त थियो । तर अहिले हाम्रो समयको निम्ति पूर्णतया उपयुक्त छैनन् । आउनुहोस् किन भन्ने केही कारणहरु माथि विचार गरौ :-

(१) यूहन्ना १४:१३ मा जव उहाँ पिताकहाँ फर्केर जाँदै हुनुहुन्थ्यो र मण्डलीको शूरुवाट हुनुपऱ्यो, उहाँले त्यो समयलाई हेर्दै हुनुहुन्छ, उहाँको नाउँद्धारा पितालाई प्रार्थना गर्नु, यसरी नै उहाँलाई महिमा र सम्मान गर्नु भनी येशूले चेलाहरुलाई अर्ती दिनुभयो । तर मत्ती ६ अध्यायको प्रार्थनामा येशूले भन्नु भएको शब्दहरुबारे र प्रार्थना खीष्टको नाउँमा थिएनन् ।

(२) स्पष्टरुपमा, जव प्रार्थनाको उदाहरणलाई मत्ती ६ अध्यायमा उल्लेख गऱ्यो, त्यतिवेला प्रभुको आत्मिकी राज्य यो संसारमा स्थापना भएको थिएनन् । मण्डलीको वारेमा भविष्यवाणी र प्रतिज्ञा गरियो तर यति बेलासम्म मण्डली स्थापना भएको थिएनन् । यसकारण तिनीहरुले राज्यको आगमनको निम्ति प्रार्थना गर भनेर प्रभुले चेलाहरुलाई सिकाउनु भयो । वर्तमान अवस्थामा यो हाम्रो निम्ति सुहाँउदो छैनन किनभने मण्डलीको आगमनको निम्ति प्रार्थना गर भनेर प्रभुले चेलाहरुलाई सिकाउनु भएको केही समयपछि नै राज्यको आगमन भयो र यो शक्तिसाथ आयो अनि यरुशलेममा इ.स.३३ मा स्थापना भयो (प्रेरित २ अध्याय) ।

खीष्टमा भएका धेरै विश्वासीहरुले यो प्रार्थनालाई “प्रभुको प्रार्थना” भनेर सोच्ने गर्दछन् । शब्द शब्दहरुलाई बारम्बार दोहऱ्याउँछन् । मण्डली पहिले नै स्थापना भै सकेपछि पनि राज्यको आगमनको निम्ति प्रार्थना गर्छन् र त्यो मण्डली लगभग २००० वर्षदेखि अहिलेसम्म अस्तित्वमा छ । यो भनेको श्रीमतीसँग विवाह गरेको धेरै वर्ष भैसक्दा पनि एकजना मानिसले श्रीमती पाउनको निम्ति प्रार्थना गरिरहेको जस्तो हो । यस्तो प्रकारको प्रार्थना त्यति सुहाउँदो र राम्रो होइनन्, विशेष गरी आफ्नो श्रीमतीको निम्ति, होइन र? धर्मशास्त्र अनुसार राज्य पहिले नै आइसकेको कुरा थाहा पाएपछि पनि राज्यको आगमनको निम्ति कसैले प्रार्थना गरेको सुन्दा त्यति राम्रो लाग्दैनन् । निश्चय नै, हामीले राज्यको विस्तारको निम्ति वा राज्यको बृद्धिको निम्ति प्रार्थना गर्न सक्छौ, तर राज्य आओस् भनेर प्रार्थना गर्न सक्दैनौ,

किनभने यो पहिले नै स्थापना भै सक्यो ।

जहाँसम्म प्रार्थनाको बाँकी खण्डलाई विचार गर्दा, यो संक्षिप्तमा र मूख्य कुराहरु छन् । परमेश्वरको इच्छा स्वर्गमा झै यस पृथ्वीमा पनि पुरा होस् भनेको छ। यसले कसैको भौतिक आवश्यकता र विशेष आत्मिकी आवश्यकतालाई स्वीकार गरेको छ । उहाँको विरुद्धमा पाप गरेको छ भने उहाँ क्षमा दिन इच्छुक हुनुहुन्छ । पितासँग क्षमा माग्नुपर्छ । महशुस गर्नुहोस् कि आफु क्षमा दिन इच्छुक छैन भने त्यसको पनि क्षमा हुँदैनन् ।

येशूको दिनमा चेलाहरुको निम्ति यो चाखलाग्दो प्रार्थना थियो । हाम्रो प्रार्थनामा हामी खीष्टियानहरुले धेरै राम्रा बुँदाहरुलाई साथमा राख्न सक्छौ । प्रार्थनामा सबै शब्द शब्दहरुलाई डोऱ्याउने अपेक्षा गरिएको छैन् । यसको स्वभावको सन्दर्भको कारणले गर्दा आज हामीहरुले हाम्रा प्रार्थनामा आत्मिकी रुपमा सबै शब्दहरुलाई डोहऱ्याउन सक्दैनौ । वास्तवमा येशूले प्रार्थनामा बारम्वार डोहऱ्याएको कुराहरुलाई दोष दिनु भयो । मानिसहरुको प्रार्थनाको संरचनालाई पछ्याउनु भन्दा आफ्नै हृदयबाट इमान्दारीताका साथ आफ्नै शब्दहरुले प्रार्थना गरेको उहाँ चाहनुहुन्छ ।

जसले यो प्रार्थनालाई व्यक्तिगत र सामुहिक रुपमा एकै स्वरले प्रार्थना गरेर यो हाम्रै प्रार्थना हो भनी भन्दछन् तिनीहरुले यसबाट येशूले के सिकाइरहनु भएको छ भन्ने पाठलाई बुझ्न सकिरहेको हुँदैनन् ।

हामीलाई प्रार्थना गर्न सिकाइएको छ । खीष्टको व्यवस्थामा हामीहरुसँग प्रार्थनाका उदाहरणहरु छन् । यसकारण हामीले निरन्तररुपमा प्रार्थना गर्नुपर्छ (प्रेरित २:४२; १ थेसलोनिकी ५:१७; फिलिप्पी ४:६; याकूव ५:१६) ।

परमेश्वरका सन्तानहरुलाई मात्र प्रार्थना गर्ने अवसर छन् । तिनीहरुको प्रार्थना सुन्न र जवाफ पाउनको निम्ति तिनीहरुले पिताको इच्छा अनुसार प्रार्थना गर्नुपर्छ । *" परमेश्वरले हाम्रो कुरा सुन्नुहुन्छ । हामीले प्रार्थनामा जुसुकै मागे ता पनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ "* (१ यूहन्ना ५:१४,१५) । उहाँले दिन नसक्ने हामी पितासँग माग्नु हुँदैनन् वा उहाँले प्रतिज्ञा नगर्नु भएका कुराहरु गर्नको निम्ति माग्नु हुँदैनन् । उहाँलाई सम्मान गर्ने उद्देश्यले परमेश्वरलाई प्रत्यक्षरुपमा हामीले जहिले पनि माग्नुपर्छ । हाम्रा भौतिक र आत्मिकी आशिषहरु उहाँमा मञ्जुरी गर्नको निमित्त र सबै कुराहरु खीष्टको नाउँमा माग्नुपर्छ ।

परमेश्वरले हाम्रो निम्ति दिनुभएको उहाँको शरीरको निम्ति धन्यवाद दिन नबिर्सनुहोस् । *" तिमीहरुले मेरो नाउँमा जेसुकै मागे ता पनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु । तिमीहरुले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिने छु"* (यूहन्ना १४:१३,१४) । -०-

"हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाउँ पवित्र होस् । तपाइको राज्य आओस् । तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । हाम्रा अपराध क्षमा गर्नुहोस, जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं । हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् । किनभने राज्य, पराक्रम, र महिमा सदासर्वदा तपाईकै हुन्, आमिन" (मत्ती ६:९-१३) ।

# आश्चर्यकर्महरुलाई तुलना गर्नुहोस् ।



कोही मानिसहरुले बाइबलको आश्चर्यकर्महरुलाई इन्कार गर्छन् । अरुहरुले चाहिँ मानिसहरुलाई छल्नको लागि आश्चर्यकर्महरु नक्कल गर्न खोज्छन् (मत्ती २४:२४,२५) । तर बाइबलको आश्चर्य कर्महरु परमेश्वरबाट आएका साँचो आश्चर्यकर्महरु हुन् । पहिलो शताब्दीमा येशू ख्रीष्टले, उहाँका प्रेरितहरुले र पवित्र आत्माद्धारा चुन्नुभएका अरु चेलाहरुले आश्चर्यकर्महरु गरे (मत्ती ४:२३-२५; १०:८; प्रेरित ४:२३; १ कोरिन्थी १२:११) । बाइबलका साँचो आश्चर्य कर्महरु र अहिलेका मानिसहरुले दावा गर्ने आश्चर्य कर्महरु विचको फरक बुझ्नको निम्ति केही तथ्यहरुले हामीलाई सहायता गर्दछ ।

धेरै आश्चर्य कर्महरु प्रष्ट रुपमा देख्न सक्ने थिए । येशूले शरीर वा मन भित्र लुकिएका रोगहरुलाई मात्र निको पार्नु भएनन् । उहाँले हरेक प्रकारका रोगहरु र विरामीहरुलाई निको पार्नुभयो (मत्ती ४:२३,२४), जसमा कुष्ठरोग र कुँजोहरु पनि थिए । उहाँले आँधीलाई हकारेर रोक्नुभयो, पाँच रोटी र दुई माछाबाट उहाँले ५००० भन्दा बढी मानिसहरुलाई खुवाउनुभयो, पानी माथि हिडनुभयो, मृतकहरुलाई जीवित पार्नुभयो (मत्ती ८:१४; यूहन्ना ११) ।

चङ्गाइको आश्चर्य कर्महरु तत्कालै हुन्थ्यो । मानिसहरु निको हुन शुरु भएको मात्र होइनन्, तिनीहरु तत्कालै चंगाई भएको थियो । धेरै वर्ष अगाडी कोही मानिसहरुले एउटा चलचित्र बनाए । जसमा पत्रुसको सासुआमालाई येशूले निको पार्नुभएको दृश्यलाई चित्रण गरिएको थियो । ज्वरोको कारणले गर्दा उनी खाटमा पल्टिरहेकी थिइन् । त्यो चलचित्रमा येशूले तिनलाई निको पार्नु भएपछि दुईजना मानिसहरुले उनलाई दोहऱ्याएर अर्को कोठामा लिएर गएको थियो जहाँ उनले आफ्नो शक्ति पुनः प्राप्त गर्नको निम्ति लगातार आराम गर्नुपथ्र्यो । त्यो स्त्री पूर्णरुपमा निको भइन् भनेर बाइबलले हामीलाई भन्दछ, *"...तुरुन्तै उठेर तिनले उहाँहरुको सेवा गरिन्"* (लूका ४:३९) । उनी तत्कालै र पूर्णरुपमा निको भइन् ।

बाइबलमा तिनीहरुले कहिल्यै पनि "चङ्गाइको सेवा" गरेका थिएनन् । येशू र उहाँका चेलाहरुले कहिल्यै पनि ठुलो भीडहरुलाई विज्ञापन गरेर मानिसहरु जम्मा गरी चङ्गाईको सेवाकाई हुँदैछन् भन्नु भएनन् । उहाँहरुले कहिल्यै पनि आफ्ना आश्चर्य कर्महरुलाई मानिसहरुको सामु ठुलो देखाउन मञ्चमा प्रस्तुत गर्नु भएनन् । उहाँहरुलाई त्यस्तो कुराहरु कहिल्यै गर्नुपरेनन् । उहाँहरुका आश्चर्य कर्महरु सही भएकोले गर्दा हजारौ मानिसहरु उहाँका आए ।

पेन्तिकोसको दिनमा बहुसंख्यक यहूदी मानिसहरुले आश्चर्य कर्महरुको समर्थन

गरेका थिए । प्रेरित पत्रुसले तिनीहरुलाई भन्यो, *"इस्राएलका मानिस हो, यी कुरा सुन्नुहोस्, नासरतका येशू यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले शक्तिशाली कामहरु, अच्चमका कामहरु र चिन्हहरुद्धारा तपाईहरुका सामुन्ने प्रमाणित गर्नुभयो । तपाईहरुलाई थाहै छ कि परमेश्वरले तपाईहरुका बीचमा यी कामहरु उहाँद्धारा गर्नुभएको हो । परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पनुभएको यिनै येशूलाई अधर्मी मानिसहरुका हातद्धारा तपाईहरुले क्रूसमा टाँगेर मार्नुभयो...यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो । यस कुराका हामी सबै साक्षी छौं"* (प्रेरित २:२२,२३,३२) । पहिले नै घृणा र हत्या गर्न सक्ने क्षमता देखाउने मानिसहरुको निम्ति यो निकै कठोर वचन थियो । तै पनि तिनीहरु पत्रुसलाई मार्नको निम्ति उठेनन, तर तिनीहरु मध्येका ३,००० जनाले सुसमाचारमा आज्ञाकारी भए (प्रेरित २:३७-४१) । सबैको मौनता र धेरैको आज्ञाकारीताले यो देखाउँछ कि भीडले स्पष्टरुपमा सत्यतालाई पहिचान गर्‍यो– येशूले तिनीहरुको बीचमा धेरै आश्चर्य कर्महरु गर्नु भयो र उहाँलाई तिनीहरुले मारे । त्यो दिन ख्रीष्टको मण्डलीको शक्तिशाली शुरुवाटको प्रमाण साँच्चीनै आश्चर्य कर्महरुबाट भयो ।

खेदो सतावट र मृत्युको सामुन्ने पनि आश्चर्य कर्महरु भएको कुरा धेरैले आँखाको गवाही दिए । कोही मानिसहरु झुटको निम्ति लड्छ, तर झगडा नगरिकन आफ्नो जीवनको निम्ति के तपाई झुटो अभियोगद्धारा मर्न चाहनुहुन्छ? के तपाई सतावट र आँखाको साक्षीको निम्ति मृत्यु सहनु हुन्छ? तपाईले झुट बोल्नु भएको कुरा जानेर र त्यसमा आशा र सत्यता छैन भन्ने कुरा थाहा पाएर के कष्ट भोग्न चाहनुहुन्छ? सतावट र मृत्यु दण्डको समयमा पनि प्रेरितहरु र सयौं चेलाहरु येशूको पुनरुत्थान र आश्चर्य कर्महरुको गवाहीमा तिनीहरु इमान्दार भईरहे (प्रेरित २-९; १२-१४; १६-२८) ।

सबै समयको निम्ति आश्चर्य कर्मले आफ्नो लक्ष्य पुरा गर्‍यो । बाइबलमा उल्लेख गरेका प्रायजसो आश्चर्य कर्महरुद्धारा मानव कष्टप्रति परमेश्वरको दया देखाएको छ । विना आश्चर्य कर्महरुद्धारा पनि उहाँले विभिन्न तरीकाद्धारा हरेक दिन आफ्नो प्रेम देखाउनु हुन्छ (मत्ती ५:४५; प्रेरित १४:१७; याकूव १:१७) । तर मानिसहरुको निम्ति भौतिक सहायता उपलब्ध गर्नु आश्चर्य कर्मको प्राथमिक उद्देश्य थिएनन् । येशूले सबै मरेका मानिसहरुलाई जीवन दिन मृतकबाट जीवित पार्नु भएनन् । संसारमा भएका सबै मानिसहरुलाई जीवित पार्न उहाँ यस संसारमा आउनु भएको होइनन् । यो संसारको जीवन अन्त्य भै सकेपछि हामीलाई स्वर्ग लिएर जानको निम्ति उहाँ *" हराएकाहरुलाई खोज्न र बचाउन "* आउनु भएको हो (लूका १९:१०; यूहन्ना १०:१०; ५:२८,२९; १४:१-३) ।

आश्चर्य कर्मका उद्देश्यहरु: येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने प्रमाणित गर्न (यूहन्ना १६:१२; प्रेरित २:२२; हिब्रू २:४; रोमी १:४), आफ्ना चेलाहरु मार्फत प्रेरणाप्राप्त आफ्ना नयाँ नियमलाई प्रकट गर्न (यूहन्ना १६:१२; एफिसी ३:३; यहूदा ३), उहाँका चेलाहरुको सन्देशलाई पक्का गर्न (मर्कूस १६:१७-२०; प्रेरित २:१-१२,४३) हो ।

बाइबलका आश्चर्य कर्महरु सत्य थिए र तिनीहरुले चाहेका उद्देश्यहरु पनि पुरा भए । -०-

# बृद्ध स्त्रीहरु, कृपया जवान स्त्रीहरुलाई सिकाउनु



बृद्ध स्त्रीहरुले जवान स्त्रीहरुलाई सिकाउनु भनी तीतस २:३-५ ले भन्दछन् । यो सन्दर्भमा बृद्ध स्त्रीहरुले जवान स्त्रीहरुलाई हौसला दिएका छन् कि *"आफ्ना पति र बालबच्चाहरुलाई प्रेम गर्ने, समझदार, पतिव्रता, घरजम गर्न सक्ने, असल, दयालु, आफ्ना पतिका अधीनमा बस्ने हुनुपर्छ ।"* ग्रीक शब्द "साफ्रोनिजो" अंग्रजीमा "हौसला दिनु", "सिकाउनु", "अनुशासन" वा "सही गर्नु" भन्ने अर्थ लाग्छ ।

धेरै पल्ट बृद्ध स्त्रीहरुले जवान स्त्रीहरुलाई सिकाउने बारेमा हामी सोच्ने गर्छौ कि औपचारिक बाइबल कक्षामा एल्डरहरुका पत्नीहरु वा कुनै एकजना बृद्ध स्त्रीले पाठहरु तयार गर्छिन र जवान स्त्रीहरुलाई सिकाउँछिन् । यो सिकाउने एउटा उपयोगी तरीका हो । यस्तो प्रकारको तयारी होस् भन्ने म हौसला दिन्छु । हिब्रू ११:२५ र तीतस २:५ अनुसार यदि तपाइको झुण्डमा स्त्रीहरुको बाइबल कक्षा हुँदै छ भने तपाई स्त्री दिदीबहिनीहरु त्यहाँ होस् भन्ने अपेक्षा गरेको छ, साथै त्यो कक्षामा हुनको निम्ति आज्ञा गरेको छ । औपचारिक रुपमा स्त्रीहरुको बाइबल कक्षामा जम्मा भएका स्त्री दिदी बहिनीहरुको संगतीले हौसला र एकले अर्कालाई निमार्ण गर्ने कार्य हुन्छ ।

बृद्ध स्त्रीहरुले जवान स्त्रीहरुलाई सिकाउने स्थान औपचारिक कक्षा कोठामा मात्र होइनन् । हामी हाम्रो उदाहरणद्धारा, हाम्रो बोलीवचनद्धारा, हाम्रो स्वभावद्धारा हामीले लगाएका वस्त्रहरुद्धारा, हाम्रो व्यवहार इत्यादिद्धारा सिकाउने गर्छौ । हामीले एकएकजनालाई बाइबल खोलेर सिकाउन सक्छौ । सामान्य कुराकानी गर्दागर्दै पनि हामीले सिकाउन सक्छौ । हाम्रो सिकाउने अवसरहरु भनेको सबैठाउँ हो– हामीले ती ठाउँहरु औल्याउनु पर्छ ।

औपचारिक कक्षा कोठाको तरीका सिधै मुखामुख हुन्छन् । हामी बाइबलका अनुच्छेदहरु अध्ययन गर्छौ । सम्भव भए सम्म कक्षामा पुस्तकहरुको सहायता लिन्छौ । शिक्षकले विद्यार्थीहरुलाई अध्यापन गराउनु हुन्छ, कक्षामा छलफल हुन्छन् र आशापूर्ण वर्तमान दिनमा यस्तो व्यवहारिक कुराहरु उपस्थित भएकाहरु सबैको निम्ति हुन्छ ।

एकएक जनासँग बाइबल अध्ययन गर्ने कुरा अलि फरक छन् । यो क्रम औपचारिक र धेरै घनिष्टता हुन्छ । जुन शिर्षकमा छलफल गरिन्छ त्यो धेरै मात्रामा व्यक्तिगत स्वभावसँग मिल्छन्– जुन कुरा बृहत समुहमा छलफल गर्दैनन् -त्यस्ता केही कुराहरु जवान स्त्रीहरुले संघर्ष गरिरहेका हुनसक्छन्, शायद पाप जुन उनले सच्याउनु आवश्यक छन् । यदि तिनीहरुले त्यस्ता समस्याहरुको सामन पहिले नै गरिरहेका छन भने जवान स्त्रीहरुले यस्तो अवस्थाहरुमा बृद्ध स्त्रीहरुको कुरालाई सुन्नु पर्छ । यदि जवान स्त्रीहरुले बृद्ध स्त्रीहरुलाई आराधना अघि र पछि अभिवादन गर्ने काममा मात्र सहभागी भएका छन् भने त्यस्तो अवस्थामा जवान स्त्रीहरु आफ्नो जीवनको समस्याबारे कुरा गर्नको निम्ति बृद्ध स्त्रीहरु कहाँ गइरहेका हुँदैनौ । प्रायजसो सबै मण्डलीहरुमा बृद्ध स्त्रीहरुले त्यस्तो कुराहरु आफ्नै उमेरकाहरुसित गर्छन र जवान स्त्रीहरुले पनि तिनीहरुकै मिल्ने उमेरसँग कुराकानी गर्छन । उस्तै खालका समस्याहरुको अनुभव भएकाहरुकोबाट भन्दा पनि आफ्नै उमेर समुहकाहरुबाट जवान स्त्रीहरुले सल्लाह लिने गर्छन् ।

यदि तपाई उपयोगी परमेश्वरको सेवक बन्न चाहनुहुन्छ र तीतस २:३-५ को आज्ञाहरुलाई पुरा गर्न चाहनुहुन्छ- बृद्ध स्त्रीहरुले जवान स्त्रीहरुलाई सिकाउने - हामीहरुले त्यो कामको निम्ति निरन्तर रुपमा आफैले तयारी गर्नुपर्छ । झुण्डमा सबै जवान र बृद्ध स्त्रीहरुसँग राम्रो सम्वन्धको विकाशलाई उत्तम तरीकाले तयार गर्दै जानु पनि एउटा उत्तम बाटो हो । जो जवान आमाले आफ्नो बच्चाहरुसँग संघर्ष गरिरहेका छन् र उनीसँग राम्रो सम्वन्ध भएको व्यक्तिबाट नै सल्लाह सुन्न चाहन्छन्, उनले सामान्यरुपमा चिनेको व्यक्तिबाट सुन्न चाहन्न् ।

बृद्ध स्त्रीहरुले जवान स्त्रीहरुलाई सिकाउनु भन्ने परमेश्वरको आज्ञालाई हामीले वेवास्ता गर्न सक्दैनौ । यसलाई हेर्दा हामीले सिकाउनको निम्ति हामीभन्दा केही सानो उमेरको मानिसहरु पाउँछौ । म बृद्ध र जवान स्त्रीहरुलाई हौसला दिन चाहन्छु कि एकले अर्कालाई हौसला र निमार्ण गर्नको निम्ति मण्डलीमा भएका ती व्यक्तिहरुको विचमा पुग्नुहोस् र सिकाउनु होस् । जवान स्त्रीहरुले अहिलेका आधुनिक तकनिकी यन्त्रहरुबारे सिकाउनुहोस् र बृद्ध स्त्रीहरु पनि जवान जस्तो छ भनी सोच्न लगाउनुहोस् ।

-O-

# के तपाईले ध्यान दिनुभएको छ...?



... जव तपाई आफै सहभागी हुनुहुन्छ तव के आराधना अर्थ पूर्ण हुन्छ? पेन्तिकोसको दिनमा जस्तै सुन्दर हुन सक्छ, मात्र जो त्यहाँ उपस्थित थिए, तिनीहरुलाईमात्र सुसमाचारको सन्देशले हृदय घोचेका थिए ।

... प्रवचनको समयमा तपाई सुत्नुभयो भने के तपाईले धेरै बुझ्नु हुन्छ? सुत्ने व्यक्तिले प्रवचनको समयमा धेरै कुरा गुमाउँछन् ।

... आराधनामा तपाईको सहभागीताले उत्साह र समृद्धि थप गर्छ । जसले सहभागीता जनाउँछ त्यसले केही न केही घर लिएर जान्छ ।

... मण्डलीमा के तपाई आफैले पनि भजन गाउँदा राम्रो सुनिन्छ? जसले भजनको एक हरफ मात्र गाउँछ र भजन गाएको राम्रो भएन भन्छ के त्यो कुरा अचम्मको होइन् र?

... जति तपाईले वचनमा अथवा प्रार्थनामा ध्यान दिनु हुन्छ त्यतिनै तपाईलाई फाइदा हुन्छ? स्वर्गले जहिले पनि "साँचो आराधकहरु जसले आत्मा र सत्यतामा आराधना गर्छन" तिनीहरुलाई खोज्दछ (यूहन्ना ४:२३,२४) ।

... जव तपाईले आराधनामा आफैलाई संलग्न गराउनु हुन्छ तव समय वितेको थाहै हुँदैन् तर थोरै वा कुनै रुचि देखाउनु भएन भने समय लम्बिएको जस्तो लाग्छ?

आउनुहोस् आराधनामा आफैलाई सक्दो सहभागी गराऔं । -o-

# तपाईले मात्र आराधना गर्नुहोस्

यो भन्न सजिलो छ, “तपाईले आराधनामा गर्नुहुने कुरा महत्वपूर्ण छैनन, त्यसैले तपाईले मात्र आराधना गर्नुहोस् ।” तर ईश्वरीय वचनले सिकाउँछ कि कसैले आराधनामा जे गर्दछन् त्यो महत्वपूर्ण छन् । यदि कसैले मानिसद्धारा सृजना गरेका कुराहरु गर्छन भने त्यो आराधना व्यर्थको हुन्छ । *“ तिनीहरु व्यर्थमा मेरो उपासना गर्दछन्,”* परमप्रभु भन्नुहुन्छ, *“ तर तिनीहरुका शिक्षा मानिसहरुले सिकाएका विधिमात्र हुन ”* (मत्ती १५:९; यूहन्ना ४:२४) ।

हाबिलले विश्वासद्धारा पशुबलिदान चढाए । विश्वास परमेश्वरको वचन सुनाईद्धारा आँउछ । परमेश्वरको वचनले पशुबलिदानको निम्ति विशिष्ट आज्ञा दिएको थियो ( उत्पति ४:४; रोमी १०:१७; हिब्रू ११:४) । पशु बलिदानको निम्ति के चाहिन्थ्यो भनी परमेश्वरले हाबिललाई भन्नुभएको र कयिनलाई नभन्नुभएको हुन सक्दैनन् । परमेश्वर प्रेम हुनुहुन्छ र यदि उहाँ पक्षपात नगर्ने व्यक्ति हुनुहुन्छ भने परमेश्वरबाट दुवै दाजुभाइहरुले एउटै अर्तीहरु पाएका थिए (१ यूहन्ना ४:८; प्रेरित १०:३४) । परमेश्वरले भन्नुभएनन्, *“ तिमीहरुले जे बलिदान गर्छौ त्यो महत्वपूर्ण छैन, तर आराधना चाहिँ गर ।”*

परमेश्वरले पशु बलिदानलाई नै किन विशिष्टरुपमा आज्ञा गर्नुभयो भनी दाजुभाइलाई थाहा थियो भन्ने कुरामा शंका छन् । तपाई र मैले बुद्धि लगाएर हेर्ने हो भने परमेश्वरले पहिले नै येशूको बलिदानलाई मनमा राखिसक्नुभयो, *“ संसारको पाप उठाइ लैजाने परमेश्वरका थुमा ”* (यूहन्ना १:२९) । परमेश्वरले जे भन्नुभयो हाबिलले त्यहि गरे किनभने त्यही गर भनी परमेश्वरले भन्नुभयो ।

कयिनले हाबिललाई मारेर परमेश्वरमा झुट बोले । *“ तेरो भाइ हाबिल कहाँ छ? तिनले भने ‘ मलाई थाहा छैन ”* (उत्पति ४:९) । यी दुईवटा पापहरु हुन । प्रेरित यूहन्ना भन्दछ, *“ किनकि उसका आफ्ना कामहरु दुष्ट थिए, अनि उसको भाइका कामहरुचाहिँ धार्मिक थिए ”* (१ यूहन्ना ३:१२) । आराधनामा पशु बलिदानको सट्टामा परमेश्वरले आज्ञा नगर्नुभएको अन्न बलिदान गरेको कारणले यी दुईवटा पाप गर्न पुगेको हामी देख्छौ । यसरी परमेश्वरले आज्ञा नगर्नुभएको केही कुराहरु आराधनामा गर्छौ भने त्यो “दुष्ट” हो ।

कयिनको बलिदानको सेवा इन्कार गरिसकेपछि पनि अझै त्यहाँ आशा थियो । परमेश्वरले कयिनलाई प्रेम गर्नुभयो, र कयिनले पश्चात्ताप गर्न सक्थ्यो । परमप्रभुले भन्नुभयो, *“ तर यदि तैंले ठीक काम गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकिबस्छ । त्यसको इच्छा तँप्रति हुन्छ ”* (उत्पति ४:७) । कयिनको पापलाई हटाउनको निम्ति उसले अतृप्ति झोकिएको पशुलाई झम्टेर बलिदान गरेको भए कयिन पश्चात्तापमा आउन सक्थ्यो ।

यदि कयिनले आफ्नो मनलाई तयार गरेको भए पापलाई उसले अधिनमा राख्न सक्ने कुरा प्रभुलाई थाहा थियो । परमप्रभुले उनलाई चुनौती दिएर त्यो काम गर्न लगाउनुहुन्थ्यो । वचनमा दुईपल्ट तैले र तँ भन्ने शब्द प्रयोग भएका छन्: *“ तैंले त्यसलाई अधिन गर्नै पर्छ”* (उत्पति ४:७) । कस्तो दृश्य ! एउटा आत्मा पापमा भएता पनि निकै मूल्यवानको छ र संसारको सृष्टिकर्त्ताले पुर्नस्थापनको निम्ति एउटा -एउटा प्रयास गर्नुहुन्छ । कयिन जस्तै हामी सबैले पापलाई अधिनमा राख्न सक्छौ,

"दुष्टलाई जितेका छौ", तर उनले त्यसो गर्न इन्कार गऱ्यो (१ यूहन्ना २:१४) ।

के अहिलेका ख्रीष्टियानहरुले यो पुरानो इतिहासमा कुनै ध्यान दिएका छन्? नयाँ नियमले कयिनको चालमा हिडनेहरुलाई धिक्कार भनी घोषणा गर्दछन् (यहूदा ११) । कयिनको चाल के थियो? यसलाई यसरी भन्न सकिन्छ, *" तपाईले आराधनामा जे गर्नुहुन्छ त्यो महत्वपूर्ण छैनन्, तै पनि तपाई आराधना गर्नुहोस् ।"* नादाब र अबीहूको समयमा *" बेदीमा आगो जली नै रहोस् र त्यो निभ्न नपाओस् । हरेक बिहान पूजाहारीले त्यसमा दाउरा थपून "* (लेवी ६:१२) भनी परमप्रभुले आज्ञा गर्नुभयो । आगोको फिलिङ्ग सुगन्धित धुपौरो बाल्नको निम्ति पूजाहारीहरुलाई "परम प्रभुको सामुन्नेको बेदीबाट" मात्र ल्याउनु पर्छ भनी विशिष्ट स्थानको आज्ञा गरिएको थियो (लेवी १६:१२) । नादाब र अबीहूले आफ्नो धुपौरो बाल्नको निम्ति अरु स्थानबाट नै आगोको धुपौरो भरे (लेवी १०:१) ।

तिनीहरुको आगो पवित्र वेदीबाट आएको थिएन् । मोशाले भने अनुसार "अनौठो", "आज्ञा नगर्नुभएको", "अवैधानिक" र "अपवित्र" भनी अनुवाद गर्न सकिन्छ । तिनीहरुका क्रियाकलापले परमेश्वरलाई रिसाउने बनायो र उहाँले तिनीहरुलाई जीउदै भस्म पार्नुभयो । परमेश्वरले यसलाई स्पष्ट पार्नुभयो कि गलत शिक्षा जसले यस्तो भन्दछ, *" तपाईले आराधनमा जे गर्नुहुन्छ त्यो महत्वपूर्ण छैनन, तपाईले मात्र आराधना गर्नुहुन्छ ।"*

विशिष्ट रुपमा परमप्रभुले आज्ञा नगर्नुभएको कुरालाई दुईजना पुजाहारीहरुले गरेको कुरा मोशाले घोषणा गर्दछ (लेवी १०:१) । परमप्रभुले आज्ञा नगर्नुभएको कुरा तिनीहरुले गऱ्यो भन्नु परमेश्वरको आज्ञा विपरित थियो । परमेश्वरले आज्ञा नगर्नुभएको कुनै पनि कुरा गर्नु भन्नाले परमप्रभुलाई एकापट्टी राखेर आफैलाई विशेष स्थानदिनु भन्ने बुझिन्छ ।

कतिपय मानिसहरुले दुईजना पुजाहारीहरु भस्म भएको वास्तविक कारणलाई हटाउन खोज्दछन् । तिनीहरु भन्दछन् कि ती पुजाहारीहरुले चढाएको आगो त्यति महत्वपूर्ण होइनन्, तर नादाब र अबीहू दुबै जना दाखमद्यले मातिएका थिए । यसकारण कसैले भन्दछन् कि तिनीहरु मतवालाको कारणले परमप्रभुले तिनीहरुलाई दोष दिनुभयो । यो तिनीहरुले सत्यतालाई अभियोग लगाएको हो । पुजाहारीहरुले आफ्नो जिम्मेवारीको समयमा दाखमद्य वा अरु दाखमद्य पिउनु प्रभुले निषेध गर्नुभएको कुरा आगोले भस्म पारेको घटनासँगै नजिकै छन् (लेवी १०:८-१०) । तर पद ८-११ र १-३ मा सम्भवत नादाब र अबीहूले आफ्नो मुखमा कुनै पेय मद्य पदार्थ हाल्यो भन्नुमा बुद्धिमता छैनन् । त्यस्तो प्रकारको अन्दाजलाई प्रस्तुत गर्नु कारणलाई नै नष्ट पार्नु हो । परमप्रभुले आज्ञा नगर्नुभएको आगो हालेर पुजाहारी भस्म भएको कुरा मोशा भन्दछ ।

जसरी परमप्रभुले आज्ञा नगर्नुभएको कुरा कयिनले गरे, त्यसरी नै नादाब र अबीहुले पनि परमप्रभुले आज्ञा नगर्नुभएको कुरा गरे । त्यसै गरी राजा शाऊलले पनि परमप्रभुले आज्ञा नगर्नुभएको कुरा गरे (१ शमूएल १५:९) । उसले आफैलाई जिम्मेवारीको स्थान दिएर सबैभन्दा उत्कृष्ट भेडा र गाईबस्तुहरुलाई बलिदानको निम्ति बचाएर परमप्रभुलाई बेखुशी बनाए । अगमवक्ता शामूएलले राजालाई यसो भनेनन्, *तिमीले आराधनामा जे गर्छौ, त्यो महत्वपूर्ण छैनन, तै पनि तिमी आराधना गर्छौ ।"* यसको सट्टामा उहाँका वचनहरु *" आज्ञापालन बलिदानभन्दा उत्तम हो, र उहाँको वचन मान्नु भेडाको बोसोभन्दा असल हो"* (१ शमूएल १५:२२) ।

अबीनादाबका छोरा उज्जाहले पनि परमेश्वरले आज्ञा नगर्नु भएका कुरा गरे । परमेश्वरको करारको सन्दुक जुन पवित्र थियो त्यसलाई सम्वन्धित मानिसहरुले बाहेक अरुले छुन पाउँदैन्थ्यो । तर उज्जाहले करारको सन्दुक ढल्न लाग्दा हातले थामेर राखे । परमप्रभुले तिनलाई त्यतिनै खेर मृत्युदण्ड दिनुभयो (गन्ती ४:१५; २ शमूएल ६:६,७) ।


के यी पुरानो करारका उदाहरणहरुले नयाँ नियमका मानिसहरुलाई केही सन्देश र अर्थ दिन्छन्? निश्चय नै पुरानो करारका सबै पुस्तकहरुलाई सुरक्षित गरेर राखेको कारण एउटै छ कि तिनीहरु हाम्रो अर्ती, चेतावनीको निम्ति लेखिएका थिए (१ कोरिन्थी १०:६,११) ।

त्यस्तै गरी नयाँ नियममा पनि परमेश्वरले आज्ञा नगर्नु भएका कुराहरुलाई मानिसहरुले गरेका उहाहरण सुरक्षित साथ राखेका छन् । पहिलो शताब्दीका यहूदीहरुले खाना खानुभन्दा अघि हात धुने गर्दथ्यो । यो शुद्धताको निम्ति मात्र नभईकन आराधनाको एउटा क्रियाको रुपमा पनि थियो । येशूले भन्नु भएनन्,*“ तिमीहरुले आराधनामा गर्ने कुरा महत्वपूर्ण छैनन्, तैपनि तिमीहरु आराधना गर्नू ।”* त्यसको सट्टामा उहाँले तिनीहरुलाई तिनीहरुको आराधना “व्यर्थको” छ भन्नुभयो किनभने यसलाई मानिसहरुले चलाएका छन्, “मानिसहरुका आज्ञा” थिए (मत्ती १५:९) ।

चाहे पशुबलिदान होस् या अन्न बलिदान होस्, चाहे सुगन्धित धुपौरो वेदीबाट होस्, या भान्छा कोठाबाट होस्, चाहे उत्कृष्ट भेडा आराधनाको निम्ति अलग गरिएको होस्, चाहे पवित्र सन्दुक छुन नहुने होस्, या चाहे हात धुने आराधनाको क्रियामा होस्, यी सबै कुराहरु नगन्य हुन्छन् । तर यो स्पष्ट छ कि प्रभुले आज्ञा नगर्नु भएका कुराहरुलाई महत्वपूर्ण विषयको रुपमा सोच्नु हुन्न् ।

मानिसहरु जसले प्रभुलाई एकापट्टी राखेर आफैलाई जिम्मेवारीको रुपमा राखी सेवा आराधनामा भजन गाउँदा बाद्यसंगीतलाई साथमा राख्ने कुरा नगन्य हुन्छन्, यी कुरा छलफलको निम्ति अयोग्य हुन्छन् । यसलाई निरन्तरता दिन तिनीहरुले प्रार्थना गर्दा मैन बत्ती बाल्ने, धुपौरो बाल्ने, गुलाफको फूलहरु सिगार्ने, पवित्र जल छर्किने, आकृतिको अगाडी नाच्ने जस्ता कुराहरु नयाँ नियममा हुन्छन् भने ती कुराहरुको औचित्य छैन र छलफलको निम्ति अयोग्य हुन्छन् । तिनीहरुले भन्ने गर्छन कि *“ सबै भन्दा महत्वपूर्ण विषय भनेको हाम्रै आफ नै बारेमा हो, र मात्र आराधना गर ”* यी कुनै पनि कुराको महत्व छैनन् ।

तर मृतकहरु (कयिन, नादाब, अबीहू, राजा शाऊल, उज्जाह र पहिलो शताब्दीका यहूदीहरु) को आवाज ठुलो स्वरले चिच्याउँदैछन् । तिनीहरुले हामीलाई भन्दैछन् कि जहाँ बाइबल बोल्दछ, हामी बोल्छौ र जहाँ बाइबल मौन हुन्छन, हामी मौन हुन्छौ । दुवै पुरानो करार (व्यवस्था ४:२; १२:३२; हितोपदेश ३०:६) र नयाँ करारमा (१ कोरिन्थी ४:६; २ यूहन्ना ९-१०; प्रकाश २२:१८,१९) त्यस्तो कुनै अनिश्चित कुराहरु छैनन् । प्रभुको शिक्षामा थप्ने र घटाउने साहस गर्नुपर्दैन् । यदि त्यस्तो गर्छन भने त्यो मानिस पापी हो । प्रभुको मौनता जहिले पनि मनाही हुन्छन्, कहिल्यै पनि अनुमति दिने हुँदैनन् । परमेश्वर शान्त हुनुभएको बेलामा बोल्ने साहस गर्ने वा नम्र हुने?



# पाँच मिनेट बाइबल अध्ययन

# अगमवाणी

(१) भाइ हो,................र............. उदाहरण कस्तो हुनुपर्ने हो, सो ...............नाउँमा बोल्ने अगमवक्ताहरुलाई हेर (याकूव ५:१०) ।

(२) यी यहूदीहरुले नै..................ख्रीष्टलाई र..............................मारे, र हामीलाई पनि बाहिर धपाए, र परमेश्वरलाई..............तुल्याउँछन्, अनि सबै मानिसहरुको विरोध गर्छन् (१ थेसलोनिकी २:१५) ।

(३) दर्शन देख्नेहरुलाई तिनीहरु भन्दछन्, “अब उसो दर्शन...................।” तिनीहरु अगमवक्ताहरुलाई भन्दछन्, “हामीलाई..........कुराहरुको दर्शन नदेओ । हामीलाई मनपर्दा कुराहरु भन, भ्रमात्मक अगमवाणी कह” (यशैया ३०:१०) ।

(४) तव आफ्नो हात पसारेर परमप्रभुले मेरो............छुनुभयो, र मलाई भन्नुभयो, “अव मैले मेरो वचन तेरो मुखमा हालिदिएको छु । हेर,..............र भत्काउन...................र भताभुङ्ग पार्न, निमार्ण गर्न र रोप्न म आज तँलाई जाति-जातिहरु र राज्य-राज्यहरुमाथि नियुक्त गर्दछु (यर्मिया १:९,१०) ।

(५) अगमवक्ताहरुलाई अगमवक्ता नै मानेर.................गर्नेले अगमवक्ताको.................पाउनेछ । धर्मी जनलाई धर्मी जन नै मानेर ग्रहण गर्नेले धर्मी जनको इनाम पाउनेछ (मत्ती १०:४१) ।

(६) प्रेमको कहिल्यै अन्त्य हुँदैन ।...............................वितेर जाने छन्,...............बन्द हुनेछन्, ज्ञान टलिजानेछन् (१ कोरिन्थी १३:८) ।

# के कुरामा विवाह सम्लग्न हुन्छन्?




परमेश्वरले अदनको बगैचामा विवाहलाई स्थापना गर्नुभयो (उत्पति २:२३-२५) । विवाहमा मानिसलाई सुहाँउदो सहयोगी उपलब्ध हुन्छ (उत्पति २:१८) र सन्तान हुर्काउने वातावरण सुरक्षित हुन्छन् (उत्पति १:२६-२८; भजन संग्रह १२७:३-५; १२८; मलाकी २:१४,१५) । आज परिवार माथी शैतानले निर्दयी तरीकाले आक्रमण गरेर धेरै अलमल्ल सृजना गरेको छ । धेरै मानिसहरु वास्तवमा आफु विवाह भएको हो कि होइन भन्ने कुरा पनि याद गर्दैनन् । यसकारण बाइबलको आधारभूत कुरामा फर्केर जाऔ र विवाहमा के-के कुराहरु सम्लग्न हुन्छन् त्यसलाई परिभाषित गरौं :-

(१) **परमेश्वरको व्यवस्थाद्धारा विवाह परिचालित भयो ।** *“ पति बाँचुञ्जेल पतिकै बन्धनमा पत्नी रहन्छे । तर पतिको मृत्यु भएपछि त्यसले इच्छा गरेको व्यक्तिसँग त्यो विवाह गर्न स्वतन्त्र हुन्छे, तर ऊचाहिँ प्रभुकै जन हुनुपर्छ”* (१ कोरिन्थी ७:३९) । यहाँ “बन्धन” भन्नाले परमेश्वरको व्यवस्था बुझिन्छ । राजा हेरोदले हेरोदियासलाई गरेको विवाह नियम विपरितको उदाहरण हो । यद्यपि तिनीहरुले त्यो देशको नियम अनुसार वैवाहिक सम्वन्ध विच्छेद गरेका थिए (मर्कूस ६:१७) । बप्तिस्मा दिने यूहन्नाले अझै हेरोदलाई भन्दछन्, *“ तपाईले तिनलाई स्वास्नीको रुपमा राख्नु उचित हुँदैन ”* (मत्ती १४:४) । यहाँ याद गर्नुहोस् कि हेरोद ख्रीष्टियान नभएता पनि परमेश्वरको विवाहको व्यवस्थामा उ जवाफदेही हुनुपर्छ । ख्रीष्टियान र अख्रीष्टियान सबैले परमेश्वरमा तिनीहरुको विवाहप्रति जवाफदेही हुनुपर्छ । सम्वन्ध विच्छेद र पुन विवाहको स्थान भनेको व्याभिचार मात्र हुनेछन् भनी ख्रीष्टले भन्नुभयो । *“ म तिमीहरुलाई भन्दछु, जसले व्यभिचारको कारणवाहेक आफ्नी स्वास्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, त्यसले व्यभिचार गर्दछ, अनि जसले त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्दछ ”*

(मत्ती १९:९) । मत्ती ५:३२ र रोमी ७:२३ पद पनि हेर्नुहोस् ।

(२) **विवाह पवित्र र आदरणीय होस् ।** *" सबैका बीचमा विवाहचाहिँ आरदणीय होस्, वैवाहिक सम्वन्ध नविटुलियोस, किनकि दुराचारी र व्यभिचारीहरुको इन्साफ परमेश्वरले गर्नुहुन्छ "* (हिब्रू १३:४) । विवाहको मान्यता दिन विवाह सबैको विचमा आदरणीय हुनुपर्छ । (परमेश्वर र मानिस दुवै विच) । हरेक समाजले केही रुपमा वैधानिक विवाह समारोहको अपेक्षा गर्दछ जसलाई सार्वजनिकरुपमा साक्षीका साथ स्वीकारिन्छ । यदि विवाहमा त्यो ठाउँको नियम कानुनहरुलाई सम्लग्न गरेको छैनन् भने त्यो मानिसको निम्ति आदरणीय हुँदैनन् ।

यदि गाडीहरुलाई जिम्मेवारीपूर्वक चलाएको छ भने त्यो निकै ठुलो आशिष हुनेछन् । कल्पना गर्नुहोस्, तैं पनि यदि सबै मानिसहरुले विना सवारी अनुमति पत्र र तिनीहरुको निम्ति राखिएको नियमहरुलाई नपछ्याइकन खुल्लासँग गाडीहरु चलाउँदा हाम्रो बाटोहरुमा दुर्घटनाहरुको परिणाम कति हुन्छन होला? यसरी नै शारीरिक सम्वन्धलाई विवाहमा मात्र अनुमति दिने हो भने त्यो आदरणीय र शुद्ध हुन्छ । विवाहमा शारीरिक सम्वन्धलाई खुल्ला र प्रेमपूर्वक अभ्यास गर्दछ (१ कोरिन्थी ७:३-५; श्रेष्ठगीत ४:८-१६) । दुराचारी र व्यभिचारी विनाशक फलहरु सृजना गर्छ– परिवारलाई टुक्राटुक्रा पार्छन्, बाबुआमा रहित सन्तानहरु हुन्छन्, आत्मालाई चित्त दुख्छ, आत्महत्या, एक्लोपना, रोगहरु, हत्याजस्ता केही परिणामहरु ल्याउँछन् ।

(३) **विवाह करारको रुपमा हुन्छन् ।** सर्वप्रथम शारीरिक सम्वन्धको एकताबाट विवाहको रुप लिएको हुँदैन । *" तिमीहरु सोध्छौ किन? किनभने परमप्रभु तिमीहरु र तिमीहरुको जवानीपनकी स्वास्नीको बीचमा साक्षीको काम गर्दै हुनुहुन्छ, किनकि तिमीहरुले त्यससँगैको विश्वास भङ्ग गर्‍यौ, यद्यपि तिनी तिम्री जीवन्त साथी र वैवाहिक करारमा बाँधिएकी स्वास्नी हो"* (मलाकी २:१४) । हितोपदेश २:१७,१८ हेर्नुहोस् । विवाहमा तीन पक्षको करार हुन्छन् । परमेश्वर, पुरुष र स्त्री सबै सहमति हुनै पर्छन् । विवाह समारोहमा पुरुष र स्त्री पति र पत्नी हुन्छन्, विवाहभन्दा अगाडीको सम्वन्धमा होइनन् । शारीरिक सम्वन्धले विवाहको रुप लिदैनन्, तर यो विवाह पश्चात आउने आशिष हो ।

(४) **विवाह पुरुष र स्त्री विच हुन्छन् ।** *यसैकारण मानिसले आफ्ना आमाबाबुलाई छोड्छ र आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र तिनीहरु एउटै शरीर हुन्छन्"* (उत्पति २:२४) । धेरै देशका सरकारहरुले आजभोलि वास्तवमा समलिङ्गीहरुको विवाहलाई वैधानिक मान्यता दिइरहेका छन् । समान लिङ्गको एकतालाई बाइबलमा नीच, अप्राकृतिक, पाप भनेर वर्णन गरेको छ । यसकारण यस्तो कुनै पनि हिस्साले विवाहको मान्यता प्राप्त गर्न सक्दैनन् (रोमी १:२६,२७) । आउनुहोस् विवाहित मानिसहरुलाई हितोपदेशबाट हौसला दिएर यो पाठलाई अन्त्य गरौं: *" तेरो फुहारा आशिर्वादी होस्, र तेरो युवावास्थाकी पत्नीसित तँ आनन्दित हो । मयालु मृगी र राम्री हरिणी झैं, त्यसकै स्तनमा तँ सन्तुष्ट बन, तँ सधैं त्यसकै प्रेममा मोहित भइरहोस् । हे मेरो छोरो, तँ किन वेश्याको मोहमा फस्छस्? तँ किन अर्काकी पत्नीलाई आलिङ्गन गर्छस्"* (हितोपदेश ५:१८-२०)?

# के तपाई जीउन चाहनुहुन्छ?

आमोसले आउन लागेको बन्धनबारे चेतावनी दिदै इस्रायलीहरुलाई लेख्दछ । राष्ट्ले पश्चात्ताप गरोस भन्ने उद्देश्यले उनले अनुरोध र चेतावनी दिन्छन् । आत्मिक जीवनको पुर्नप्राप्ति वा सुरक्षाको निम्ति परमेश्वरले आमोस ५ अध्यायमा तीन तरीकाबाट हौसला दिनुहुन्छ । यी तीनवटै कुराहरुमा इस्रायलीहरुलाई "खोज" भनिएको छ । खोज्यो भने प्रतिज्ञा सहित इस्रायलीहरुले पाउनेछन् । यो अध्यायमा जीवनको निम्ति परमेश्वरको निर्देशन के थियो?

(१) **"मलाई खोज"** (आमोस ५:४,५) । यी पदहरुमा परमेश्वरले आफैलाई बेथेल, गिलगाल र बेर्शेवा, उत्तरी राज्यमा भएका प्रमुख शहरबाट अलग पार्नुहुन्छ । प्रथम शब्दहरुको व्याख्याले गिलगाल निश्चय नै निर्वासमा जानेछ भनी भन्दछ । शब्दहरुले तिनीहरुको सजायलाई प्रतिनिधित्व गर्दछ । बेथेलको अर्थ "परमेश्वरको घर" भन्ने बुझिन्छ । तर तिनीहरुले यसलाई अर्को बनाएर अरु मानिसहरु बस्ने स्थान बनाए, जसलाई "बेथ ऐभेन" भनिए । यसको वास्तविक अर्थ "दुष्ट मानिसहरुको घर" भन्ने लाग्छ । बेर्शेवा र अरु दुई शहरहरु आराधनाका स्थलहरु थिए । तैपनि तिनीहरुको आराधना र तिनीहरुका जीवन परमेश्वरबाट निकै ताढा गए । यी तीनवटा शहरहरुलाई इस्रायलीहरुको प्रतिनिधित्व गरेको छ, जहाँ आफ्नो उद्देश्य र सहायताको निम्ति परमेश्वरमा फर्कनुको सट्टा परमेश्वरबाट ताढा गएका थिए ।

(२) **"परमप्रभुको खोजी गर"** (आमोस ५:६,७) । परमप्रभुको अभिप्रेरित वाणीहरुलाई थपेर आमोसले यो छोटो खण्डलाई अन्त्य गर्दछ । झुटा कुराहरुलाई प्रर्दशन गर्नुको सट्टामा अब आमोसले आत्मिकी परिणामहरुबारे चेतावनी दिन्छन् । परमेश्वरको अधिकार र नियमलाई नमान्ने र नचिन्ने जो कोहीलाई पनि सजाय पर्खिरहेको छ । धार्मिकतालाई बदलेको र न्यायलाई बंग्याएको विरुद्धमा उहाँले चेतावनी दिनुहुन्छ ।

(३) **"भलाइको खोजी गर, खरावीको होइन्"** (आमोस ५:१४) । यो पद पढ्दा यसो देखिन्छ कि इस्रायलीहरुले सही कुरा गरिरेका छन्, तर तिनीहरु सही जीवन विताइरहेका थिएनन् । तिनीहरुको मुखले उच्चारण गरिरहेका थिए, तर तिनीहरुको जीवनले इन्कार गरिरहेका थिए । यही कारणले गर्दा सर्वज्ञानी परमेश्वर मूर्ख हुनुभएको छैन, उहाँले तिनीहरुको सहायता र छुटकाराको अनुरोधलाई इन्कार गर्नु हुन्छ । पश्चात्ताप भनेको साँच्चि नै भित्रदेखि बाहिरसम्म अर्थात हृदयदेखि क्रियाकलापहरुमा गलत कुराहरुलाई इन्कार गर्नु र सही कुरामा पुग्नु हो । यदि हामी साँच्चि नै जीवन चाहन्छौ भने, हाम्रो हृदय र जीवन परमेश्वरतर्फ दोहरिन्छ । नत्रभने, सेवा आराधनामा हाम्रा ओठले भनेका शब्दहरुद्धारा हामी समस्यामा पर्छौ । किनभने परमेश्वर सत्य जान्नुहुन्छ ।

धेरैले सुझाव दिएका छन् कि "खोज" भन्नुको उत्तम अर्थ आमोस ५ अध्यायमा "पुर्न फर्कनु" भन्ने अर्थ लाग्छ । आज, पहिलो पल्ट परमेश्वरमा खोज्ने काम भएको हुन सक्छ वा परमेश्वरमा पुन फर्कन खोज्दै हुनुहुन्छ । जे भएता पनि जीवनको निम्ति उत्तम मार्ग भनेको परमेश्वर र असल कुराहरु नै हो । -०-

# भरपूर जीवन परिपूर्ण गोठालाबाट आउँछ ।



भजनसंग्रह २३ अध्याय संसारले मन पराएको, प्रतिज्ञाले भरिपूर्ण भएको भजन हो । अनन्तको भण्डारे परमेश्वर आफै हुनुहुन्छ । जसरी भजनसंग्रहको लेखकले व्यक्त गर्दछ, *"परमप्रभु मेरो गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन ।"* भजनसंग्रह लेखकको असल गोठालोले यी कुराहरु उपलब्ध गराउनुहुन्छः

भोजनः "उहाँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ ।"
पानीः "मलाई शान्त पानीको छेउमा डोऱ्याउनुहुन्छ ।"
पुनर्जीवितः "उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ ।"
अगुवाईः "उहाँले मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ ।"
भरोसाः "मृत्युको अन्धकारमय घाटीमा भएर जानुपरे तापनि......"
डरबाट मुक्तः "म कुनै खतरादेखि डराउनेछैन ।"
संगतीः "किनकि तपाई मेरो साथमा हुनुहुन्छ ।"
अनुशासनः "तपाईको लठ्ठी..."
उद्धारः "तपाईको लहुरोले..."
सान्त्वनाः "तपाईले मलाई सान्त्वना दिनुहुन्छ ।"
समृद्धिः "मेरा शत्रुहरुका सामुन्ने तपाईले मेरो निम्ति भोज तयार पार्नुहुन्छ ।"
चङ्गाईः "तपाईले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ ।"
आनन्दः "मेरो कचौरो भरिएर पोखिन्छ ।"
विश्वासको विजयीः "निश्चय नै तपाईको भलाइ र करुणा मपछि लाग्नेछ ।"
विश्वस्ताः "मेरो जीवनभरि"
उत्तराधिकारः "र परमप्रभुको घरमा म सदासर्वदै वास गर्नेछु ।"

# धनी मानिसले पातालमा के सिक्यो? लूका १६:१९-३१

आफ्नै औंलाको टुप्पा पानीमा चोपेर उसको जिब्रोलाई शीतल पारिदिनोस भनी लूका १६ अध्यायमा धनी मानिसले लाजरसलाई पठाउन अब्राहामलाई विन्ति गरे । किनभने "उ त्यस ज्वालामा भयङ्कर वेदना पाइरहेछ ।" यो साँचो कथा हो भनी म विश्वास गर्छु । यसकारण लगभग २,००० वर्षदेखि धनी मानिस आगोको ज्वालामा भयङ्कर वेदना पाइरहेका छन् । आउनुहोस् धनी मानिसले पातालमा सिके को केही पाठहरु हेरौं:

(१) **अनन्तताको अर्थ:** येशूले भन्नुभयो, *" तब यिनीहरु अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरु अनन्त जीवनमा प्रवेश गर्नेछन्"* (मत्ती २५:४६) । *" अनन्त "* भन्ने शब्दलाई याद गर्नुहोस् ।

(२) **मृत्युपछि त्यहाँ दोस्रो मौका हुँदैन् ।** मृत्युमा हाम्रो भाग्य मोहर लगाएको हुन्छ । हिब्रू ९:२७ भन्दछ, *" जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ ।"*

(३) **स्वर्गको सान्त्वनाको निम्ति कोही पनि नरकको पिडाबाट उम्कन सक्दैनन् ।** गहिरो धाँदो चाहिँ निश्चय नै ईश्वरीय रेखा हो ।

(४) **वास्तविक पिडाको अर्थ ।** उसले भन्यो, *" म यस ज्वालमा* भयङ्कर *वेदना पाइरहे छु ।"*

(५) **अभिलेखाको अर्थ ।** रोमी १४:१२ ले भन्दछ, *" यसैले हामी हरेकले परमेश्वरलाई आम नो लेखा दिनेछौं ।"*

(६) **नरकको अर्थ ।** प्रकाश २०:१५ ले भन्दछ, *" जसको नाँउ जीवनको पुस्तकमा लेखिएको* भेट्टाइएन *त्यो* अग्नि-कुण्डमा *फालियो ।"* प्रकाश २१:९ ले भन्दछ कि सबै पापीहरु आगो र गन्धक दन्कने कुण्डमा हुनेछ । परमेश्वरले पापलाई जस्तो तरीकाले हेर्नुभएको थियो यदि हामीले पनि त्यसरी हेर्छौ भने नरक किन अस्तित्वमा छ भन्ने कुरा हामी बुझ्न सक्छौ ।

(७) **सुसमाचार प्रचारको अर्थ ।** उसले भन्यो, *" पिता...त्यसलाई मेरा बाबुको घरमा पठाइदिनुहोस्, किनभने मेरा पाँच भाइ छन् ।"* उसले आत्माको मूल्यको पाठ सिक्यो । तर समय निकै ढिला भै सकेको थियो ।

(८) **प्रार्थना गर्न निकै ढिला भैसकेको थियो ।** उनले भन्यो, *" हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस् ।"* प्रार्थना गर्नु निकै राम्रो कुरा हो । समय भएकै बेलामा परमेश्वरलाई प्रार्थना गर्नुपर्छ ।

(९) **परमेश्वरले जे भन्नुहुन्छ, उहाँले त्यही गर्नुहुन्छ ।** परमेश्वरले अविश्वासी र विश्वासयोग्य नभएकाहरुलाई सजाय दिनुहुन्छ (२ थेसलोनिकी १:७-९) । के तपाई यो कुरामा विश्वास गर्नुहुन्छ?

(१०) **मृत्यु अन्त्य होइन् ।** शरीर मरेर गएता पनि आत्मा जीवित रहन्छ । यो अनन्तको हुन्छ । दाऊद भन्दछ, "तिमीहरुका हृदय जीवित रहुन" (भजन संग्रह २२:३६) ।

**निष्कर्ष:** यी मूल्यवान पाठहरु सिक्नको निम्ति इन्साफसम्म पर्खिरहनु पर्दैनन् । तपाईको आत्मा निकै मूल्यवान छन् र अनन्तता निकै लामो छन्, "सारा जगत हात पारेर आफ्नो प्राण गुम्न सक्छ" (मर्कूस ८:३६) ।

# बुद्धिमान मानिसहरु



यो कथा हामी मत्ती २:१ मा पढ्न पाउँछौ । तीन जना पूर्वका ज्योतिषीहरु आएका थिए भनेर सामान्यरुपमा मानिसहरुले विश्वास गर्छन, तर धर्मशास्त्रले कति जना भनी किटान गरेर भनेको छैनन् । यसकारण हामीलाई थाहा भएसम्म मानिसहरु बहुवचन थिए । तिनीहरुले के गऱ्यो भन्ने कुरा महत्वपूर्ण छ, कति जना मानिसहरु थिए भन्ने कुरा महत्वपूर्ण होइनन् ।

बालक ख्रीष्टलाई खोज्नुभन्दा अगाडी यी मानिसहरु पहिला बुद्धिमानी ज्योतिषीहरु थिए । आदम क्लार्क भन्दछन् सम्भवत लाम पुच्छ्रे ताराले त्यो समय उपलब्ध गराएको थियो । ताराहरुको बारेमा अध्ययन गर्ने ज्योतिषीहरुले यसबारे राम्रो ज्ञान हासिल गरेका थिए । बालकलाई बेथलेहेमको डुँडमा जहाँ राखिएको थियो, तारा त्यही अडियो ।

यर्मिया ९:२३ ले हामीलाई भन्दछ कि साँचो बुद्धिमान मानिसहरुले आफ्नै बुद्धि, शक्ति र सम्पतिमा महिमा गर्दैनन्, तर तिनीहरुको साँचो ज्ञान र समझ परमेश्वरमा हुन्छन् । परमप्रभुको भाइ याकूब भन्दछ, *" तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तव त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ "* (याकूब ३:१७) ।

यी बुद्धिमान मानिसहरु आफ्नो खोजमा निकै उत्सुक थिए कि तिनीहरुले पहिले नै कोसेलीहरु तयारी गरेर ल्याएका थिए । यसरी तिनीहरु बुद्धिमानी थिए भनेर चिहन्हरुले प्रमाणित गरे ।

(१) तिनीहरु ख्रीष्टमा इच्छुक थिए, जो हाम्रो महिमाका आशा हो (कलस्सी १:२७) । उहाँ एउटै ढोका हुनुहुन्छ (यूहन्ना १०:१०) र एउटै बाटो हुनुहुन्छ (यूहन्ना १४:६) । उहाँ नै हाम्रो एउटै मुक्तिको स्रोत हुनुहुन्छ (हिब्रू ५:९) ।

(२) तिनीहरुले ख्रीष्टलाई खोज्नको निम्ति तयारी गरेको थियो । कोही कोहीले चासो देखाउँछन् तर उहाँलाई खोज्न पर्याप्त थिएनन् । उहाँलाई हामीले खोज्नै पर्छ,

*" परमप्रभुलाई पाउन सक्छौ, उहाँलाई खोज "* (यशैया ५५:६) र उहाँलाई सही स्थानमा खोज (यशैया ३४:१६) ।

(३) ख्रीष्टलाई खोज्नको निम्ति तिनीहरुले कसैलाई विन्ति गर्नु परेनन् । तर उहाँलाई तिनीहरुले स्वइच्छाले खोज्यो किनभने तिनीहरुले बालक ख्रीष्टलाई उच्च सम्मान र प्रशंसा गरेका थिए । यसमा हेरोद राजाको विपरित स्वभाव थियो । उनले तिनीहरुलाई पाखण्डीपूर्वक सोध्यो कि तिनीहरु फेरी फर्केर आउनु र उनलाई ख्रीष्ट कहाँ छन् भनेर बताउन आउनु ताकि उनले पनि ख्रीष्टलाई आराधना गर्न सकूँ (वास्तवमा ख्रीष्टलाई मार्ने योजना थियो) ।

(४) तिनीहरुको खोजलाई अरु कसैले पनि खोज्न लगाएनन् । हेरोद राजाले चाहयो कि आफ्नो खोजलाई बुद्धिमान ज्योतिषीहरुलाई खोज्न लगायो । हामीहरुले कहिल्यै पनि हाम्रो खोजलाई हाम्रो पति वा पत्नी वा हाम्रै परिवारहरुलाई खोज्न लगाउनु हुँदैन् । हामीलाई भनिएको छ, *" जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरु परमेश्वरवाट आएका हुन कि होइनन् भनेर तिनको जाँच गर "* (१ यूहन्ना ४:१) ।

(५) मार्गदर्शनको निम्ति अरुलाई सोध्न तिनीहरुमा लाज थिएनन् । तिनीहरु नपुसंक जस्तै थिए जसले भन्यो, *" कसैले नबताईकन म कसरी बुझ्न सक्छु र "* (प्रेरित ८:३१)? तिनी अप्पोलस जस्तै थिए जसले बप्तिस्मा दिने यूहन्नाको शिक्षाबारे अकिलास र प्रिस्किलाको उत्तम वचनहरु सुने ।

(६) परमेश्वरले तिनीहरुलाई दिनुभएको ज्योतिमा तिनीहरु सन्तुष्ट थिए । परमेश्वरले आफ्नो पुत्रद्धारा हामीलाई अगुवाई गर्नेकुरा उपलब्ध गराउनु भएको छ (यूहन्ना १४:६) । परमेश्वरले तिनीहरुलाई आकाशको ताराद्धारा अगुवाई गर्नुभयो, जबकि हामी सुसमाचारको ज्योतिलाई पछयाउँछौ ।

(७) तिनीहरुले परमेश्वरको वाणी सुने, मानिसहरुको होइनन् (प्रेरित ५:२९) ।


(८) तिनीहरुले ख्रीष्टलाई पाउनको निम्ति मूल्य चुकाउन इच्छुक भए । तिनीहरुलाई खर्चको, कठिनाई, समय र दुरीको बारेमा केही थाहा थिएनन् । उहाँ हाम्रो सबैथोक हुनुहुन्छ, *" हाम्रो सबै कुरामा हुनुहुन्छ "* (कलस्सी ३:११) ।

(९) तिनीहरुले उहाँलाई दण्डवत गरेर आफ्नो भक्तिभाव देखाए । उहाँलाई पाइसके पछि पनि कोही-कोहीले उहाँलाई आराधना गर्न, दण्डवत गर्न असफल हुन्छन् । ख्रीष्टलाई पाउनु अन्तिम कुरा होइन्, तर कसैले अन्त्य पनि गर्छन । यो कुनै अन्तिम चरण होइनन्, तर शुरुवाट हो । *" नयाँ जीवनको मार्गमा हिंडौ "* (रोमी ६:४) ।

(१०) टुक्राटाक्रीहरुमात्र दिएर होइन, परमप्रभुलाई सर्वश्रेष्ठ उत्तम कुरा दिनु पर्छ । तिनीहरुले आफ्नो इमान्दारिता प्रमाणित गरे । हामी पनि त्यस्तै हुनुपर्छ (२ कोरिन्थी ९:७) । *" हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो "* (याकूब १:१७) । सबैभन्दा पहिला हामी आफैले आफैलाई प्रभुमा सुम्पिनुपर्छ (२ कोरिन्थी ८:५) । तिनीहरु घर छोडेर आउनुभन्दा पहिला तिनीहरुमा योजना र उद्देश्यहरु थिए, त्यसमा कुनै शंका छैनन् । हामीहरु पनि त्यस्तै हुनुपर्छ ।

कसरी हामीले हाम्रो बुद्धिलाई उनीहरुको बुद्धिसंग तुलना गर्न सकिन्छ?

# दानिएलको महानता



तीनजना महान धार्मिक मानिसहरुको सूचीमा इजकिएलले दानिएललाई समावेश गरेका छन् (इजकिएल १४:१४-२०) । अरु दुईजना व्यक्तिहरु नोआ र अयुव थिए । धार्मिकताका महान व्यक्तिहरुमा अरु मानिसहरु पनि थिए । तर तिनीहरुको समयमा यी व्यक्तिहरु सर्वश्रेष्ठ र उत्तम थिए । परमप्रभुको आज्ञा अनुसार सही काम गरी परमेश्वरसँग सही सम्वन्ध स्थापना गरेर असल जीवन जीउन खोजेका थिए । पुरानो समयका योसेफलाई जस्तै परमेश्वरले दानिएलको प्रशंसा गर्नु भएको थियो । सुसमाचारको पुस्तक मत्ती र मर्कूसको अभिलेखमा दानिएलको अगमवाणीका कार्यहरुको प्रसङ्ग उल्लेख गरेका छन् । हिब्रू ११:३३ मा उनको नाउँ उल्लेख नगरे तापनि, बाइबलको विश्वासको अध्यायमा उनको महान जीवनको सन्दर्भहरु उल्लेख गरेको पाउँछौ । हाम्रो जीवनमा उनी मार्गदर्शकको रुपमा खडा भएका छन् । हामीहरु सबै यो असल मानिसको चालमा जस्तै हिडनुपर्छ (हितोपदेश २:२०) । उनको असल जीवनद्वारा हामीलाई चुनौती र हौसला मिल्छ (रोमी १५:४; १ कोरिन्थी १०:११) । दानिएलको बारेमा भन्ने कुराहरु धेरै छन् । तर आउनुहोस तीनवटा कुराहरुलाई विचार गरौ :-

(१) **परमेश्वरको मित्र**

परमप्रभुले आज्ञा गर्नुभएका कुराहरुलाई मान्ने मानिसहरु नै उहाँका मित्रहरु हुन (यूहन्ना १५:१४) । परमेश्वरको आज्ञा पालन गर्नमा दानिएल इमान्दार थियो ।

उनले मनाही गरेको भोजनहरु खाँदैन्थ्यो (दानिएल १:८) । उनले अरु ईश्वरहरुलाई दण्डवत गर्दैन्थ्यो, तर परमेश्वरलाई प्रार्थना गर्न चुक्दैनन (दानिएल ६ अध्याय) । उनको जीवनले परमेश्वरको महिमा गर्‍यो । उनी जवान अवस्थामा पनि बुद्धि र शुद्धताको मानिस थियो (दानिएल १:१७;२:१४) । उ संसारको मित्र थिएनन् (याकूब ४:४; दानिएल १:८) । उसले परमेश्वरबाट कृपा पाए किनभने परमेश्वरको अगाडी उ निर्दोष भएर जीउथे (दानिएल ६:४) । दानिएललाई परमेश्वरको मानिसको रुपमा अभियोग लगाएर दोषी करार दिए (दानिएल ६:५) । यो उनको निम्ति महान श्रद्धाञ्जली थियो ।

(२) **परमेश्वरमा विश्वास**

परमेश्वरमा राखिएको विश्वास र प्रोत्साहनले जवान अवस्थामा पनि दानिएल संसारदेखि पृथक भए (दानिएल १:८) र आफ्नो जीवनको बृद्ध उमेरसम्ममा पनि निरन्तर विश्वासयोग्य भैरहयो । दानिएल १, ५ र ६ अध्यायको विचमा धेरै वर्षको भिन्नता थियो । तै पनि अझै विश्वासमा ऊ बढिरहेको थियो । विश्वासको कारणले गर्दा उनी प्रार्थनाको मानिस भए । उनले परमेश्वरको उपस्थिति, शक्ति र सावधानीमा निकै ठुलो भरोसा गर्थे । उनको विश्वासले उनलाई संसारको भविष्यलाई हेर्न सक्ने बनायो । मृत्यु, सिंहहरु र चिहानभन्दा परको कुरा उनले देख्न सक्थ्यो (दानिएल ६ अध्याय) । परमेश्वरले सबै कुरा उपलब्ध गराउनुहुन्छ भन्ने कुरामा दानिएलले सधैं विश्वास गर्थे । उनको विश्वासले उनलाई नम्र बनायो; परमेश्वरले पाउनुपर्ने प्रशंसा उनले कहिल्यै पनि अपेक्षा गरेनन् (दानिएल २:२८) । दानिएलले आफ्नो इच्छा परमेश्वरमा लगाए, संसारिक थोकहरुमा लगाएनन् । बेलसजरले उनलाई उपहारहरु दिन लाग्दा पनि यो कुरा सही थियो (दानिएल ५:१६,१७) । साँच्चै नै विश्वासका महान नायकहरुको सूचीमा दानिएलका मार्गहरु पाउँछौं ।

(३) **परमेश्वरको निम्ति सहिष्णुता**

परमेश्वरले कसैलाई डरको आत्मा दिनुभएको छैनन् (२ तिमोथी १:७) । दुष्टताको कारणले गर्दा डरलाई प्रवेश गर्ने मौका दानिएलले दिएनन् । मृत्युसम्मै विश्वासयोग्य हुनु भन्ने हामीलाई दिएको आज्ञा अनुसार दानिएल जिए (प्रकाश २:१०) । परमप्रभुको निम्ति उनले आफ्नो जीवन त्याग्न इच्छुक भए (मत्ती १०:३८,३९) । स्वर्गबाट आउने आज्ञाको विरोधमा राजाले कुनै उर्दी, आदेश जारी गर्छन भनेता पनि त्यस्तो आदेशलाई जवान अवस्थामा नै उनले विरोध गर्ने इच्छा गर्दथे (दानिएल १ अध्याय) । उनले त्यस्तो साहसलाई बृद्ध अवस्थासम्ममा पनि निरन्तरता दिए (दानिएल ६:१-१०) । सही कार्य गर्ने कुरा जहिले पनि उपयुक्त नहुन सक्छन् । नबुकदनेसर र बेलसजर दुवैको सन्देशलाई स्वागत नगर्ने साहस दानिएलमा थियो (दानिएल ४,५) । जसले राजाको उर्दीलाई मान्दैनन्, तिनीहरुलाई सिँहको खोरमा फाल्ने भन्ने निर्णय गरिसके पछि पनि दिनमा परमेश्वरलाई तीन पल्ट प्रार्थना गरी उनले आफ्नो साहसको उदाहरण दिए (दानिएल ६:७) । परमेश्वरले हामीलाई हाम्रो विश्वाससित संयोग हुने महान सदगुणहरु दिनुभएको होस् (१ पत्रुस १:५-७) । डरपोकहरु नष्ट हुनेछन् (मत्ती २५:२५) । साँच्चि नै दानिएल महान व्यक्ति थियो । -०-

# डेमास, त्यागेर जाने व्यक्ति


प्रेरित पावलले कैसरकहाँ अपिल गरे (प्रेरित २५:११,१२), डरलाग्दो जोखिमको यात्रा गरेर रोममा पुग्यो (प्रेरित २७:१-२८:१६) । जहाँ उनलाई "गृह बन्दी" मा राख्यो । रोममा दुई वर्षसम्म आफ्नै खर्चमा कोठा भाडा तिरी बन्दी भएर बसे (प्रेरित २८:३०,३१) । धेरै जसो बाइबलका बिद्धानहरुले त्यो समय इ.स. ६१-६२ हुनुपर्छ भनी विश्वास गर्छन् । त्यही कैदी जीवनमा पावलले एफिसी, फिलिप्पी, कलस्सी र फिलेमोन नामक चार वटा पत्रहरु लेखेको थियो ।

यी पत्रहरुमध्येका दुईवटा पत्रहरुमा पावलले डेमास नामक ख्रीष्टियान मानिसको बारेमा उल्लेख गरेको थियो । कलस्सी ४:१०-१४ पदहरुको प्रसङ्गमा थियो । जहाँ अरु राम्रा मानिसहरुको सूचीमा उनको नाम पनि उल्लेख गरेको थियो । फेरी, पावलले फिलेमोनलाई लेखेको पत्रमा मर्कूस, अरिस्तार्खस, लूकासँगै डेमासलाई सहकर्मी भनेका छन् (पद २४) ।

तर केही पाँच/छ वर्ष पछि, इ.सं. ६७ र ६८ तिर जव पावललाई दोस्रो पल्ट रोम लिएर गएको थियो, जसको परिणामले त्यहाँ पावललाई शिर काटेर मारेको थियो । त्यही कारणले डेमासको विचारमा परिवर्तन सृजना भयो । आफ्नो मृत्युभन्दा केही समय अघि अन्यजातिहरुको महान प्रचारक पावलले तिमोथीलाई दोस्रो पत्र लेखेको थियो, जसमा सम्भव भएसम्म छिट्टै रोममा आउनु भनेर पावलले उनलाई विन्ति गरेको थियो, *"किनकि डेमासले यस बर्तमान संसारलाई प्रेम गरी मलाई त्यागेर ऊ थेसलोनिकेमा गएको छ..."* (२ तिमोथी ४:९,१०) ।

यी पदहरुबाट पावलले डेमासको बारेमा के भन्दैछन्? जसरी कोही-कोही मानिसहरु धर्मशास्त्रको चेतावनी विपरित गएर १ यूहन्ना २:१५-१७; गलाती ५:१९-२१ पदहरुमा लेखे जस्तै डेमास पनि पिउने, नाँच्ने, मोजमज्जामा मोहित हुँदैछन् भनी के पावलले भन्न खो जिरहेको छ? होइन्, डेमासको बारेमा पावलले यस्तो अभिव्यक्त गरिरहेको छ भन्ने कुरामा मलाई विश्वास लाग्दैन् । यसको सट्टामा पावलसँग सहकार्य गरिरहँदा ख्रीष्टको खातिर आफ्नो प्राण अर्पण गर्नुभन्दा यो संसारमा अस्तित्व हुने कुरालाई नै थामिराख्नु पर्ने डेमासको सोच देखिन्छ । विनाशंका यदि उसले पावललाई अंगालिराख्ने कुरा रोज्यो भने निश्चय नै रोमीहरुले अरु प्रेरितहरुसँगै उसलाई पनि मार्नेछन् । यसकारण उसले पावललाई त्यागेर थेसलोनिकेमा भागेर गए । अरु प्रेरितहरुजस्तै ऊ ख्रीष्टमा समर्पित थिएनन् । जसरी पावलले आफ्नो वाणीमा घोषणा गर्दछन्, *" किनकि प्रभु येशूको नाउँको निम्ति कैदमा पर्नु मात्र होइन, तर यरुशलेममा मर्न पनि तयार छु"* (प्रेरित २१:१३) । स्मुर्नाको मण्डलीलाई यूहन्नाद्धारा भएर येशूले जे लेख्नुभयो त्यो कुरामा डेमासले पूर्णरुपमा सास फेरेनन्, *" तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु"* (प्रकाश २:१०) । येशूले भन्नुभएको कुरालाई याद गर्नुहोस्, *" मृत्युसम्मै विश्वासी होओ । "* ख्रीष्टियानहरुले आफ्नो जीवन प्रभुमा विश्वासयोग्य भएर जीउनु पर्छ । डेमासमा भक्तिपूर्ण जीवनको अभाव थियो ।

"आखिरीसम्म स्थिर रहनेचाहिँ बचाइनेछ" भन्ने कुरामा डेमास असफल भयो (मत्ती २४:१३) । स्वर्गको अनन्त जीवन भन्दा संसारिक जीवन उसको निम्ति धेरै महत्वपूर्ण थियो । जो विजय भएर आउनेछन्, तिनीहरुको निम्ति यो प्रतिज्ञा हुनेछ (प्रकाश २:७,११,१७,२६; ३:५; १२:२१) । यी सबै दृश्यहरुलाई हेर्दा जस्तो सुकै अवस्था आएता पनि विश्वासयोग्य भएर जिऔ र कहिल्यै पनि प्रभुलाई नत्यागौं ।



# यहूदा इस्करियोत- इमान्दार, धोखाबाज, मोलतोल गर्ने, विश्वासघात, आत्महत्या गर्ने

बाह्र प्रेरितहरुका नामहरु मत्ती १०, मर्कूस ३ र लूका ६ अध्यायहरुमा दिएका छन् । यहूदा इस्करियोतको नाम समानरुपमा सूचीको अन्तमा लेखेका छन् । मत्ती र मर्कूसले उसलाई विश्वासघातक भनेका छन्; लूकाले उनलाई धोखाबाज भन्दछन् । एघार जनाहरुको नाम हाम्रो हृदयमा पवित्र नायकका सुसमाचारका असल मानिसको रुपमा चम्किरहेका छन्, तर यहूदा इस्करियोतको नाम बदनामले भरिएको छ । यहूदा जन्मदै त्यस्तो थिएन् । जव उनलाई पहिलो चोटी बोलाइएको थियो, त्यो समयमा पनि ऊ त्यस्तो थिएन् । जव उनले आफैलाई पापमा सहभागी गरायो, त्यसपछि उ त्यस्तो प्रकारको मानिस हुन पुगे ।

**यहूदा- इमान्दारः-** प्रेरित भनेर नाम दिनुभन्दा अघि यहूदा “चेला” थियो । चेलाको अर्थ विद्यार्थी, पछ्याउने, सिक्ने, अवलोकन गर्ने भन्ने लाग्छ । उ पनि अरु एघार जना जस्तै थियो । खीष्टले तिनीहरुलाई “प्रेरितहरु” को दर्जाको रुपमा नियुक्त गर्नुहुँदा यो बिन्दुमा आउँदा तिनीहरु धेरै नै उच्च श्रेणीमा थिए । प्रेरितहरु नियुक्त गरेका थिए । तिनीहरु संसारमा विशेष उद्देश्यका साथ पठाउनको निम्ति तयार गरेका थिए । तिमीहरु खीष्टका दूतहरु थिए । यहूदामा पनि त्यस्तो योग्यताहरु थियो । त्यस्तो नभएको भए प्रभुले उनलाई आत्मिकी प्राथमिक स्थान सुम्पिदिनुहुने थिएनन् । भूतहरु धपाउने, कुष्ठरोगहरु निको पार्ने, मृतकहरुलाई जीवित पार्ने र अन्य विभिन्न रोगहरु निको पार्ने शक्तिहरु यहूदालाई पनि दिएको थियो (मत्ती १०:१,४,८) । यदि त्यो व्यक्ति पहिलेदेखि शैतानसँग सहभागी भएको थियो भने त्यस्तो व्यक्तिलाई प्रभुले यस्तो शक्ति दिनुहुने थिएनन् होला । सर्वप्रथम यहूदा प्रभुमा इमान्दार थियो । तर उ आफ्नो इमान्दारितामा स्थिर रहेनन् । उसले त्यो इमान्दारिता गुमायो । उसले आफ्नो आत्मा पापमा बेच्यो ।

**यहूदा- विश्वासघातः-** यहूदा बाहिरीरुपमा विश्वासघात हुनु अघि उ आफ्नो हृदयमा विश्वासघात भए । जीवनका सम्पूर्ण कुराहरु हृदयबाट नै आउँछन् (हितोपदेश ४:२३) । हितोपदेशको पहिलो भागमा लेखिएको छ– सबैभन्दा बढी आफ्नो हृदयलाई सुरक्षित राख भन्ने कुरामा यहूदाले आनन्द गर्न सकेन् । मत्ती १२:३५ मा येशूले भन्नुभयो, *“ ...दुष्ट मानिसले आफूमा भरिएको दुष्टताबाट दुष्ट थोक नै निकाल्छ ।”* यहूदाले आफ्नो हृदयमा खराबलाई प्रवेश गर्न दिएर उसको हृदयलाई दृष्टताले अधिकार गर्न लगाए । शैतान जहिले पनि यहूदामा रहेनन् । हामी लूका २२:३ मा पढ्न पाउँछौं, *“ तब बाह्रमध्येको एक जना इस्करियोत भनिने यहूदाभित्र शैतान पस्यो ।”* यहूदाले शैतानलाई आफ्नो हृदयमा आउनको निम्ति स्वागत गऱ्यो । उनले आफ्नो हृदयद्धारा यस्तो तरीकाले काम गऱ्यो जुन पूर्णरुपमा सत्य विरुद्धको घात थियो । उ पूर्णरुपमा सत्यताको विरुद्धमा थियो– जो

विश्वासघात हो ।

**यहूदा- मोलतोल गर्नेः-** उसको लालची र स्वार्थले उसलाई अपराध गराउने मानिसहरु- फरिसीहरु, सदूकीहरु, शास्त्रीहरु, प्रधान पूजाहारीहरु र धर्मगुरुहरु तर्फ दोहऱ्यायो । तिनीहरुका हत्यामा सम्लग्न हुनको निम्ति अपहेलित गालिलीलाई सुम्पिदिने निश्चयताको निम्ति तिनीहरुले यहूदालाई तीस टुक्रा चाँदी दिने सहमती गऱ्यो । अब यहूदाले उपयुक्त मौकाको समय पर्खिरहेको थियो (मत्ती २६:१४-१६; यूहन्ना १२:४,५) ।

**यहूदा- धोखाबाजः-** माथिल्लो कोठामा प्रभु भोजको समयमा अरु एघार जना विश्वासयोग्य मानिसहरुका साथमा यहूदाले आफु देखा पर्ने साहस गरेको थियो । येशूले यहूदालाई एक जना धोखा दिने मानिस हो भनेर औलाले दर्शाउनु भएपछि बिहिबारको अन्धकार रातमा त्यो बाहिर निस्केर गयो । येशूलाई त्यो योजनाको बारेमा थाहा थियो- त्यसैले त्यही रात प्रभुले चेलाहरुलाई गेतसमनीको बगैचामा जानको निम्ति बोलाइरहनुभयो । गेतसमनीको बगैचा जैतुन डाँडाको पश्चिमी दिशाको सानो भिरालोमा पर्छ जहाँ येशू बारम्वार यरुशलेम आउनुहुँदा त्यहाँ जानुहुन्थ्यो । आफ्ना मित्रहरुसँग अपराध गर्नको निम्ति यहूदा पनि सँगसँगै अगाडी बढे । उनले मानिसहरुलाई ख्रीष्टसम्म दोहऱ्याएर उहाँलाई चिन्नको निम्ति चुम्बन गरियो । यो धोखाको चुम्बन, विश्वासघातको चुम्बन, विशिष्ट श्रेणीमा राख्दा यो चुम्बन पाखण्डीपूर्ण थियो । त्यो दिनदेखि अहिलेसम्म हाम्रो माझमा यहूदाको चुम्बनलाई पाखण्डी, धोखाबाजको पापपूर्ण संकेट गरिन्छ ।

**यहूदा- आत्महत्याः-** चाँदीको केही सिक्काको निम्ति जब कसैले डरलाग्दो काम गर्छन भने त्यस्तो व्यक्तिलाई कम मात्रामा स्वागत गरिन्छ । ऊ अपराधमा सम्लग्न भएको कुरा बुझेर उनले त्यो पैसा फिर्ता दिने विचार गऱ्यो । तर तिनीहरुले उनलाई ठट्टा गरेर गिज्याए । अब तिनीहरुको निम्ति यहूदा उपयोगी भएनन् । निरासा भएर उनले सिक्काहरु मन्दिरको भुँइमा फ्याँकेर आफै झुण्डिएर आत्महत्या गर्न गए (मत्ती २७:५) । पछि उसको शरीर उँधोमुन्टो भई खस्यो र त्यसको भुँडी फुट्यो र त्यसका सबै आन्द्रा-भुँडी निस्के (प्रेरित १:१८) ।

यहूदा आफ्नै स्थानमा गए– उनको मृत्यु भयो । त्यो समयदेखि अनन्त नरकको निम्ति न्यायको लागि पर्खिरहेको छ । प्रेरित १:२५ ले भन्दछ, *" त्यो यस सेवा र प्रेरितको काममा प्रवेश गर्न सकोस्, जुन सेवाबाट यहूदा भडकेर आफ्नो निज ठाउँमा झऱ्यो ।"*

## हामीले सिक्नुपर्ने पाठहरुः-

(१) पाप जहिले नि हामीले सोचेको भन्दा पनि खराब हुन्छ ।
(२) उनले गरेको कुरामा यहूदाले गल्ती महशुस मात्र गरे, उसले पश्चाताप गरेर ख्रीष्टमा फर्कन सक्थ्यो ।
(३) जसले आफ्नो आत्मालाई बेच्छन्, ती प्रत्येक मानिसहरुले आफैले आफैलाई दुर्घटनामा निम्त्याउँछ ।
(४) परमेश्वरको सन्तानले पाप गरेर अनन्तता गुमाउन सक्छन् । जस्तैः यहूदाको उदाहरण ।
(५) अयोग्य भएको कुराहरुमा मानिसले जहिले पनि अविश्वासयोग्य प्रमाणित गरिरहेका हुन्छन् । -०-

# "म डराएको थिएँ"



**परिचय**

(क) हाम्रो पाठ्य खण्डमा हाम्रा परमप्रभुका धेरै दृष्टान्तहरु समावेश गरेका छन् ।

(ख) संसारिक कथा अनि स्वर्गीय अर्थ भनी कसैकसैले दृष्टान्तलाई परिभाषित गरेको छ । दृष्टान्तको शाब्दिक अर्थ "संगसंगै फ्याँक्नु भन्ने बुझिन्छ ।

(ग) त्यसो भए दृष्टान्त भन्नाले सामान्य रुपमा भौतिक र संसारिक जगतमा केही कुरा फाल्नु हो, जसको आत्मिकी जगतमा सजिलैसँग आत्मिकी सत्यताको अर्थ प्रकट भएको हुन्छ ।

(घ) दृष्टान्तको पाठमा यी कुराहरु समावेश छन्:

(१) कसैलाई उसको योग्यता अनुसार सिक्का दियो ।

(२) सिक्कालाई फलदायीरुपमा प्रयोग गर्नुपर्छ ।

(३) योग्यता नै नभएको सेवक हुँदैनन् । सबैसंग केही न केही छन् ।

(४) दिएको सिक्कालाई प्रयोग गरेको आधारमा इनाम दिनुहुन्छ ।

(५) सिक्कालाई प्रयोग गर्न असफल हुँदा सेवकमा प्रभुको क्रोध आईपर्छन् ।

(ङ) यो पाठमा हामी एक सिक्का पाएको सेवक जसले त्यो सिक्कालाई प्रयोग नगरेको कारणलाई ध्यान केन्द्रित गर्नेछौ, त्यसले भन्यो, "म डराएको थिँए ।"

**(१) परमप्रभुलाई सेवा गर्नमा ठुलो बाधा दिने डर हो ।**

(क) आउनुहोस् डरले प्रभावित भएका केही त्यस्ता व्यक्तिहरुको उदाहरण हेरौं :-

(१) दश जासुसीहरु (गन्ती १३:३१-३३) । यहोशू र कालेवको प्रतिवेदन फरक थियो (गन्ती १४:९) ।

(२) गिदोनका २२,००० सिपाहीहरु (न्यायकर्त्ता ७:३-८) ।

(३) प्रधान शासक (यूहन्ना १२:४२) ।

(४) आरमाथियाका योसेफ (यूहन्ना १९:३८)।
(५) पत्रुस (मत्ती १४:३०)।

(ख) बहुमूल्य आशिषहरु डरको कारणले गर्दा खोसियो। आज पनि धेरैको प्रगति र आशिषहरु डरले गर्दा खोसिन्छ।

(ग) केही मण्डलीहरु डराएका छन्।
(१) प्रभुको निम्ति सुहाँउदो खतरा मोल्न (आराधना र कक्षा कोठा निमार्णको निम्ति पैसा सापटी लिएर सम्पन्न भवन बनाउन)।
(२) एल्डरहरु नियुक्त गर्न (तीतस १:५)। बर्षौसम्म पनि गोठालो रहित भएर मण्डली चलिरहन्छ।
(३) अनुशासन कायम गर्न (१ कोरिन्थी ५:६,७; २ कोरिन्थी ३:६)।
(४) विश्वास कायम राख्न (यहूदा ३; फिलिप्पी १:१७)

(घ) कोही व्यक्तिहरु डराएका छन्।
(१) सुसमाचार प्रचार गर्न।
(२) सुसमाचार पालन गर्न।
(३) प्रार्थना अगुवाई गर्न, कक्षा लिन, भजन अगुवाई गर्न इत्यादि (कोही मानिसहरु यी कार्यहरुबाट पछि हटेका छैनन्, तर पहिलो पल्ट कोशिस गर्दा तिनीहरु डराएका थिए तर अहिले धेरैले गरिरहेका छन्।

**(२) परमेश्वरका सेवकहरुमा यसले जे उत्पन्न गराउँछ, डर वियोगान्त हो।**

(क) प्रभुले सेवकलाई दिनुभएको प्रतिक्रिया देख्न सक्छौ, “तँ दुष्ट र अल्छी नोकर।”
(१) दुष्टतामा भएको डरले गर्दा कसैले प्रभुलाई अनाज्ञाकारी गर्छन् (१ यूहन्ना ३:४)।
(२) अल्छीपनाको डरले निष्कृयता बनाउँछ (रोमी १२:११; हिब्रू ६:१२)।
(३) काम नलाग्ने हुन्छ। आफ्ना मालिकको निम्ति उपयोगी नभएको हुन्छ।

**(३) डरपोकहरुको गन्तव्य स्थान**

(क) काम नलाग्ने नोकरहरुलाई “बाहिर अन्धकारमा” फालिनेछ (मत्ती २५:३०)।
(ख) अग्नी कुण्ड दोस्रो मृत्यु हो (प्रकाश २१:८)।

**निष्कर्ष**

(क) यसकारण हामी निर्धक्क भएर भन्दछौ, “प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउँने छैन्। मानिसले मलाई के गर्न सक्छ” (हिब्रू १३:६)।

# पुरानो करार हाम्रो शिक्षाको निम्ति लेखिएको थियो ।
(रोमी १५:४)

**परिचयः**

(क) पावलले भर्खरै भजनसंग्रह ६९:९ बाट उदघृत गरेको थियो ।
(ख) यो पदखण्डले पुरानो करारलाई प्रतिनिधित्व गर्छ ।
(ग) यो हाम्रो लाभ र सिकाइको निम्ति लेखिएको थियो ।
(घ) यी धर्मशास्त्रहरु र दृढताद्धारा हामीले सान्त्वना र आशा पाएका छौ ।
(ङ) येशूले भन्नुभयो, "धर्मशास्त्रहरुको खोजी गर" (यूहन्ना ५:३९) ।
(च) पुरानो करारमा हाम्रो निम्ति धेरै पाठहरु छन् ।

(१) हामीले सृष्टि र मानिसको शुरुवाटबारे सिक्न सक्छौ ।
  (क) *"आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो"* (उत्पति १:१-३१; हिब्रू ४:१२,१३) ।
  (ख) परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो (उत्पति १:२६;२:७) ।
(२) हामीले आज्ञापालनबारे सिक्छौ ।
  (क) निषेध गरिएको फल (उत्पति २:१६,१७) ।
  (ख) परीक्षा (उत्पति ३:१-६) ।
(३) हामीले आराधनाको बारेमा सिक्छौ ।
  (क) रोमी १०:१७; हिब्रू ११:४
  (ख) कयिन र हाबिले परमेश्वरलाई आराधना गरे (उत्पति ४:४,५) ।
  (ग) हाबिलले सर्वश्रेष्ठ बलिदान अपर्ण गरे ।
(४) हामी परमेश्वरसित हिडनेबारे सिक्छौ ।
  (क) हनोक परमेश्वरसित हिडे (उत्पति ५:२४) ।
  (ख) के कुनै कुरामा सहमति नभएसम्म दुईजना एकै साथ हिड्न सक्छन् (आमोस ३:३)?
(५) हामीले परमेश्वरलाई सर्वश्रेष्ठ कुरा दिनुपर्छ भन्ने सिक्छौ ।
  (क) अब्राहामको उत्तम कुराको निम्ति परमेश्वरले बोलाउनु भयो (उत्पति २२:१-१९) ।
  (ख) हामीले हाम्रो सबै भन्दा उत्तम कुरा दिनुपर्छ (मत्ती ६:३३) ।
(६) हामी तत्पर हुनुपर्छ भन्ने कुरा सिक्छौ ।
  (क) लोटलाई सदोम छोड्न परमेश्वरले हतार गराउनुभयो (उत्पति १९ अध्याय) ।
  (ख) हामी तत्पर हुनको निम्ति परमेश्वरले बोल्नुहुन्छ (२ कोरिन्थी ६:२) ।
(७) हामी विजयी हुन सक्छौ भन्ने कुरा हामी सिक्न सक्छौ ।
  (क) कालेबमा विजयी थियो (गलाती १४:२४) ।
  (ख) "मृत्युसम्मै विश्वासी होओ, म तिमीलाई जीवनको मुकुट दिनेछु" (प्रकाश २:१०) ।
(८) हामी परमेश्वरबाट भाग्न सक्दैनौ भन्ने कुरा सिक्छौ ।
  (क) योनाले कोशिस गऱ्यो तर सफल हुन सकेन् (योनाको पुस्तक) ।
  (ख) परमेश्वरले हामीलाई बचाउन चाहनुहुन्छ (लूका १९:१०) ।
  (ग) मकहाँ आओ (मत्ती ११:२८-३०) । -ο-

# ख्रीष्टियान नारीत्वका गुणहरु

१ तिमोथी २:९-१५ मा ख्रीष्टियान स्त्रीहरुका चारवटा गुणहरु उल्लेख गरिएका छनः

- उनको सबैभन्दा ठुलो सुन्दरता भद्रतामा पाउँछौं (पद ९,१०)।
- उनको सबैभन्दा ठुलो वाणी शान्तमा पाउँछौं (पद ११-१२)।
- उनको सबैभन्दा ठुलो शक्ति समर्पणमा पाउँछौं (पद १३,१४)।
- उनको सबैभन्दा ठुलो महिमा मातृत्वमा पाउँछौं (पद १५)।



हाम्रो केही समाजहरुकोसमकालिन संस्कृतिले महिलाहरुको विशेषतालाई प्रहार गर्ने गर्छ। उनीहरुले यो कुरा बुझ्दैनन्। परमेश्वरले आफ्नो विशेषताहरु उहाँको उत्तम र अन्तिम सृष्टिलाई दिनुभएको छ।

भद्रता कुरुपताको चिन्ह होइन...। कुनै एउटा महिला नम्रता र शान्त आत्माको गहनाले भरिएको छ भने त्यो गरगहना र लुगा कपडा भन्दा सुन्दर देखिन्छ। उनको आर्कषण "भित्रबाट बाहिर हो।"

शान्त हुनु उनको कमजोरी होइन्....ठीक त्यसको उल्टो हो। जिब्रोलाई नियन्त्रण गर्ने– के बोल्ने, कहाँ बोल्ने, कहिले बोल्ने र कसरी बोल्ने भन्ने कुराको सुनिश्चता नै महान् बुद्धि हो।

समर्पित हुनु कमजोरीको चिन्ह होइन्...ठीक त्यसको उल्टो हो। परमेश्वरको इच्छा प्रतिको समर्पणले गर्दा येशूलाई अति उच्च पार्नुभयो। डर र कर्तव्यको कारणले गर्दा येशूले क्रूसको मृत्यु बहन गर्नुभएको होइन्, तर उहाँले त्यही छनौट गर्नुभयो। सबैभन्दा ठुलो शक्ति आफ्नै अहंकारलाई समर्पणद्वारा जित्नुमा छ।

नारीत्व भनेको असक्षमताको चिन्ह होइन्...ठीक त्यसको उल्टो हो। यो सम्मानको उच्च स्थान र सेवाको महान बोलावट हो। एउटा बालकले "आमा" भन्नु "रानी," "राजकुमारी," "म्याडम्," र "डाक्टर" भन्नु जस्तै हो।

यस्तो विचारलाई परिवर्तन गर्नु भनेको अपमान गर्नु हो। किन पुतली कहिल्यै झुसिलिकीरा बन्न चाहन्छ होला र?

# प्रभु हामीलाई सिकाउनु होस्...

-o-

| | |
|---|---|
| • हाविलले जस्तै उत्तम भेटी दिन | उत्पति ४:४ |
| • हनोक जस्तै तपाईमा हिड्न | उत्पति ५:२४ |
| • नोआले झैं चेतावनीलाई ध्यान दिन | हिब्रू ११:७ |
| • अब्राहामले जस्तै प्रतिज्ञामा ढुक्क हुन | हिब्रू ११:१३ |
| • इसहाक जस्तै शान्त हुन | उत्पति २६:३१ |
| • आशिषको निम्ति याकूब जस्तै कुस्ती लडन | उत्पति ३२:२६ |
| • परमेश्वरको इच्छालाई योसेफले जस्तै स्वीकार्न | उत्पति ५०:१९,२० |
| • अयुव जस्तै सहनशील हुन | अयुव १:२१ |
| • अम्राम र याकोबेद जस्तै निडर हुन | हिब्रू ११:२३ |
| • नम्र भएर मोशाले जस्तै अगुवाई गर्न | गन्ती १२:३-८ |
| • मिरियमले जस्तै प्रशंसा गर्न | गन्ती १५:२१ |
| • राहाबले जस्तै शान्त भएर ग्रहण गर्न | हिब्रू ११:३१ |
| • कालेबको जस्तै फरक आत्मा हुन | गन्ती १४:२४ |
| • पनिहास जस्तै उत्साहित हुन | गन्ती २५:११ |
| • यहोशूले जस्तै तपाईले सेवाको काम गर्न | यहोशू २४:१५ |
| • गिदोनले जस्तै तपाईको शक्तिमा निर्भर हुन | न्यायकर्त्ता ७:२-७ |
| • रुथ जस्तै समर्पित हुन | रुथ १:१६,१७ |
| • हन्नाले जस्तै फिर्ता गर्न | १ शमूएल १:११ |
| • शमूएल जस्तै बृद्धि हुन | १ शमूएल २:२६ |
| • अबिगेल जस्तै समझदार हुन | १ शमूएल २५:३ |
| • दाऊदको जस्तै हृदय हुन | भजन संग्रह ५१ |
| • सोलोमनको जस्तै निवेदन दिन | १ राजा ३:७-९ |
| • एलियाले जस्तै प्रार्थना गर्न | याकूव ५:१७,१८ |
| • मिकायाले जस्तै सत्य बोल्न | १ राजा २२:१४ |
| • एलिशाले जस्तै दोब्बर भाग माग्न | २ राजा २:९ |
| • हिजकिया जस्तै तपाईमा स्थिर रहन | २ राजा १८:६ |
| • यशैयाले जस्तै प्रतिज्ञाहरु घोषणा गर्न | यशैया ९:६,७ |
| • योशियाले जस्तै हाम्रा सम्पूर्ण हृदय तपाईमा फर्कन | २ राजा २३:२५ |
| • यर्मियाले जस्तै आशा राख्न | विलाप ३:२२-४ |
| • दानिएल जस्तै आत्मसंयमी हुन | दानियल १:८;६:१० |
| • शद्रक, मेशक र ओबेदनगो जस्तै सहमत नहुन | दानियल २:१२, १६-१८ |
| • एस्तरले जस्तै सबै खतराको सामना गर्न | एस्तर ४:१६ |
| • एज्रा र नहेम्याह जस्तै फर्कन | नहेम्याह १:८,९ |

# यो हप्तामा गर्नु भएका १० कुराहरु जुन तपाईले स्वर्गमा गर्नुहुन्न् ।



-०-

(१) तपाईको लाशलाई चिहानमा लग्यो ।
स्वर्गमा मृत्यु हुनेछैन (प्रकाश २१:४) ।

(२) तपाईले बत्ती बाल्नको निम्ति स्विच खुल्ला गर्नु भयो ।
स्वर्गमा परमेश्वर ज्योति हुनुहुन्छ (प्रकाश २१:२३) ।

(३) तपाई परीक्षामा पर्नु भयो ।
स्वर्गमा प्रभाव पार्न शैतानलाई प्रतिबन्धित गरिएको छ (प्रकाश २०:१०)

(४) तपाईले विरामीलाई भेट्न जानुभयो ।
स्वर्गमा कुनै बिरामी हुँदैनन् (प्रकाश २१:४) ।

(५) तपाईले ढोका बन्द गर्नुभयो ।
स्वर्गमा कुनै अपराध वा दुष्टता हुँदैन (प्रकाश २१:२७) ।

(६) तपाई सानो उमेरबाट ठुलो हुनुभयो, कपाल सेतो भयो ।
पहिलेका सबै कुरा अन्त्य हुनेछ (प्रकाश २१:४) ।

(७) तपाईले आँशु बगाउनु भयो ।
स्वर्गमा आँशु हुने छैन (प्रकाश २१:४) ।


(८) तपाईले दुखाईको औषधी खानुभयो (टाउको दुखेको, ढाड दुखेको आदि) ।
स्वर्गमा कुनै पिडा हुँदैन (प्रकाश २१:४) ।

(९) तपाई जीउनको निम्ति वा छिमेकीको सेवा गर्न काम गर्नुभयो ।
तपाई आफ्नो परिश्रमबाट बिश्राम पाउनु हुन्छ ।

(१०) तपाईले प्रार्थना गर्नुभयो ।
परमेश्वर र ख्रीष्टसँग आमुन्ने सामुन्ने कुरा गर्नु हुनेछ (प्रकाश २१:४) ।

**के तपाई स्वर्ग जान चाहनु हुन्छ?**

# किन पहिलो शताव्दीका मण्डली छिटो बृद्धि भए?



-o-

मण्डली स्थापना भएको पहिलो दिनमा करीव ३००० मानिसहरु सुसमाचारमा आज्ञाकारी भए (प्रेरित २:४१) । तिनीहरु दिनदिनै संख्यामा बढिरहेका थिए (प्रेरित २:४७) । प्रेरित ४:४४ मा करिव ५००० मानिसहरुले सुसमाचारको आज्ञा पालना गरे । प्रभुमा विश्वास गर्ने पुरुष र स्त्रीहरु दुवैको भीड झन् बढी थपिन लागे भनेर प्रेरित ५:१४ ले भन्दछ । त्यसपछि, ऐन्टिओखियामा हामीलाई भन्दछन् कि *"प्रभुको बाहुली तिनीहरुसँग भएकोले विश्वास गर्नेहरु धेरै संख्यामा प्रभुतिर फर्के"* (प्रेरित ११:२१) ।

(१) **तिनीहरु क्रूसको छाँयामा जीइएको थियो ।** तिनीहरुको निम्ति क्रूस वास्तविकता, महत्वपूर्ण र केन्द्रिविन्दु थियो । खीष्टको क्रूसमा पाप क्षमा र छुटकारा पाइन्छ । हामीहरुले क्रूसलाई प्रचार गर्नु पर्छ (१ कोरिन्थी १:१८), क्रूसमा महिमा छ (गलाती ६:१४), खीष्टको निम्ति अपमान, दुःख, कष्ट, खोदो सहन इच्छुक हुनु पर्छ (गलाती ५:११; ६:१२) ।

(२) **तिनीहरुले विनाडरकासाथ वचन प्रचार गरे ।** प्रत्येक समय मण्डलीको बृद्धि विकासको कुरा उल्लेख गरेका छन् । वचन प्रचारको सन्दर्भमा यो बारम्वार उल्लेख गरेका छन (प्रेरित २:४१; ४:४; ५:१४; ४:३३; ६:७; ११:२१,२२) । वास्तवमा प्रचारको वातावरणमा मण्डलीको जन्म भयो (प्रेरित २:१-४१) । प्रचारको शक्तिलाई प्रसंसा गर्दै हामी कहिल्यै पनि यो दृश्यलाई हेर्न नछोडौ (१ कोरिन्थी १:२१) । यदि हामी धेरै फल बटुल्न चाहन्छौ भने हामीले धेरै बीउ छर्नु पर्छ । परमेश्वरको वचन नै राज्यको बीउ हो (लूका ८:११; १ पत्रुस १:२३) ।

(३) **तिनीहरुमा निस्वार्थ हृदय र उपकारको हात थियो** (प्रेरित २:४३-४५; ४:३२-३७) । यहूदी धर्मको पृष्ठभूमीलाई हेर्दा तिनीहरुले आफ्नो आम्दानीबाट १०% - ३३¹/₃% सम्म भेटी दिनुपथ्र्यो । यदि तिनीहरुले दिएको भेटी सन्तुष्ट तरीकाले दिएको छ भने परमेश्वरलाई प्रशन्न तुल्याउँछ । तिनीहरुले दशांशभन्दा कम दिदैन्थ्यो । प्रत्येक समयमा यरुशलेमको मण्डली बृद्धि भएको कुरा उल्लेख गरेका छन् । यो कुरा उपकारको काममा सम्वन्धित छन् (प्रेरित २:४१-४७; ४:४,९; ४:३१-५:१८; ६:१-७) । याकूब १:२७ पद पनि अध्ययन गर्नुहोस् ।

(४) **तिनीहरुले पापलाई सहेनन्** (प्रेरित ५:१-११) । यस्तै प्रकारको सिद्धान्तलाई यहोशू ७:१२ पदमा छलफल गरेका छन् । अलिकता खमीरले जम्मै ढीकालाई खमीरा बनाइहाल्छ भन्ने कुरा अझैपनि सही छन् (१ कोरिन्थी ५:६) । २ थेसलोनिकी ३:६ अझैपनि बाइबलमा उल्लेख गरेका छन् ।

(५) **तिनीहरु प्रेममा एक भएका थिए** (प्रेरित ४:३१-३३) । एउटै हृदय, एउटै आत्मा । कस्तो राम्रो एकता ! जव स्थानीय मण्डलीमा भएका विभाजन, झगडा, रीस, डाह, ईर्ष्या, अशान्ति, कलहलाई च्यातिएर नष्ट पार्छन, यसले समाजमा थेरैमात्र मण्डलीको नकारात्मक असर पर्छन ।

(६) **तिनीहरु वचन प्रचार गर्ने कुरामा जोशिला थिए** (प्रेरित ८:१-४; ५:४२) । तिनीहरुको शरीरलाई चोट पुऱ्याएता पनि, तिनीहरुको स्वतन्त्रतालाई खोसेर लिएता पनि, तिनीहरुको जीवन खतरामा परेता पनि, तिनीहरुले आफ्नो सम्पति छोडनु परेता पनि तिनीहरु सबै ठाँउमा गएर वचन प्रचार गरे (प्रेरित ८:४) । तिनीहरुले प्रभुको महान आज्ञालाई साथमा लिए (मत्ती २८:१८-२०; मर्कूस १६:१५,१६; लूका २४:४६-४७) ।

(७) **तिनीहरु वास्तविक रुपमा ख्रीष्टमा परिवर्तन भएर सदस्य भएका थिए** (प्रेरित २:३७-४१) । उनीहरुले कुनै पनि भावनात्मक रुपमा निर्णय गरेका थिएनन् । तिनीहरु कुनै मानिसहरुको माध्यमद्धारा ख्रीष्टमा आएका होइनन् । तिनीहरु कुनै अर्को सम्प्रदायिक मण्डलीमा जोडिएका होइनन् । यसको सट्टामा तिनीहरु पूर्णरुपमा गम्भीरताका साथ दोषी भएर, इमान्दारिताकासाथ पश्चात्ताप गरेर, स्वइच्छाले बप्तिस्मामा आज्ञाकारी भएका थिए ।

(८) **तिनीहरु प्रार्थनामा लागिरहेका थिए ।** "त्यसै दिन प्रायः तीन हजार मानिसहरु तिनीहरुको संख्यामा थपिए" (प्रेरित २:४१), "तिनीहरु सबै एकै मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे" (प्रेरित १:१४), "चेलाहरुको संख्या यरुशलेममा अन्यन्तै बढ्यो" (प्रेरित ६:७), त्यसपछि तिनीहरुले तत्कालै भने,

# बृद्धि विकासका चार क्षेत्रहरु



हामीचाहिँ प्रार्थना र वचनको सेवकाईमा सम्पूर्ण समय दिनेछौं" (प्रेरित ६:४) । -०-

मानिस लगाएत सबै प्राणीहरु कुनै न कुनै तरीकाबाट बृद्धि भै रहेका हुन्छन् । सबै प्राणीहरुको जीवनमा बृद्धि बिकास निकै महत्वपूर्ण हुन्छन् । मानिसको बृद्धि बिकास भएनन् भने उसको शरीरमा कहि न कहि समस्या भईरहेको हुन सक्छ । मानिसको जीवनमा बृद्धि बिकास निकै महत्वपूर्ण छ । हामीले हाम्रा बच्चाहरुको बृद्धि भएको कुरालाई पनि ख्याल गर्नु पर्छ । हामीले हाम्रा सन्तानहरुलाई यी चार क्षेत्रहरुमा बढ्न सहायता गरिरहेका छैनौं भने हामी असल अभिभावक भै रहेका हुँदैनौं । "अनि येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरुको अनुग्रहमा बढ्दैजानुभयो" (लूका २:५२) ।

(१) **बुद्धिमाः-**

बुद्धि दुई प्रकारका हुन्छन् । एउटा संसारिक बुद्धि अर्को स्वर्गीय बुद्धि हो । मानिसहरु संसारको बुद्धिमा भन्दा पनि परमेश्वरको आत्मिक वा स्वर्गीय बुद्धिमा बढ्दै जानुपर्छ । यदि हामीले परमेश्वरसँग बुद्धि माग्यौं भने, हाम्रो निम्ति साँची राखेको मूल्यवान उपहार हामी उहाँबाट पाउँछौं । *"तर यदि तिमीहरुमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई दिइनेछ"* (याकूब १:५) । हामी जीउनु पर्छ । जीवनका कठिन कुराहरुको अनुभव गर्नै पर्छ । हाम्रा सन्तानहरुले तिनीहरुको शैक्षिक तालिमहरु प्रायः सबै बिद्यालयहरुबाट नै प्राप्त गर्छन्, तर तिनीहरुको निम्ति हामीले संस्कार

लगायत अरु धेरै कुराहरुलाई माया गर्न लगाउने मार्गहरु बताउनु पर्छ ।

(२) **कदमाः-**
धेरै जसो हाम्रा समयहरु हाम्रा सन्तानहरुको भौतिक शरीरलाई वास्ता गर्ने कुराहरुमा समर्पित गरेर बिताएका हुन्छौ । जस्तैः खाना तयार गरेर; तिनीहरुको लुगा कपडा धोएर, घरहरु सफा गरेर, तिनीहरुलाई बारम्वार नुहाइदिएर समय बिताएका हुन्छौ । तकि तिनीहरु सफा भएर स्वच्छ स्थानमा जीउन सकोस् । यदि यी कुराहरु कसैले प्रेमसाथ गरेका छन् भने यसले तिनीहरुको स्वभावमा फरक ल्याउँछ । यदि हामी शारिरिक रुपमा राम्रोसँग बढिरहेका छैनौ भने आत्मिकरुपमा राम्रोसँग बढ्न बाधा भैरहेको हुन्छ ।


(३) **परमेश्वरको अनुग्रहमाः-**
उनीहरुको बृद्धि विकासमा हाम्रा बच्चाहरुको सबै भन्दा महत्वपूर्ण कुरा भनेको तिनीहरुको आत्मिक बृद्धि विकास हो । जव तपाईले पहिलो पल्ट आफ्नो नानीलाई लिनुहुन्छ, त्यतिबेला उसलाई येशूको भजन गाएर हल्लाउनु पर्छ । तपाईले भन्नु भएको कुरा उसले नबुझ्ेतापनि उसको अगााडी ठुलो स्वरले तपाई प्रार्थना गर्नुहोस् । उसलाई बिश्वासयोग्य बनाउनको निम्ति तपाईले उसलाई नियमित रुपमा सेवा आराधनामा लिएर जानुहोस् । तपाई र उसको निम्ति मण्डली निकै नै महत्वपूर्ण छ भन्ने कुरा उसलाई सिकाउनु होस् । परमप्रभुको इच्छाहरु हाम्रा बोली वचन र उदाहरणहरुद्धारा तिनीहरुलाई सिकाउनु पर्छ । आफ्ना आमाबाबुप्रति आज्ञाकारी हुने, उहाँहरुलाई प्रेम गर्ने, चोर्नु हुँदैन, झुटो बोल्नु हुँदैन, अरुलाई खाँचोमा सहायता गर्नुपर्छ भन्ने इत्यादि कुराहरु बाइबलद्धारा सिकाउनु पर्छ । तिनीहरुलाई बारम्वार सिकाइ रहनुपर्छ । हामीहरुले तिनीहरुलाई त्यति छिटै र सजिलै सिकाउन सक्दैनौ ।

(४) **मानिसहरुको अनुग्रहमाः-**
हाम्रा सन्तानहरु सामाजिक अनुग्रहमा पनि बढ्नु पर्छ । बालक हुँदा हामीले तिनीहरुलाई प्रेम पूर्वक गरिएको अनुशासनले संसारका अरु मानिसहरुलाई कस्ता व्यवहार गरेर जीउने भन्ने कुरा सिकाउँछ । हामीले हाम्रा सन्तानहरुलाई प्रेमको स्वभाव (१ कोरिन्थी १३); आत्माका फलहरु (गलाती ५:२२,२३); एकले अर्काको भार उठाउने (गलाती ६ अध्याय) कुराहरु सिकाउनु पर्छ । तिनीहरुका साथीहरुलाई घरमा ल्याउनको निम्ति आफ्ना बालबच्चाहरुलाई हौसला दिनुहोस् । तिनीहरुलाई सानै उमेरदेखि नै खीष्टियानहरुसँग राम्रो सम्बन्ध निमार्ण गर्न सिकाउनुहोस् ।

जव तपाईका बालबच्चाहरु यी चार क्षेत्रमा राम्रोसँग बृद्धि भएका छ भने तिनीहरु जवान अवस्थामा पुग्दा भावनात्मक रुपमा स्थिर हुन्छन् । आफ्ना घरमा तिनीहरुलाई परमेश्वरको वचन सिकाउनुहोस् र तिनीहरु “खडा भएर धन्य

# भिन्नै कूसहरु

भन्छन्" (हितोपदेश ३१:२८) -0-



मत्तीको पुस्तक २७ अध्यायमा तीन वटा कूसहरुको डरलाग्दो दृश्य प्रस्तुत गरेका छन् । विगतमा गलत काम गरेकोले दुईजनालाई कूसमा टाँगिएका थिए । अर्को एक जना, हाम्रा प्रभुले कुनै पाप गर्नुभएको थिएन् । उहाँ कुनै पनि समयमा दोष नभेट्टाउनु भएको मानिस हुनुहुन्थ्यो । यो अचम्म लाग्दो थियो कि उहाँले हाम्रो निम्ति कष्ट भोग्नु भयो (गलाती २:२०) । हामी सबैले त्यो दृश्यको निम्ति साँच्चि नै धन्यवादी हुनुपर्छ । यी तीन वटै कूसहरुमा म सामान्य सतह पाउँदछु । एउटा कूसले बिद्रोह प्रकट गऱ्यो; एउटा कूसले पश्चात्ताप प्रकट गऱ्यो; एउटा कूसले छुटकारा प्रकट गऱ्यो । स्वर्गको खोजी गने प्रत्येक मानिसहरुले विद्रोह गर्छन्, पश्चात्ताप गर्छन र अन्तमा छुटकारा पाउँछन् । आउनुहोस् यी तीनवटै कूसहरुलाई राम्रोसँग नियालेर हेरौः-

(१) **विद्रोहको कूसः**

हामी सबैले धेरै कुरामा अपमान गर्छौ । *" किनकि हामी सबै धेरै भूल गर्दछौं । जुन मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध मनिस हुन्छ"* (याकूब ३:२) । परमेश्वरको दृष्टिकोणमा न्यायपूर्ण कुराहरुको सिमालाई हामीले प्राय जसो उलङ्घन गर्न पुग्छौ । *" पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ । पाप नै व्यवस्था भङ्ग हो"* (१ यूहन्ना ३:४) । पृथ्वीमा धर्मी मानिस कोही पनि छैनन् जसले असल मात्र गर्छन र पाप गर्दैनन् । सबैले पाप गरेका छन् । धर्मी कोही पनि छैनन्, एकजना पनि छैनन्, सबैले पाप गरेका छन् (रोमी ३:१०,२३) । हामीमा पाप छैनन् भनी यदि हामी भन्छौ भनेता हामी आफैले आफैलाई छलेका हुन्छौ (१ यूहन्ना १:८) । यदि हामीले पाप गरेका छैनौ भनी यदि हामी भन्दछौ भने, हामीले प्रभुलाई झुटा बनाइराखेका हुन्छौ, र उहाँको वचन हामीमा हुँदैनन् । यहाँ खराव विचारहरु छन्, अन्याययोग्य वचनहरु छन्, दुष्ट कार्यहरु छन् । असल विचारहरु खरावको निम्ति छोडिएको छ, असल कार्य खराब कार्यको निम्ति छोडिएको छ र असल वचनहरु नबोलेको शब्दहरुको निम्ति छोडिएका छन् । पाप गरेको मानिसहरुमा यी सामान्य कुराहरु पाउँछौ । परमेश्वरको

विद्रोहमा गरिएका पकडहरुलाई हामीले छोडनु पर्छ ।

(२) **पश्चात्तापको क्रूस:**

आफ्नो जीवनको अन्तिम समयमा एक जना डाकु हाम्रा प्रभुको नजिक आएको छ । तिनले जे छरेको थियो एक जना डाकुले त्यही नै कटनी गर्‍यो । एक जना चोरले आफ्नो सजाय स्वीकार गरे । धर्मशास्त्रका सबै वचनहरुलाई एकसाथ संकलन गर्ने हो भने एक जना चोरले पश्चात्ताप गर्‍यो र प्रभुको राज्य आउँदा उनलाई स्मरण गर्नु भनेर प्रभुलाई अनुरोध गरे । *"तब त्यसले भन्यो, 'हे येशू, तपाई आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस्"* (लूका २३:४२) । अर्को पदमा येशूले भन्नुभएको वचन छ, *"साँच्चै म तिमीलाई भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ ।"* हामी आशा गर्छौ कि यो मानिसमा पनि सामान्य त्यही सतह छ । जसले आफ्नो पापलाई स्वीकार गर्छ र त्यसलाई त्याग्छन, प्रभुले तिनीहरुलाई आशिष दिनुहुन्छ । पश्चात्ताप गर्नुहोस् र बप्तिस्मा लिनुहोस्: *"पत्रुसले तिनीहरुलाई भने, पश्चात्ताप गर, र तिमीहरुका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ"* (प्रेरित २:३८) । पश्चात्ताप गर्नुहोस् र परिवर्तन हुनुहोस् । पश्चात्ताप गर्नुहोस् र प्रार्थना गर्नुहोस् । परमेश्वरले सबै ठाउँमा भएका मानिसहरुलाई पश्चात्ताप गर्न आज्ञा गर्नुहुन्छ । आफ्ना पापहरुबाट मानिस फर्कनु पर्छ, नत्र होइन भने नष्ट हुन्छ । *"यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौ भने उहाँले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ"* (१ यूहन्ना १:९) ।

(३) **छुटकाराको क्रूस:**

फेरी, हामी सबै मानिसहरुमा सामान्य सतह एउटै छ; हामीलाई छुटकाराको आवश्यकता पर्छ । उहाँको रगतद्वारा हामी ख्रीष्टमा छुटकारा पाएका छौं: *"उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौं"* (एफिसी १:७) । अमूल्य रगतद्वारा मानिसलाई छुटकाराको प्रस्ताव गरियो । ख्रीष्ट बाहिर हामीमा विना परमेश्वर र विना आशा थियो, तर ख्रीष्टले आफ्नैद्वारा हामीलाई परमेश्वरसँग नजिक ल्याउनुहुन्छ । उहाँ हाम्रो पापको प्रायश्चित हुनुहुन्छ (१ यूहन्ना २:१,२) । सबैको निम्ति उहाँले मृत्यु चाख्नु भयो । परमेश्वरले उहाँलाई दिनुभयो ताकि हामीमा जीवन होस् । उहाँले आफैले आफैलाई दिनुभयो ताकि उहाँले हामीलाई छुटकारा दिनु हुन्छ (हामीलाई पापबाट किन्नु हुन्छ, आफ्नै मानिसको रुपमा हामीलाई शुद्ध पार्नु हुन्छ) । *"ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो"* (तीतस २:१४) । जसले स्वीकार गर्छन तिनीहरु सबैको निम्ति उपहार आयोजना गरिएको छ । तै पनि कति दु:खलाग्दो कुरा मानिसहरु जीवन पाउनको निम्ति उहाँमा आउँदैनन् ।

यी तीनवटा क्रूसको सम्वन्धमा मेरा प्यारा मित्रहरु तपाई कहाँ हुनुहुन्छ? के तपाई बिद्रोहमा बाँचिरहनु भएको छ? के तपाई पश्चात्ताप गर्ने व्यक्ति हुनुहुन्छ? के

# एक साथ भेला हुँदा



तपाईलाई छुटकाराको बारेमा थाहा छ? -०-

१ कोरिन्थी ११ अध्यायमा चाखलाग्दो वाक्यांस चार पल्ट उल्लेख गरेका छन् । त्यो वाक्यांश "एकसाथ भेला हुँदा" हो । परमेश्वरको सेवा आराधनाको निम्ति जव मण्डली एकसाथ भेला हुने समयको सन्दर्भलाई देखाएको छ । परमेश्वरलाई सेवा आराधना गर्न उहाँको अगाडी आउनु निकै गम्भीर कुरा हो । उत्पति देखि प्रकाशको पुस्तकसम्म परमेश्वरलाई आराधना गर्ने कुरा धागोले बुनेजस्तै गरी लेखिएको छ । प्रायजसो उल्लेख गरिएको १ कोरिन्थी ११ अध्यायको वाक्यांशबाट हामीले धेरै कुरा सिक्न सक्छौं । ती मध्येबाट यहाँ केही पाठहरु उल्लेख गरिएका छन्:-

(१) **जव हामी एकसाथ भेला हुन्छौ, हामी परमेश्वरको आज्ञालाई पालना गर्छौ ।** परमप्रभुले हाम्रो आराधना खोज्नुहुन्छ । मत्ती ४:११ मा ख्रीष्टले आराधना गर्न आज्ञा दिनुभयो । कोरिन्थीमा भएको मण्डली सामुहिकरुपमा एकसाथ भेला भएका थिए । हामीलाई एकसाथ भेला हुन नछोडौ भनेर आज्ञा गरिएको छ (हिब्रू १०:२५) । मण्डलीको रुपमा सबै एकसाथ भेला हुनु प्रत्येक ख्रीष्टियानहरुको जिम्मेबारी हो । आउनुहोस् यो आज्ञालाई आनन्द र खुशीसाथ पालन गरौं । आराधनाबारेका धेरै पक्षहरुमा आज्ञापालन केन्द्रविन्दुमा पर्छ ।

(२) **जव हामी एकसाथ भेला हुन्छौ, हामीमा परमेश्वरको निम्ति ठुलो भय हुनुपर्छ ।** हामी भेला हुँदा हाम्रा आराधनाको मुख्य व्यक्तिलाई ध्यान दिन्छौं । त्यो व्यक्ति परमेश्वर हुनुहुन्छ । हामीलाई बनाउनु हुने उहाँ नै हुनुहुन्छ (भजन संग्रह ९५:६) ।

हामी हाम्रो समपर्ण उहाँमा देखाउँछौ । परमेश्वर महान र भला हुनुहुन्छ । उहाँ सर्वशक्तिमान, सर्वज्ञानी र सर्वव्यापी हुनुहुन्छ । आराधनाको अति महत्वपूर्ण तत्वले परमेश्वरको भयको माग गर्छ । मानिसहरुले देख्ने गरी गर्ने आराधनाहरुबाट यसलाई ताढा राख्छ (मत्ती ६ अध्याय) । यसले परमेश्वरलाई आफ्नो जिब्रो र ओठले मात्र प्रशंसा गर्ने कुरा गर्छन । तर उसको हृदय परमेश्वरबाट धेरै ताढा छन् (मत्ती १६:८,९) । यसले हामीलाई इमान्दारीता, नम्रता, र सम्पूर्णता साथ आउने कारण बनाउँछ (१ कोरन्थी १४:१५) ।

(३) **जव हामी एकसाथ भेला हुन्छौ, त्यतिवेला सत्यताको निम्ति सम्मान हुनुपर्छ ।** स्वीकार योग्य आराधनाको निम्ति परमेश्वरले जहिले पनि ईश्वरीय नियमहरुलाई राखिदिनु भएको छ । हाविलले परमेश्वरलाई आराधनामा प्रशन्न तुल्यायो किनभने उनले यो विश्वासद्धारा गरे (हिब्रू ११:४) । परमेश्वरको वचनले मार्गदर्शन दिनुभए अनुसार तिनीहरुले परमेश्वरलाई सम्मान योग्य आराधना नगरेको हुनाले नादाव र अबीहू नष्ट भए (लेवी १०:१,२) । हाम्रा आराधना सत्यतामा हुनुपर्छ भनी यूहन्ना ४:२४ ले हामीलाई आज्ञा गर्दछ । परमप्रभुको अधिकारको सीमितामा रहेर हामी सबैले सिकाउनु पर्छ (कलस्सी ३:१७) । सत्यतालाई सम्मान गर्दै आउनुहोस् हामी सबैजनाले भजन गाऔ, वचन सिकाऔं, भेटी दिऔं, प्रभु भोजमा सहभागी होऔं र प्रार्थना गरौं ।

(४) **जव हामी एकसाथ भेला हुन्छौ, हामी एक अर्काको निम्ति प्रेम देखाउँछौ ।** १ कोरिन्थी ११ अध्यायले कोरिन्थीहरुलाई एकले अर्कालाई प्रेम र वास्ता गर्नुपर्छ भन्ने आज्ञा दिएको थियो । एक अर्काप्रति चासो भएकोले खीष्टियानहरु भेलाको निम्ति पर्खिरहन्छन् । हामी एकले अर्कालाई सिकाउँछौ, हौसला र सल्लाह दिन्छौ ताकि हामी खडा हुन सकौ, लडाइमा सहन सकौ र स्वर्गसम्म पुग्न दौडन सकौ ।

(५) **जव हामी एकसाथ भेला हुन्छौ, हामीले सम्पूर्ण आशिषहरु प्राप्त गर्छौ ।** मनमा व्यक्तिगत प्रोत्साहनको कारणले हामी भेला हुँदैनौ । हामी परमेश्वरलाई आराधना गर्छौ किनभने उहाँ आराधनाको योग्य हुनुहुन्छ । त्यहि समयमा हामीमा आशिषहरु पनि आउँछन् । हामी हौसला र शक्ति प्राप्त गर्छौ (हिबू १०:२४,२५ ) । जसलाई हामी सेवा गर्छौ, हामी परमेश्वर जस्तै हुने छौं । यसले हाम्रो स्वर्गको पक्का भरोसा दिन्छ र परमेश्वरलाई प्रसन्न तुल्याउँछ ।

परमेश्वरले हामीबाट असम्भव कुरा आशा गरिराख्नु भएको छैन् । कुनै कारणको निम्ति हामी भेला हुन सक्दैनौ भने हामी त्यो गर्न हामीमा जिम्मेवारी पनि हुँदैनन् । तर यदि हामी सक्छौ, त्यो कुरा तपाई जान्नुहुन्छ र तपाईले गर्न सक्नु हुन्छ भन्ने कुरा परमेश्वर जान्नु हुन्छ भने उहाँले तपाईमा त्यो गरेको आशा गर्नुहुन्छ । तपाईले गर्नुभएकोमा तपाईलाई खुशी लाग्छ ।

# के क्रूसमा टाँगिएका डाँकूले बप्तिस्मा लिएको थियो?

-०-

के तपाईले कहिल्यै डाँकूलाई भेट्नु भएको छ? के तपाईले कहिल्यै कुनै कुराहरु लुट्नु वा चोर्नु भएको छ? यदि त्यस्तो छ भने तपाईलाई थाहा हुन्छ कि चोर र डाँकूहरुलाई प्रेम गर्न कठिन हुन्छ? एउटा घटनामा येशूले डाँकूलाई प्रेम प्रकट गर्नुभएको देख्छौ । उहाँले क्रूसको डाँकूलाई, *"आज तिमी मसित स्वर्गलोकमा हुनेछौ"* भनी भन्नुभयो । पापी मानिसहरु बप्तिस्मा बिनै उद्धार हुन्छन भनी क्रूसमा टाँगिएको डाँकूलाई लिएर केही मानिसहरुले उदाहरण दिन्छन् । येशूले मर्कूस १६:१६ मा *"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ"* भनी स्पष्ट रुपमा भन्नु भएता पनि *"त्यो डाँकूलाई हेर्नुहोस्"* भनी धार्मिक मानिसहरुले भन्ने गर्दछन् ।

के डाँकूले बप्तिस्मा लियो? ब्रायड ग्राहम लेख्दछ "म विश्वास गर्दछु कि त्यो डाँकू बप्तिस्मा लिएको विश्वासी थियो । मैले बाइबल अध्ययन गर्दा उसले बप्तिस्मा नलिएको प्रमाणहरुको समर्थनहरुलाई भन्दा बप्तिस्मा लिएको थप प्रमाणहरुलाई सुनिश्चित गर्दछ । ब्रायडले यस्तो कुरालाई विश्वास गर्नुको पाँचवटा कारणहरु दिन्छन्:

(१) डाँकूले बप्तिस्मा लिएको थिएनन् भनी बाइबलले हामीलाई भन्दैनन् । उसलाई डाँकू, लुटेरा, अपराधी...पापी मानिसको रुपमा वर्णन गरेको छ । म पापी हुँ र म बप्तिस्मा लिएको विश्वासी हुँ । म दुवै हुँ... त्यसो भए डाँकू पनि दुवै पापी र बप्तिस्मा लिएको विश्वास किन नहुन सक्छन्?

(२) डाँकूले परमेश्वरको डर मान्यो । जव अर्को अपराधीले येशूलाई अपमान गर्दै थिए, यो डाँकूले भन्यो, *"तँ पनि त्यही दण्डमा परेको छस् ता पनि परमेश्वरको डर मान्दैनस्" (लूका २३:४०)?*

(३) डाँकूले परमेश्वरको राज्यलाई बुझेको थियो । लूका २३:४२ मा डाँकूले भन्दछ, *"हे येशू तपाई आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस् ।"* धेरै मानिसहरुले सोचेका थिए कि येशूले संसारिक राज्य स्थापना गर्नुहुनेछन् । आज पनि केही मानिसहरुले त्यही विश्वास गर्छन् । धेरै मानिसहरु येशूको नजिकै थिए । यदि डाँकूलाई नसिकाएको भए येशू यो संसारलाई छोडी अर्को राज्यमा जाँदै हुनुहुन्छ भन्ने कुरा कसरी त्यसलाई थाहा भयो?

(४) डाँकूले अर्को अपराधीलाई हकारे । मत्ती २७:४४ र मर्कूस १५:३२ ले हामीलाई भन्दछ कि दुवै अपराधीहरुले उहाँलाई ठट्टा गरेर अपमान गरे । यदि मलाई क्रूसमा टाँग्दा हात र खुट्टामा फलामको चुच्चो धातुले घोचिएको छ भने म तपाईलाई पक्का गरी भन्नेछु कि म खुशी हुनेछैन् र ममा ख्रीष्टियान स्वभावहरु पनि हुने छैनन् । तर लूका २३:४० मा त्यो अपराधीले येशूलाई जे भनिरहेको थियो त्यसप्रति डाँकूले अपराधीलाई हकारेर जवाफ दिएको हामी देख्छौ । यदि उसको जीवनमा ख्रीष्टको केही प्रभाव, असर नपरेको भए डाँकूले किन यस्तो गथ्यो होला?

(५) डाँकूले पाप गरेको उसलाई थाहा थियो । लूका २३:४१ मा डाँकू भन्दछ, *"हाम्रो दण्ड त न्यायोचित छ, किनकि हामीले त आफ्नो कामको उचित फल भोगिरहेका छौ, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन् ।"* के यहाँ डाँकूले पश्चात्ताप गरेको थियो? फरिसीहरुले जे सुनेका थिए त्यो मेरो निम्ति चाखलाग्दो छ ।

*"यूहन्नाले भन्दा येशूले धेरै चेलाहरु बनाउँदै हुनुहुन्छ र बप्तिस्मा पनि दिँदै हुनुहुन्छ भने फरिसीहरुले सुने"* (यूहन्ना ४:१) । यूहन्नाले कति जनालाई बप्तिस्मा दियो? मलाई थाहा छैन । मत्ती ३:५,६ ले बहुसंख्यक भनी भन्दछन् र येशूले त्यो भन्दा पनि बढीलाई बप्तिस्मा

# तपाईको मृत्युपछि के हुन्छ?

दिनुभयो । कसले भन्न सक्छन् कि डाँकू पनि ती मानिसहरुमध्ये थिएनन्?

१६ वर्षको जवान मानिस आफ्नो विद्यालयको कक्षा सकिएपछि व्यायामशालामा हिडेर गइरहेको थियो । अचानक उ भुँइमा लड्यो र उसको टाउको ठोकियो । उसमा केही गलत र समस्या भएको अरुले महसुस गरे । व्यायामशालाको प्रशिक्षक त्यो जवान मानिसकहाँ कुदेर गएर त्यसको हात उचाले, तर त्यो जवान मानिसको मृत्यु भैसकेको थियो । उसलाई हृदयघातको समस्या रहेछन् ।

जव डाक्टर परीक्षण कक्षामा आएर उसले १४ वर्षकी विरामी स्त्रीलाई परीक्षण गर्न कुर्सीमा बस्न अनुरोध गरे । डाक्टरले भन्यो, "मलाई माफ गर्नुहोस् । उसलाई क्यान्सर भएको छ र हामीले गर्न सक्ने केही पनि छैन् । तपाईको छोरी केही हप्ताहरुमात्र बाँच्नेछिन् ।"

सन्ध्याकालिन समाचारकी उदघोषिकाले समाचार वाचन गरिन् । आज दिउँसो पाँचवटा गाडीहरु एकआपसमा नराम्रो तरीकाले जुध्न पुगेका थिए । पाँचजना घाइतेहरुलाई विशिष्ट सावधानी उपचारमा राखिएका छन् । त्यो दुर्घटनामा १७ वर्ष र १३ वर्षको दुईजना मानिसहरुको मृत्यु भयो । परिवारको जानकारी अनुसार मृतकहरुको नाउँ सार्वजनिक गरिएको छैन ।

किन यी उदाहरणहरु प्रस्तुत गरेका हुन्? प्रत्येक दूर्घटनाहरुमा जवान मानिसहरुको कति मृत्यु हुन्छ भन्ने कुरा प्रमाणित गरेको छ । धेरै जवान मानिसहरु मृत्युको वारेमा हरेक दिन थोरै मात्र सोच्ने गर्दछन् । धेरै परिपक्व भएको जवान मानिसले सोच्छन कि जवान मानिसहरुको साथसाथै वृद्धहरुमा पनि मृत्यु अवश्य हुन्छन् । अनुसन्धान गरिसकेपछि जवानहरुले सोध्यो, मृत्युको बारेमा बाइबलले के भन्दछ? तपाईको मृत्यु हुँदा के हुन्छ?

## १ कोरिन्थी १५ अध्याय

जवान मानिसका साथसाथै सबै उमेका मानिसहरुलाई दैनिक रुपमा मृत्युले छोइरहेको हुनाले यस्ता महत्वपूर्ण प्रश्नहरुको जवाफ थाहा पाउने इच्छा गरेका हुन्छन् । परमेश्वरको वचनमा जवाफ छन् । हाम्रो अध्ययन १ कोरिन्थी १५ अध्यायलाई केन्द्रित गर्ने छौ जसलाई बाइबलको महान "पुनरुत्थानको अध्याय" भनेर प्रतिनिधित्व गर्छन् । पावलको दिनमा मानिसहरुले जस्तो प्रश्न गरेका थिए, आज हामीहरुले पनि त्यस्तै प्रश्नहरु सोध्ने गर्छौ ।

पुनरुत्थान मात्र हुनेछैनन् तर शारीरिक पुनरुत्थान पनि हुनेछन् भनी बाइबलले हामीलाई धेरै विश्वास दिलाएको छ (१ कोरिन्थी १५; १ थेसलोनिकी ४:१३-१८) । यसको सट्टामा आज कतिले यो विषयको बाइबलिय शिक्षालाई बुझेको छैनन भनी पत्ता लगाउनु आवश्यक छ । हाम्रो यो पार्थिव शरीर परिवर्तन हुनेछ र पुनरुत्थानमा उहाँको महिमित शरीर जस्तै हुनेछन् भनी परमेश्वरको वचनले घोषणा गर्दछन् (फिलिपी ३:२०,२१) । परमेश्वरको राज्यमा मासु र रगत प्रवेश हुनेछैनन् (१ कोरिन्थी १५:५०,५४) । तर स्वर्गीय स्थानमा हाम्रो निश्चिय नै आत्मिक शरीरहरु हुनेछन् (१ कोरिन्थी १५:४२-४९) ।

सबै ख्रीष्टियानहरुले १ कोरिन्थी १५ अध्यायलाई बारम्वार अध्ययन गर्नुपर्छ ।

महत्वपूर्ण कुराहरु आउँदैछन् र त्यसै अनुसार तयार हुनको निम्ति पुनरुत्थानले हाम्रा विचारहरुलाई रोचककारी बनाउँछन् । नयाँ नियममा पुनरुत्थानको बाइबलिय शिक्षालाई बहिष्कार गरेको छैनन् । यसलाई सबैभन्दा पहिला पुरानो करारको धर्मशास्त्रमा प्रमाणको रुपमा उल्लेख गरेको थियो (१ राजा १७:१७-२४; २ राजा ४:८-३७; उत्पत्ति ५:२१-२४) । अब्राहामले *" ...एउटा जग भएको शहरको प्रतिक्षा गर्थे, जसलाई बनाउने र निमार्ण गर्ने परमेश्वर नै हुनुहुन्छ "* (हिब्रू ११:१०) । दाऊदले जवाफ दियो, *" तर अव त्यो मरिसक्यो, त मैले किन उपवास बस्ने? के म त्यसलाई फेरि फकाई ल्याउन सक्छु र? म त्यसकहाँ जानेछु, तर त्यो मकहाँ फर्की आउनेछैन "* (२ शमूएल १२:२३) । दानिएलले यस्तो भन्यो, *" पृथ्वीको धुलोमा सुतेका भीडहरु उठनेछन्, केही अनन्त जीवनको लागि र अरुहरुचाहिँ शर्म र अनन्त तिरस्कारको लागि "* (दानिएल १२:२) । नयाँ नियमको शिक्षाले मानिसहरुको भौतिक शरीरको पुनरुत्थानको चित्रलाई स्पष्ट गरेको छ ।

येशूले भौतिक शरीरको पुनरुत्थानबारे सिकाउनु हुन्छ । येशूले लाजरसको बहिनी मार्थासँग बोल्ने क्रममा भन्नुभयो, *" पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने म यो भने पनि जीवित हुनेछ "* (यूहन्ना ११:२५) । परमेश्वरको वचनलाई पवित्र आत्माले प्रेरणा दिनुभयो । बाइबल महत्वपूर्ण छ भनी यदि कसैले स्वीकारछर्न भने पुनरुत्थानलाई इन्कार गर्न सक्दैनन् । के चिहानबाट येशू भौतिक शरीरमा उठनुभयो? *" यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन् भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ र तिमीहरुको विश्वास पनि व्यर्थ हुन्छ "* (१ कोरिन्थी १५:१४) । ख्रीष्टको सुसमाचारमा मृत्यु, गडाई र पुनरुत्थान समावेश छन्: *" किनभने मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रुपमा तिमीहरुलाई सुम्पिदिएँ, अर्थात पवित्र धर्मशास्त्र अनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्र अनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो"* (१ कोरिन्थी १५:३,४) । ख्रीष्टलाई राखिएको रित्तो चिहानले ख्रीष्टको पुनरुत्थानको गवाही दिन्छ । मानिसले ख्रीष्टको मृत्यु, गडाई र पुनरुत्थानमा विश्वास गर्नै पर्छ वा अनन्त जीवनमा विश्वास गर्नै पर्छ ।

जव येशू संसारमा हुनुहुन्थ्यो, उहाँले ती वचनहरु बोल्नु भयो, *" परमेश्वर मृतकहरुका परमेश्वर हुनुहुन्न, तर जीवितहरुका परमेश्वर हुनुहन्छ "* (मत्ती २२:३२) । येशूको शारीरिक पुनरुत्थान इतिहासको एउटा महत्वपूर्ण सत्यता हो । येशूको शारीरिक पुनरुत्थानलाई इन्कार गर्नु भनेको प्रमाणहरुलाई इन्कार गर्नु हो । ख्रीष्टको चिहान रित्तो थियो, यदि उहाँ मृतकबाट बौरी नउठनुभएको भए त्यति व्याख्या हुँदैन्थ्यो होला, तर तथ्यरुपमा मृत्युबाट बौरी उठनुभयो । त्यही शरीर लिएर स्वर्ग फर्किजानुभयो, जसरी बाइबलले भन्दछ (प्रेरित १:९) । जसरी निश्चयताका साथ ख्रीष्ट स्वर्गमा उचालिनु भएको थियो, त्यसरी नै उहाँ फेरी फर्कि आउनुहुनेछ (प्रेरित १:११) ।

तपाईले येशू ख्रीष्टको पुनरुत्थानलाई विश्वास गर्नुहुन्छ भने तपाईको जीवनमा परिवर्तनका शक्ति देखा पर्नेछन् । येशू आफैले परमेश्वरको पुत्र हुँ भनी दावा गर्नुभएको थियो उहाँमाथि विश्वास नगरुन्जेलसम्म तपाईको उद्धार हुन सक्दैन् (हिब्रू ११:६; यूहन्ना ८:२४) । *" ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरुको विश्वास व्यर्थ छ, र तिनीहरु अझसम्म आफ्ना पापमा नै छौ"* (१ कोरिन्थी १५:१७) । तपाईले आफ्नो अनन्तता कहाँ बिताउने भन्ने कुराको निर्णय तपाईले पुनरुत्थानमाथि विश्वास गर्नुभएको छ कि छैन भन्ने कुरामा निर्भर हुन्छन् । -0-

# उद्धार पाउनको निम्ति पानीमा डुब्नु किन आवश्यक छन्?

छोटो जवाफ, "किनभने परमेश्वरले त्यस्तै भन्नुभयो ।" तल दिइएका छलफलहरुको परिणामले लामो जवाफ दिनुपर्दैनन् होला ।

आफ्नो कुष्ठरोगबाट निको हुनको निम्ति नामान किन यर्दन नदीमा सातपल्ट डुब्नु पऱ्यो (२ राजा ५ अध्याय)? किनभने परमेश्वरले आफ्ना अगमवक्ताहरुको सन्देशद्वारा त्यही गर्न भनिएको थियो ।

मानिसहरुको दृष्टिकोणबाट पर्खालले घेरेको शहरलाई कब्जा गर्नको निम्ति किन इस्रायलीहरु यरीहोका पर्खाल वरीपरी सात दिन घुमी तुरही फुकेर चिच्याउनु आवश्यक थियो? किनभने परमेश्वरले त्यही गर भनेर भन्नुभयो । *" सात दिनसम्म परिक्रमा गरेपछि विश्वासैबाट यरीहोका पर्खालहरु ढले"* (हिबू ११:३०) ।

मूख्य कुरा विश्वास हो । यर्दन नदीमा डुबेको कारणले गर्दा नामानको कुष्ठरोग निको हुने थिएनन् । तर उसको डुवाइले उसको विश्वास देखिन्छ । परमेश्वरले उसको विश्वास देख्नुभयो र अनुग्रहद्धारा उनलाई निको पार्नुभयो ।

यरीहो शहर घुमेर र चिच्याएर इस्रायलीहरुले प्राप्त गरेका होइनन् । परमप्रभुले यहोशूलाई भन्नुभयो, *" हेर, यरीहो, त्यहाँका राजा र वीर योद्धाहरुसमेत मैले तेरो वशमा पारिदिएको छु ।...त्यस शहरलाई घेरेर एक चोटि घुमेर जाओ"* (यहोशू ६:२,३) । परमेश्वरले तिनीहरुलाई शहर दिनुभयो । परमेश्वरले तिनीहरुलाई भन्नुभए अनुसार तिनीहरु पर्खाल घुमे, पर्खाल घुम्दा तिनीहरुको विश्वास देखिन्थ्यो । अनुग्रहद्धारा विश्वास भएर शहर ढले, तर परमेश्वरले तिनीहरुलाई भन्नुभए अनुसार पर्खाल घुमेपछि मात्र ढल्यो ।

येशूले भन्नुभयो, *" विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ "* (मर्कूस १६:१६) । जब कसैले सुसमाचार सुन्दछ, विश्वास गर्दछ र बप्तिस्मा लिन्छ, त्यसले उद्धारमुक्ति आर्जन हुँदैन् । उद्धार मुक्ति परमेश्वरको वरदान हो । जसले विश्वास गर्छ र बप्तिस्मा लिन्छ, त्यसको उद्धार हुनेछ भन्ने पर मेश्वरको वचनलाई जसले विश्वास गर्छ त्यसपछि उसले लिएको बप्तिस्माले बचाउँछ भनी देखाउँछ । बप्तिस्मा लिन इन्कार गर्नेले अविश्वास देखाउँछ, *" तर बप्तिस्मा नलिने दोषी ठहरिनेछ ।"*

योग्य कर्महरुद्धारा मुक्ति पाइदैनन, त्यस्ता कामहरुद्धारा होइन, जसले हामीलाई घमण्ड गराउँछ (एफिसी २:८,९) । त्यस्ता प्रकारका कामहरुबाट बप्तिस्मालाई अलग गराउँछ । परमेश्वरले हामीलाई बचाउनुहुन्छ, *" हामीले गरेका धार्मिकताका कर्महरुद्धारा होइन् तर पुर्नजीवनको स्नानद्धारा हो"* (तीतस ३:४-६) । बप्तिस्माले हाम्रो विश्वास देखाउँछ (याकूब २:१८), हाम्रो पूर्ण विश्वास देखाउँछ (याकूव २:२२) र हाम्रो विश्वासलाई जीवित, क्रियाशिल, व्यर्थ र मृत विश्वासको सट्टामा प्रभावकारी विश्वास बनाउँछ (याकूव २:२०) ।

यसकारण हामी पूर्ण घेरामा आएका छौ । उत्तर एउटै छ, "किनभने परमेश्वरले त्यस्तै भन्नुभएको छ ।" उहाँले प्रतिज्ञा गर्नुहुन्छ; हामी विश्वास गर्छौ । उहाँले आज्ञा गर्नुहुन्छ; हाम्रो आज्ञा पालनद्धारा हामी हाम्रो विश्वास देखाउँछौं । जब हामी आज्ञा पालन गर्छौ, परमेश्वरले के प्रतिज्ञा गर्नुभएको थियो त्यो दिनुहुनेछ । -o-

# बीस वटा महत्वपूर्ण प्रश्नहरुका बाइबलिय आत्मिक उत्तरहरु

**प्रश्न नं. १. उद्धार पाउन मैले के गर्नु पर्छ?**

- "...जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुने माथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ..." (यूहन्ना ५:२४) ।
- "...प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईले उद्धार पाउनुहुनेछ..." (प्रेरित १६:३१) ।
- "...पश्चात्ताप गर र तिमीहरुको पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३८) ।
- "यदि तिमीहरुले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयले विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ" (रोमी १०:९) ।
- "...सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर । विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ" (मर्कूस १६:१५,१६) ।

**प्रश्न नं. २. हामीले के सुन्नु पर्छ?**

- "...यिनी मेरा प्रिय पुत्र हुन् यिनीसँग म अति प्रसन्न छु यिनको कुरा सुन" (मत्ती १७:५) ।
- "मोशाले भनेका थिए, 'परमप्रभु परमेश्वरले मलाई खडा गर्नुभए जस्तै तिमीहरुका दाज्यु भाइहरुका माझबाट एउटा अगमवक्ता तिमीहरुका निम्ति खडा गर्नुहुनेछ । उहाँले तिमीहरुलाई जे-जे भन्नुहुनेछ ती सबै कुरा तिमीहरुले सुन्नुपर्छ" (प्रेरित ३:२२) ।
- "...कसैले मेरो स्वर सुनेर ढोका खोलिदियो भने...त्यसले मसँग खानेछ" (प्रकाश ३:२०) ।
- "किनकी सुसमाचारसँग म शर्माउदिनँ किनभने विश्वास गर्ने प्रत्येकको मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो; पहिले यहूदीहरुका निम्ति र अन्यजातिहरुका निम्ति पनि" (रोमी १:१६) ।
- "जे सुनिएको छ त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ, त्यो ख्रीष्टको प्रचारबाट आउँछ" (रोमी १०:१७) ।
- "प्राचीन कालमा....तर यी आखिरी दिनहरुमा उहाँ आफ्ना पुत्रद्धारा हामीसँग बोल्नुभएको छ । पुत्रलाई नै सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो..." (हिब्रू १:१,२) ।
- "...स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ" (मत्ती २८:१८) ।

**प्रश्न नं. ३. हामीले के विश्वास गर्ने?**

- प्रेरित १६:३१ र रोमी १०:१७ माथि पढ्नुहोस् ।
- "...यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईले बप्तिस्मा लिन सक्नुहुन्छ, 'तिनले जवाफ दिए, 'येशू खीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु" (प्रेरित ८:३७) ।
- "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नु भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६) ।

## प्रश्न नं. ४. हामीले के स्वीकार गर्ने?

- रोमी १०:९ पढ्नुहोस् ।
- "जसले येशूलाई परमेश्वरका पुत्र हुनुहुन्छ भनी स्वीकार गर्छ, त्यसमा परमेश्वर वास गर्नुहुन्छ, र त्यो चाहिँ परमेश्वरमा" (१ यूहन्ना ४:१५) ।
- "हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू खीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ" (फिलिप्पी २:११) ।
- "यसकारण हरेक जसले मानिसहरुका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताका सामुन्ने स्वीकार गर्नेछु" (मत्ती १०:३२) ।

## प्रश्न नं. ५. किन बप्तिस्मा लिनुपर्छ?

- "...पश्चात्ताप गर, र तिमीहरुको पाप क्षमाको निम्ति प्रत्येकले बप्तिस्मा लेऊ" (प्रेरित २:३८) ।
- "...उठनुहोस्, र बप्तिस्मा लिनुहोस्, र...आफ्ना पाप धुनुहोस्" (प्रेरित २२:१६) ।
- "...तिमीहरु मध्ये जतिको खीष्टमा बप्तिस्मा भयो, तिमीहरु सबैले खीष्टलाई धारण गरेका छौ" (गलाती ३:२७; रोमी ६:३) ।
- १ पत्रुस ३:२०,२१; मर्कूस १६:१५,१६ पनि हेर्नुहोस् ।

## प्रश्न नं. ६. बप्तिस्माले के स्थापना गर्छ?

- "अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले र उनले तिनलाई बप्तिस्मा दिए । तर जव उनीहरु पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानु भयो..." (प्रेरित ८:३८, ३९) ।
- "यसकारण बप्तिस्माद्धारा हामी मृत्युमा उहाँसँगै गाडियौ, ताकि जसरी पिताको महिमाद्धारा खीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिडौं" (रोमी ६:४) ।
- "यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौ" (रोमी ६:५) ।
- "बप्तिस्मामा तिमीहरु उहाँसँग गाडिएका थियौ । मरेकाहरुबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरु पनि उहाँसँगै जीवित पारियौ" (कलस्सी २:१२)

## प्रश्न नं. ७. कुन मण्डलीको सदस्य हुनु पर्छ?

- खीष्टको वचन- "म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्ने छु" (मत्ती १६:१८) ।
- "उहाँ (खीष्ट) शरीर अर्थात मण्डलीको शिर हुनुहुन्छ" (कलस्सी १:१८) ।

- "वास्तविकता चाहिँ ख्रीष्टमा हुन्छ" (कलस्सी २:१७) ।
- पावलले एल्डरहरुलाई परमेश्वरका मण्डलीका गोठाला भनेका छन् (प्रेरित २०:२८) ।
- ख्रीष्टमा सबै मण्डलीहरुले तिमीहरुलाई अभिवादन पठाएका छन् (रोमी १६:१६) ।

## प्रश्न नं. ८. नयाँ करारमा कतिवटा मण्डलीको बारेमा अध्ययन गर्न पाउँछौ? मण्डलीको सदस्य कसरी हुने?

- "शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ– जसरी तिमीहरु बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरुको बोलावटसंग गाभिएको छ– एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि सबैका मध्य र सबैमा हुनुहुन्छ" (एफिसी ४:४-६) ।
- "त्यसरी नै हामी जो धेरै छौ, हामी पनि ख्रीष्टमा एउटै शरीर हौ..." (रोमी १२:५) ।
- "उद्धार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो" (प्रेरित २:४७) ।
- "...कोही पानी र आत्माद्धारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न पाउँदैन" (यूहन्ना ३:५) ।

## प्रश्न नं. ९. ख्रीष्टलाई पछ्याउनेहरुलाई के भनिन्छ?

- "...चेलाहरुलाई पहिलो पटक एन्टिओखियामा नै ख्रीष्टियान भनिए" (प्रेरित ११:२६) ।
- "तर कसैले ख्रीष्टियान भएको कारण दुःख भोग्दछ भनेता उसले लाज नमानोस्, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा दिओस्" (१ पत्रुस ४:१६) ।
- "रोममा भएका तिमीहरु सबै, परमेश्वरका प्रियहरु जो सन्त हुनलाई बोलाइएका छौ" (रोमी १:७) ।
- "ख्रीष्टमा भएका कलस्सेका सन्तहरु र विश्वासी भाइहरुलाई" (कलस्सी १:२) ।

## प्रश्न नं. १०. ख्रीष्टियानहरुले कसरी आराधना गर्ने?

- "परमेश्वर आत्मा हुनुहुन्छ, उहाँका आराधकहरुले आत्मा र सत्यतामा आराधना गर्नु पर्छ" (यूहन्ना ४:२४) ।

  अन्य कुराहरु तल क्रमश छ वटा प्रश्नहरुमा दिएका छन् ।

## प्रश्न नं. ११. के सिकाउने (प्रचार गर्ने)?

- "वचन प्रचार गर..." (२ तिमोथी ४:२) ।
- "...यी नै येशू जसको सुसमाचार म तपाईहरुलाई सुनाउँछु, उहाँ नै ख्रीष्ट हुनुहुन्छ..." (प्रेरित १७:३) ।
- "तब फिलिपले आफ्ना मुख खोलेर धर्मशास्त्रको यसै खण्डबाट तिनलाई येशूको सुसमाचार सुनाए" (प्रेरित ८:३५) ।
- "...सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर" (मर्कूस १६:१५) ।
- "...यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ...मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ" (मत्ती २८:१९,२०) ।

- "...यी कर्तव्यहरु पालन गर्न सिकाऊ र आग्रह गर" (१ तिमोथी ६:२) ।
- "हामीले (प्रेरितहरु) प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गऱ्यो भने पनि त्यो श्रापित होस्" (गलाती १:८) ।

**प्रश्न नं. १२. नयाँ करारमा कस्तो किसिमको संगीतको आज्ञा गरिएको छ? यो संगीतको उद्देश्य के हो?**

- "के कोही आनन्दित छ? त्यसले प्रसंसाको भजन गाओस्" (याकूब ५:१३) ।
- "एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानामा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै" (एफिसी ५:१९) ।
- "पूरा बुद्धिमानी साथ एउटाले अर्कालाई सिकाओ, र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ" (कलस्सी ३:१६) ।

**प्रश्न नं. १३. नयाँ नियममा प्रार्थना सम्वन्धी कस्तो शिक्षा पाइन्छ?**

- "निरन्तर प्रार्थना गरिरहो । सबै परिस्थितिमा धन्यवाद देओ, किनकि ख्रीष्ट येशूमा तिमीहरुका लागि परमेश्वरको इच्छा यही हो" (१ थेसलोनिकी ५:१७,१८) ।
- "यसकारण सबै ठाउँमा पुरुषहरुले पवित्र हात उठाएर विनाक्रोध र विनाविवाद प्रार्थना गरुन् भन्ने म चाहन्छु" (१ तिमोथी २:८) ।
- "यसकारण तिमीहरु एउटाले अर्कासंग आ-आफ्ना पाप स्वीकार गर । तिमीहरु निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ" (याकूव ५:१६) ।
- "सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरुका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ति र धन्यवाद चढाइऊन । राजाहरु र सबै उच्च पदमा भएकाहरुका निम्ति पनि..." (१ तिमोथी २:१,२) ।
- "सधैं सबै कुराका निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढाओ" (एफिसी ५:२०) ।

**प्रश्न नं. १४. ख्रीष्टियानले आफ्नो इच्छा अनुसारको भेटी हाल्नु भनेर कुन पदले भन्दछ?**

- "प्रत्येक हप्ताको पहिलो दिन तिमीहरु हरेकले आ-आफ्नो कमाइ अनुसार केही धन छुट्टयाएर जम्मा गर्दै राख्नू..." (१कोरिन्थी १६:२) ।
- "अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम दिओस्, इच्छा नभई होइन्, नता करकापमा परेर । किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ" (२ कोरिन्थी ९:७) ।
- "...दान दिनेले उद्धार-चित्तले दिओस्" (रोमी १२:८) ।

**प्रश्न नं. १५. कसरी र कुन उद्देश्यको लागी ख्रीष्टियानहरु निरन्तर भेट गर्नु पर्छ?**

- "...सङ्गतिमा एकसाथ भेला हुन नछोडौं" (हिब्रू १०:२५) ।
- "हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं..." (प्रेरित २०:७) ।

**प्रश्न नं. १६. ख्रीष्टियानहरुलाई रोटी भाँच्नको निम्ति के सल्लाह दिएको पाइन्छ?**

- १ कोरिन्थी ११ अध्यायको सम्पूर्ण पदहरु

पद २५- "...जहिले-जहिले तिमीहरु यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर ।"

पद २६- "किनभने जहिले-जहिले तिमीहरु यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउन्जेल तिमीहरु प्रभुका मृत्युको घोषणा गर्दछौ ।"

पद २७- "यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ ।"

पद २८- "हरेक मानिसले आफूलाई जाँचोस अनि मात्र त्यसले रोटी खाओस् र कचौराबाट पिओस् ।"

पद २९- "किनकि प्रभुको शरीरलाई नचिनीकन जसले खान्छ र पिउँछ,, त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउने छ" ।

**प्रश्न नं. १७. के ख्रीष्टियानले पाप गर्न सक्छ? यदि यसो हो भने उसले के गर्नु पर्छ?**

- "किनकि हामी सबै धेरै भुल गर्दछौ" (याकूव ३:२) ।
- "यदि हामीमा पाप छैन भनी हामी भन्छौ भनेता हामीले आफैलाई धोखा दिन्छौ र हामीमा सत्य हुँदैन्" (१ यूहन्ना १:८) ।
- "यदि हामीले पाप गरेका छैन भनी हामी भन्छौ भने हामी उहाँलाई झुटा तुल्याउँछौ र उहाँको वचन हामीमा हुँदैन" (१ यूहन्ना १:१०) ।
- यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौ भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नु हुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ" (१ यूहन्ना १:९) ।
- "...तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एकजना हुनुहुन्छ, अर्थात धार्मिक येशू ख्रीष्ट" (१ यूहन्ना २:१) ।
- "यसकारण तेरो आफ्ना यस दुष्टताको निम्ति पश्चाताप गर, अनि प्रभुमा प्रार्थना चढा, र शायद तेरो हृदयको यस्तो विचार क्षमा होला" (प्रेरित ८:२२) ।

**प्रश्न नं. १८. कुन धर्मशास्त्रका पदहरुले ख्रीष्टियानहरुलाई परमेश्वरमा ग्रहण योग्य तरीकाले जीउन सहायता गर्छ?**

- "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरु आत्मिक उपासनाको रुपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर" (रोमी १२:१) ।
- "यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रुपले परिवर्तिन होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरुले जाँच्न सक" (रोमी १२:२) ।
- "यदि तिमीहरु ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरुको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ" (कलस्सी ३:१) ।
- "आफूलाई पवित्र राख" (१ तिमोथी ५:२२) ।
- "यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो । प्रभुको काममा सधैं बढ्दै जाओ । किनकि तिमीहरु जान्दछौ, कि प्रभुमा तिमीहरुको परिश्रम व्यर्थ हुँदैन"

(१ कोरिन्थी १५:५८) ।
- "तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र पाप स्वभावको अभिलाषा पुरा गर्ने कुरामा ध्यान नदेओ" (रोमी १३:१४) ।
- "यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरुलाई आग्रहपूर्वक विन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरु बोलाइएका छौ त्यही योग्यको जीवनयापन गर" (एफिसी ४:१) ।
- "भलाई गर्ने काममा हामी नथाकौ, किनभने यदि हिम्मत हारेनौ भने ठीक समयमा हामी कटनी गर्नेछौ" (गलाती ६:९) ।
- "प्रिय हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ति गर्दछु, कि विदेशी र प्रवासीहरु हौ भनी जानेर तिमीहरुका आत्माको विरुद्धमा लडाई गर्न शारीरिक अभिलाषाहरु बाट अलग रहो" (१ पत्रुस २:११) ।

**प्रश्न नं. १९. ख्रीष्टियनहरु आफ्नो संगी साथीहरुप्रति कस्तो उत्तरदायित्व हुन्छ?**
- "यसकारण मौका पाए अनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरुको, जो हाम्रो विश्वासका परिवारका हुन्" (गलाती ६:१०) ।
- "कसैले पनि आफ्नो भलाइ नखोजोस्, तर आफ्नो छिमेकीको भलाइ खोजोस्" (१ कोरिन्थी १०:२४) ।
- "यसरी नै तिमीहरुको ज्योति मानिसहरुका सामुन्ने चम्कोस्, र तिनीहरुले तिमीहरुका सुकर्म देखुन् र स्वर्गमा हुनुहुने तिमीहरुका पिताको महिमा गरुन्" (मत्ती ५:१६) ।
- "प्रभुको खातिर मानिसको हरेक शासनको अधिनमा बस्, चाहे त्यो सर्वोच्च राजाको होस्" (१ पत्रुस २:१३) ।
- "यसकारण जे कैसरका हुन्, ती कैसरलाई देओ र जे परमेश्वरका हुन् ती परमेश्वरलाई देओ" (मत्ती २२:२१) ।
- "ताकि बाहिरकाहरुद्धारा आदर पाउन सक्..." (१ थेसलोनिकी ४:१२) ।

**प्रश्न नं. २०. ख्रीष्टियनहरुलाई परमेश्वरको वचनले के प्रतिज्ञा गरेको छ?**
- "यसकारण परमेश्वरका जनहरुका निम्ति शबाथको विश्राम बाँकी नै छ" (हिब्रू ४:९) ।
- "...मृत्यु सम्मै विश्वासी होओ, म तिमीलाई जीवनको मुकुट दिनेछु" (प्रकाश २:१०) ।
- "...ठाउँ तयार पार्न म गइरहेछु र अनि गएर मैले ठाँउ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरुलाई मकहाँ लैजानेछु र जहाँ म छु, त्यहाँ तिमीहरु पनि हुने छौ" (यूहन्ना १४:२,३) ।

"अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताका न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनुहुनेछ, र मलाई मात्र होइन् तर उहाँको पुनरागमन प्रिय मान्नेहरु सबैलाई दिनुहुनेछ" (२ तिमोथी ४:८) ।

-o-

# पदको खोजी - जवाफ


(१) हुन्न ।
(२) प्रेमको आत्मामा न्यानो सङ्गतीको निम्ति स्वागत गर्ने ।
(३) मासु खानु गलत हो भन्नेहरु ।
(४) परमेश्वर ।
(५) होइन् (गलाती ४:१०; कलस्सी २:१६)
(६) छैन ।
(७) परमेश्वर
(८) ताकि उहाँ मृतक र जीवित दुवैको प्रभु हुन सकून् ।€
(९) तिनीहरु नैतिकरुपमा खुकुलो छ र वास्तविकमा खीष्टियन होइनन् भनी सोचेर ।
(१०) तिनीहरुप्रति तिरस्कारको स्वभाव देखाएर ।
(११) खीष्ट ।
(१२) यशैया ४५:२३ ।
(१३) किनभने त्यतिवेला धेरै नै ढिला भैसकेको हुन्छ ।
(१४) अरु कसैको वाटोमा ठेस लाग्ने कुरो अथवा बाधा पार्ने कुरो कहिल्यै नराख्ने ।

## ५ मिनेट बाइबल अध्ययन

(१) कष्ट-भोग, धैर्यका, प्रभुको
(२) प्रभु येशू, अगमवक्ताहरुलाई, अप्रशन्न
(३) नदेख, ठीक
(४) मुख उखेल्न, नाश गर्न
(५) ग्रहण, इनाम
(६) अगमवाणीहरु, भाषाहरु

**थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गनुहोस्:**

नेपाल बाइबल अध्ययन केन्द्र, चापागाँउ ख्रीष्टको मण्डली




# सत्यवाणी नेपाल

## नेपाल बाइबल अध्ययन केन्द्र

सेराफाँट, चापागाउँ, गोदावरी न.पा.-११
ललितपुर, नेपाल
पो.ब.नं. २५९९९